CC-0. In Public Domain. Digitization by eGangotri

कालचक्रको ज्यौतिषभाग

र

त्यसको विवेचना

(पहिलो भाग)

प्रा. नयराज पन्त

सहप्रा. दिनेशराज पन्त

महेन्द्रसंस्कृतविश्वविद्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महेन्द्रसंस्कृतविश्वविद्यालयग्रन्थमालाको प्रथम पुष्प

कालचक्रको ज्यौतिषभाग
र
त्यसको विवेचना

(पहिलो भाग)

सम्पादक–
प्रा. नयराज पन्त
सहप्रा. दिनेशराज पन्त

प्रकाशक–
महेन्द्रसंस्कृतविश्वविद्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक–

महेन्द्रसंस्कृतविश्वविद्यालय

वेलझुण्डी, दाङ

प्रथम संस्करण ५०० प्रति

वि. सं. २०४४ पौष १४ गते (ई. सं. १९८७ डिसेम्वर २९)

मूल्य– [illegible]

मुद्रक–

इन्दु छापाखाना

ललितपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समर्पण

अर्कालाई बलैले पददलित गरी
बोल्न रोक्ने मनुष्य
केही हुन्छन्, तिनैको अतिशय हठले
लोकमा ग्रन्थरत्न ।
धेरै धेरै हराए, तर पनि जसले
कष्ट धेरै सहेर
यो जोगाए, तिनैको स्मरणमय बनोस्
दीर्घ मेरो प्रयत्न ।।

— नयराज पन्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चाशदधिकसप्तशत (७५५) मिते वत्सरे बभूव । इत्थं कालचक्रानुसारं भगवतो बुद्धस्य प्रादुर्भावकाल इतोऽष्टाविंशतिशतवत्सरपूर्वो भवति ।

कालचक्रे मुसलमानानां विषय इतस्ततो बहु लिखितं वर्तते । तत्र मुसलमानानां हिजरीसंवत्सरो म्लेच्छसंवत्सरनाम्ना व्यपदिश्यते । द्विषष्ट्यधिकाष्टशत (८६२) मिताद् वैक्रमाब्दात् कालचक्रस्य गणना प्रारभ्यते, अतस्तदनन्तरं तस्य रचना बभूवेति स्फुटीभवति ।

एतादृशैर्विषयैर्विशिष्टस्य कालचक्रतन्त्रस्य ज्यौतिषभागस्य सम्पादनं भवत्विति धिया त्रिभुवनविश्वविद्यालयान्तर्गतस्य संस्कृताध्ययनसंस्थानस्याऽऽयोजनायां कालचक्रस्य ज्यौतिषभागस्य सम्पादनं कारितम् । तत् सम्पादनकार्यं ज्योतिर्विदां वरेण्येनाऽहर्निशं शास्त्रानुसन्धानपरायणेन प्राज्ञेन पण्डितप्रवरेण प्राध्यापकेन श्रीनयराजपन्तमहोदयेन तत्सूनुनाऽनुसन्धानावहितचेतसा सहप्राध्यापकेन श्रीदिनेशराजपन्तमहोदयेन च संभूय कृतम् । सम्पादितं तदेव पुस्तकमधुना प्रकाश्यमानं वर्तते । विमलप्रभाटीकायुतस्य कालचक्रस्य ज्यौतिषभागः, कालचक्रानुसारि गणितम्, कालचक्रस्य ज्यौतिषभागस्य विषये नेपालीभाषायां रचिता निबन्धाश्चाऽस्मिन् पुस्तके वर्तन्ते । कालचक्रतन्त्रे बहवोऽपाणिनीयाः प्रयोगा लभ्यन्ते, तथैव तस्य रचनाशैल्या तदीयो भावोऽपि दुरूहो वर्तत इति श्रीनयराजपन्तमहोदयेन रचितस्य प्रतिसंस्कृतरूपस्य मुद्रणमप्यस्मिन् पुस्तके व्यधायि ।

एतस्मिन् पुस्तके बहुकालपूर्वं संस्कृताध्ययनसंस्थानेन मुद्रणार्थं प्रेषितेऽपि बहुतिथः समयो व्यतीयाय । अधुना तस्य प्रकाशनं महेन्द्रसंस्कृतविश्वविद्यालयग्रन्थमालायाः प्रथमपुष्पत्वेन क्रियते । अस्य पुस्तकस्य परीक्षां विद्वांसः करिष्यन्तीत्याशां कुर्वन्नधुना विरमामि । शम्

२०४४ वैक्रमाब्दे सौरेण मार्गमासस्य प्रथमे दिवसे भौमवासरे

— प्रा. डा. हरिदेवमिश्रः
महेन्द्रसंस्कृतविश्वविद्यालयस्योपकुलपतिः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषयसूची

	पृष्ठ
समर्पण	
प्रकाशकस्य वक्तव्यम्	
प्रस्तावना	अ–ऋ
भूमिका	ॠ–अं
कालचक्रअनुसार बुद्धले धर्मप्रचार गर्न थालेको काल	क–ख
कालचक्रले उल्लेख गरेको देशको अक्षांश तथा दिनमान	ख–ण
कालचक्रको दिनमान ल्याउने पद्धतिसँग	
वेदाङ्गज्यौतिषको दिनमान ल्याउने पद्धतिको तुलना	ण–श
ग्रहणको विषयमा कालचक्रको विचार	श–ह
कालचक्रनामक बौद्ध तन्त्रग्रन्थको ज्योतिषभाग र	
त्यसको टीका विमलप्रभा	१–५३
ताडपत्रमा लेखिएको कालचक्रानुसारि गणित	५५–७६
ताडपत्रमा लेखिएको कालचक्रानुसारि गणितको चित्र	
१ सौरवर्षको मान	७९–१०३
ग्रहका मन्दोच्च	१०४–१२१
ग्रहका मध्यम गतिको विषयमा	१२२–१८०
कालचक्रको ज्योतिषभागको मूल तथा प्रतिसंस्कृत पाठ	१–५६
यो पुस्तक तयार पार्दा उपयोग गरिएका पुस्तक तथा निबन्धहरू	५७–६२
शुद्धिपत्र	६३–७०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तावना

भपञ्जरस्य भ्रमणावलोका-
दाधारशून्या कुरिति प्रतीतिः ।
खस्थं न दृष्टं च गुरु क्षमाऽऽतः
खेऽधः प्रयातीति वदन्ति बौद्धाः ॥७॥

भूमेः समन्ताद् वर्तमानस्य भपञ्जरस्य भ्रमणान्यथानुपपत्त्या निराधारा भूरिति तेषां प्रतीतिरभूत् । तथाऽऽकाशस्थं गुरु वस्तु किमपि न दृष्टम् । अतो भूरधोधो यातीति बौद्धा वदन्ति । यथा नौस्थो नावं गच्छन्तीमपि न वेत्ति तथा भूस्थो जनो न वेत्तीति ।
(सिद्धान्तशिरोमणि भुवनकोश)

[सूर्य, चन्द्रमा, ताराहरू पूर्वमा उदाई पश्चिममा अस्ताई भोलिपल्ट फेरि पूर्वमा उदाउन आइपुग्छन् । यस कारण पृथ्वीको आधार केही छैन भन्ने कुरो सिद्ध हुन्छ । परन्तु गह्रुङ्गो वस्तु आकाशमा अड्न सक्तैन, यो कुरो पनि प्रत्यक्ष छ । यस कारण आकाशमा पृथ्वी तल तल खसिरहेको छ भनी बौद्धहरू भन्छन् । जसरी नाउमा चढी जान लागेको मनुष्यले नाउको गति थाहा पाउँदैन, त्यसै गरी पृथ्वीमा बसेको मनुष्यले पृथ्वीको गति थाहा नपाएको हो भन्ने बौद्धहरूको भनाइ छ ।]

वि. सं. १९९१ मा आफ्नो २१ वर्षको उमेरमा मैले सिद्धान्तशिरोमणि पढेको हुँ । त्यसै वेलादेखि बौद्धहरू ग्रहसंस्थानको विषयमा कस्तो विचार राख्ता रहेछन् भन्ने कुरा मेरो मनमा वारंवार उठ्न लाग्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पण्डित सुधाकर द्विवेदीले आफ्नो गणित का इतिहासमा तलका वाक्य लेखेका छन्—

दूसरे देश के लोग कहते हैं कि संस्कृत पाटी में बहुत बीजगणित के प्रश्नों के उत्तर निकालने के लिये एक गणित 'द्वीष्टकर्म' है पर आज तक संस्कृत के जितने पाटीगणित मिले हैं किसी में 'द्वीष्टकर्म' नहीं है। शायद बौद्धों के अंकगणित में हो तो हो।

(वि. सं. १९६७ मा काशीको प्राभाकरी प्रिण्टिङ्ग वर्क्समा छापिएको सुधाकर द्विवेदीको गणित का इतिहास १ भागको १२६ पृ.)

[संस्कृतपाटीगणितमा बीजगणितका विभिन्न प्रश्नको उत्तर निकाल्नको लागि द्वीष्टकर्म नामको रीति छ भनेर अरू देशका मानिस भन्छन्। तर आजसम्म संस्कृतका जति पनि पाटीगणितका पुस्तक पाइएका छन्, तिनमा द्वीष्टकर्म छैन। बौद्धहरूको पाटीगणितमा छ कि ?]

यतावाट बौद्धहरूको गणितको विषयमा पनि मलाई जान्ने इच्छा भयो।

जैनहरूका गणितका पुस्तक प्रकाशित भएका छन्। तिनमध्ये केही मैले देखेको छु, केहीको बारेमा सुनेकोसम्म छु।[१] परन्तु बौद्धहरूको गणितको

---

१. जैनहरूको प्राचीन ज्योतिषशास्त्रको पुस्तक सूर्यप्रज्ञप्तिको केही भागको उद्धरण छापिएको छ। (वि. सं. १९९२ मा मैसूरको राजकीय मुद्रणालयमा मुद्रित शामशास्त्रीद्वारा सम्पादित वेदाङ्गज्योतिषको संस्कृतभागका ५, ७, ८, १३ पृ.)

जैनसम्प्रदायका अनुयायी महावीरले वि. सं. ९१० तिर बनाएको गणितसारसङ्ग्रहनाउँको पुस्तक प्रकाशित भएको छ (वि. सं. २०१४ मा उत्तरप्रदेशको प्रकाशन ब्यूरो सूचनाविभागद्वारा प्रकाशित, शङ्कर वालकृष्ण दीक्षितद्वारा रचित, शिवनाथ झारखण्डीद्वारा अनूदित भारतीय ज्योतिषको ३१७ पृ., वि. सं. २०१३ मा उत्तरप्रदेशको प्रकाशन ब्यूरोद्वारा प्रकाशित, विभूतिभूषण दत्त र अवधेश नारायण सिंहद्वारा रचित, कृपाशंकर शुक्लद्वारा अनूदित हिन्दू गणितशास्त्र का इतिहासको २३४ पृ.)। वि. सं. २०२४ मा देवराज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुस्तकको विषयमा मैले देख्न सुन्न पाएको थिइनँ। मुसलमानको आक्रमण भारतमा नहुञ्जेल भारतमा बौद्धहरू छ्यापछ्यापती थिए, मुसलमानले बौद्धहरूलाई सखाप पारे भन्ने कुरा पनि मैले त्यस वेला इतिहासका पुस्तकबाट थाहा पाएको थिएँ।

बौद्धका धेरै ग्रन्थ नेपालमा पाइएका छन्। त्यसैबाट बाहिरिया संसारले बौद्धधर्मका महायान र वज्रयानको प्रामाणिक ज्ञान पाएको हो भन्ने कुरा पनि मैले बिस्तारै थाहा पाएँ।

बौद्धका गणितका पुस्तक खोज्नुपर्छ भन्ने विचार मेरो मनमा खेल्न लाग्यो। तर यस विषयमा केही काम गर्न मैले सकिनँ। लक्ष्मीपतिसङ्ग्रहमा बुद्धस्तोत्रको एउटा सानो पुस्तकबाहेक बौद्धविषयको अर्को पुस्तक छैन। नेपालका पुस्तकालय नेपालीका लागि बन्द नै थिए।[२]

वैद्य जीवमङ्गल वज्राचार्यसँग रोगीको रूपमा मेरो सम्बन्ध थियो।

पौडेलले मेरो अनुरोधमा काशीको पुस्तकालयबाट मुद्रित गणितसारसङ्ग्रहको मूल भागको प्रतिलिपि (टाइप) गरी पठाइदिए। त्यसको लागि खर्च रु. ५०।– पऱ्यो, सो मैले बुझाएँ। जैन संस्कृति संरक्षक संघ सोलापुरबाट प्रकाशित लक्ष्मीचन्द्र जैनद्वारा सम्पादित हिन्दी अनुवादसहितको गणितसारसंग्रह वि. सं. २०२० मा प्रकाशित भएको रहेछ। सो मैले वि. सं. २०३७ ज्येष्ठमा किनें।

वि. सं. १०९६ तिरका श्रीपतिले गणिततिलकनामक ग्रन्थ बनाएका छन्। जैनसम्प्रदायका अनुयायी सिंहतिलक सूरिले बनाएको टीकासहित गणिततिलक प्रकाशित भएको छ (वि. सं. १९९४ मा बरोदाको ओरिइन्टल इन्स्टिट्युटद्वारा प्रकाशित, हीरालाल कापडियाद्वारा सम्पादित)। त्यस ग्रन्थको उपोद्घातमा सम्पादकले गणितशास्त्रका धेरै जैन आचार्यहरूको विषयमा लेखेका छन्। (५–११ पृ.)

२. विदेशका पण्डितवर्गखातिर खुला रहन्थे सब पुस्तकालय,
स्वदेशका पण्डितवर्गखातिर भने थिए नित्य कपाटसंवृत ॥१२॥

(वि. सं. २०२९ मा काठमाडौंबाट संशोधन–मण्डलद्वारा प्रकाशित पूर्णिमा २७ अङ्कमा छापिएको विद्वत्पूजा भन्ने मेरो निबन्ध, सो अङ्कको १३४ पृ.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उनै वैद्यका सहायताबाट मैले प्राचीन लिपिका प्रतिलिपि पाएको थिएँ। उनै वैद्यसँग बौद्धहरूको गणितको विषयमा कुरा गरेँ, आजभोलि त्यस्तो चलन छैन भन्ने जवाफ पाएँ।

जीवमङ्गलको स्वर्गवास भएपछि वैद्य दिव्यवज्र वज्राचार्यसँग मेरो सम्बन्ध बढ्दै गयो। दिव्यवज्रसँग पनि मैले बौद्धगणितविषयका पुस्तक हेर्ने इच्छा प्रकट गरेँ। दिव्यवज्रले म खोजुँला भन्नुभयो र कालचक्रको लेखोट पुस्तक ल्याइदिनुभयो। त्यो पुस्तक हेरेँ। कालचक्रमा गणितविषयका कुरा पनि केही रहेछन्। कालचक्रको १ प्रति आफ्नो लागि सार्न लाउने इच्छा मैले गरेँ। दिव्यवज्रले पाटनका पं. रत्नबहादुर वज्राचार्यद्वारा सो पुस्तक सार्न लाइदिनुभयो। सार्ने खर्च रु. ७२।- पर्‍यो, सो मैले बुझाएँ। सोही कालचक्रको पुस्तक मसँग छ। सो पुस्तक मैले वि. सं. २००३ मा सार्न लाएको हुँ।

कालचक्रको सो पुस्तक लिई रानीपोखरीपाठशालामा जान लागेँ। पढाई फुर्सद रहेको समयमा सो हेर्न लागेँ। एक दिन पण्डितमण्डलीमा मेरो हातमा रहेको वासामा बाँधिएको सो पुस्तकको सामान्य चर्चा भयो। श्रीगुरु पण्डितवर सोमनाथ सिग्द्यालले सो पुस्तक लिई केही वेर बाँची सुनाउनुभयो र वज्रयानको प्रामाणिक ग्रन्थ यो हो, हेर्नु बेसै छ भन्नुभयो। अरू पण्डितजीहरू-बाट विशेष कुरा केही भएन। खरीदार बाबुराम आचार्यसँग मैले सो पुस्तकको विषयमा चर्चा गरेँ। अघि आँखा नबिग्रँदै मैले माहिला गुरुज्यूकहाँ यो पुस्तक एकपल्ट वाँचिथेँ भनी उहाँले भन्नुभयो। विशेष कुरो केही आएन। काश्यपसंहिताको गुरुज्यू हेमराज (माहिला गुरुज्यू) ले लेख्नुभएको उपोद्‌घातको १८९ पृष्ठमा (वि. सं. १९९५ मा बम्बईबाट प्रकाशित) बुद्धको निर्वाण भएपछि उनका उपदेशको धेरै थरी भाषामा अनुवाद भयो भन्ने कालचक्रको विमलप्रभाटीकाको उद्धरण दिइएको छ। एकपल्ट हेम-राजसँग मैले कालचक्रको विषयमा चर्चा गरेँ। त्यसमा ज्यौतिषको विषय पनि छ, तिमीले हेर्नु बढिया छ भनी उहाँले भन्नुभयो। यो पुस्तक सार्न लाएको छु भनी मैले भनेँ। म तिमीलाई दिन्थेँ, किन सार्न लायौ त भनी उहाँले भन्नुभयो। विशेष काम केही भएन।

कालचक्रानुसारि गणित भन्ने ताडपत्रमा प्राचीन नेवारी लिपिले लेखिएको पुस्तक हेमराजको पुस्तकालयबाट (नेपाल राष्ट्रिय पुस्तकालय १५२ सङ्ख्या) नेपाल राष्ट्रिय अभिलेखालयमा आएको रहेछ। सो पुस्तकको फोटो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल राष्ट्रिय अभिलेखालयबाट वि. सं. २०३४ मा रु. ४८।– तिरी दिनेशराजले ल्याए। त्यसबाट देवनागरीमा प्रतिलिपि दिनेशराजले गरे।

कालचक्रको ज्यौतिषभागको तथा कालचक्रानुसारि गणितको अनुशीलन गर्दा यो ग्रन्थ ज्यौतिषशास्त्रको सिद्धान्तलाई प्रतिपादन गर्ने मुख्य उद्देश्य लिई बनेको होइन, किन्तु पुरोहितहरूलाई आफ्नो कर्मकाण्ड चलाउनाका लागि तिथि नक्षत्रहरूको निर्णय गर्न बनेको पुस्तक हो भन्ने देखिन्छ अर्थात् यो पुस्तक पञ्चाङ्ग बनाउन उपयुक्त हुने गरी लेखिएको करणग्रन्थ हो। यसमा उपपत्तिभाग छैन। जसरी भास्वती, सिद्धान्तसारणी आदि प्रचलित ग्रन्थबाट मानिसहरू पञ्चाङ्ग बनाउँछन्, त्यस्तै पञ्चाङ्ग बनाउन बनेको पुस्तक यो हो। परन्तु उपपत्ति नभई गणितको पुस्तक विद्वद्ग्राह्य हुन सक्तैन। यस कारण यसको उपपत्ति हाल्न सकेसम्म परिश्रम गरिएको छ। चलनचलतीमा नरहेको वा आफूले परम्पराबाट हस्तक्रिया सिक्न नपाएको गणितको पुस्तकको उपपत्ति दिनु पनि परिश्रमसाध्य हुन्छ। यस कारण यसमा हामीलाई निकै परिश्रम गर्नुपरेको छ।

मुसलमानधर्म निस्केपछि सो धर्मका अनुयायीहरूले अरू धर्मलाई समूल नष्ट पारी आफ्नो धर्म फैलाउँदै लगे। मुसलमानधर्मको प्रादुर्भाव भएको १८२ वर्षपछिको वर्षलाई आरम्भवर्ष मानी यहाँ गणित उठाइएको छ (प्रथम पटलको २७ श्लोक)। यो ग्रन्थ लेख्नेको मनमा मुसलमानधर्मको आतङ्क परेको छ।

हामीहरूको परम्परामा विशेष गरी धार्मिक परम्परामा नयाँ कुरोलाई मान्यता नदिई पुरानो कुरोलाई मात्र मान्यता दिने प्रवृत्ति प्रायः चलेको छ। त्यही प्रवृत्तिअनुसार यो ग्रन्थ पनि लेखिएको छ। यस कारण घटिसकेका घटनालाई भविष्यत्कालको रूपमा लेख्ने हाम्रा भविष्यपुराणहरूको शैलीमा यो पनि लेखिएको छ (प्रथम पटलको २६ श्लोक)।

कालचक्रको ज्यौतिषभागको विवेचना गरी लेखिएको यस ग्रन्थमा कालचक्रको ज्यौतिषभागको विषयमा विस्तृत रूपमा लेखिएको छ, साथै कालचक्रको ज्यौतिषभागको मूल पाठ, त्यसको विमलप्रभाटीका र कालचक्रानुसारि गणितको मूल पाठ पनि राखिएको छ।

यो सम्पादनकार्य दिनेशराज पन्तको सहायता लिई मैले गरेको हुँ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसको सम्पादनको व्यवस्था त्रिभुवनविश्वविद्यालय संस्कृतअध्ययन-संस्थानका तात्कालिक अध्यक्ष पण्डित (हाल बडागुरुज्यू) श्रीअम्बिकाप्रसाद अधिकारीको सहायताले भएको हो र यो पुस्तक प्रेसमा पठाउने काम संस्कृतअध्ययनसंस्थानका तात्कालिक अध्यक्ष पण्डित श्रीतोयनाथ पाण्डेयको सहायताले भएको हो।

प्रेसमा गएको धेरै कालसम्म पनि पुस्तकप्रकाशन अघि बढ्न नसकेकोले कालचक्रको ज्यौतिषभागको मूल पाठ र त्यसको विमलप्रभा टीका, कालचक्रानुसारि गणितको मूल पाठ, १ सौरवर्षको मान, ग्रहका मन्दोच्च, ग्रहका मध्यम गतिको विषयमा तुलनात्मक ढङ्गले कालचक्रको उपपत्तिमय यो पहिलो भाग अहिले प्रकाश गरिएको छ, साथै कालचक्रानुसारि गणितको चित्र पनि छापिएको छ। अरू अंश दोस्रो भागको रूपमा प्रकाशित गरिनेछन्।

कालचक्र कुन किसिमको ग्रन्थ हो, त्यसका रचयिताको आधार के थियो भन्ने कुरा यस ग्रन्थमा परेका माथि उल्लेख गरिएका भाग हेरे गणितज्ञ विद्वान्हरू बुझ्न सक्छन्। तर गणितज्ञहरूका लागि सो विषय उपयुक्त भए तापनि गणितमा विशेष रुचि नभएका जिज्ञासुहरूलाई ती विषय विशेष उपयुक्त हुँदैनन्। यस कारण कालचक्रअनुसार बुद्धले धर्मप्रचार गर्न थालेको काल, कालचक्रले उल्लेख गरेको देशको अक्षांश तथा दिनमान, कालचक्रको दिनमान ल्याउने पद्धतिसँग वेदाङ्गज्यौतिषको दिनमान ल्याउने पद्धतिको तुलना, ग्रहणको विषयमा कालचक्रको विचारनामक चार निबन्ध पनि यहाँ हालिएका छन्। यी निबन्धलाई जिज्ञासुहरूले गढेर पढिदिए भने कालचक्रको ज्यौतिषभागको वास्तव रूपको केही झलक उनीहरूको मनमा चढ्न सक्नेछ भन्ने मलाई आशा छ।

कालचक्रको ज्यौतिषभागको विषयमा विद्वान्हरूले सोपपत्तिक ग्रन्थ लेखेको मलाई थाहा छैन। कालचक्रको ज्यौतिषभागको उपपत्ति प्रकाश गर्न नै मैले यस काममा हात हालेको हुँ। यसै कारणले कालचक्रको रीतिको विभिन्न ग्रन्थका रीतिसँग तुलना गरी ग्रन्थ तयार गरिएको छ। कालचक्रको संस्कृत व्याकरणका नियमसँग राम्रो मिल्दैन। व्याकरणले नै संस्कृत भाषाको वास्तव अर्थको परम्परा रक्षा गर्न सक्छ भन्ने भास्करको विचारले म अत्यन्त प्रभावित भएको छु। यस कुरालाई मैले धेरै ठाउँमा लेखिसकेको छु। यस कारण कालचक्रको ज्यौतिषभागका श्लोकका मैले प्रतिसंस्कृत रूपका श्लोक बनाएको छु। ती श्लोक यहाँ प्रकाश गरिएका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो पुस्तक अहिले महेन्द्रसंस्कृतविश्वविद्यालयका उपकुलपति प्रा. डा. श्रीहरिदेव मिश्र, शिक्षाध्यक्ष प्रा. श्रीविद्यानाथ उपाध्याय र कुलसचिव श्रीकेशव 'दीपक' शर्माको सहायताबाट प्रकाश हुन लागेको छ।

प्रूफ पढ्ने काम र अरू विषयको सल्लाह दिने काम महेशराज पन्तबाट भएको छ।

यो पुस्तक छाप्ने काममा चाख मानी उपप्रा. श्रीसामनाथ पौडेलले सहयोग गरिदिएका छन्, प्रूफ पढ्ने काममा अलिकता सहयोग श्रीमनोज राजोपाध्याय तथा मीमांसा पन्तबाट भएको छ।

यस पुस्तकको प्रकाशनमा सहायता गर्ने माथि नाम परेका सबैलाई धन्यवाद छ।

थालेको पनि वर्ष चालिस तथा भो एक संपूरित,
थोरै काम भयो, बित्यो वय निकै, अैले छु चौहत्तर।
पाटी वीज र गोल बौद्धहरूका बुझ्ने हुँदा चाहना
धेरै चिन्तन औ कडा श्रम गरी गर्दैछु यो साधना ॥१॥
ठूला दर्शनशास्त्रको विषयमा क्यै छैन मेरो गति,
योगाभ्यास म गर्न सक्तिनँ, त्यहाँ क्यै छैन मेरो गति।
छन् धेरै थर तन्त्रशास्त्र, तिनमा क्यै छैन मेरो गति,
केही संस्कृत बुझ्छु औ गणितमा केही छ मेरो गति ॥२॥
तस्मात् सौगत तन्त्रको गणितको यो भाग मैले लिएँ,
त्यल्लाई उपपत्तिको निकषमा घोट्तै परीक्षा गरें।
मेरो काम खुला छ, छैन त्यसमा केही लुकेको कुरो,
होलान् विज्ञ विवेकभाजन कुनै बुझ्ने सबै यो कुरो ॥३॥

वि. सं. २०४४ कार्तिक १ गते आदित्यवार —नयराज पन्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिका

कालचक्रतन्त्रमा जम्मा ५ पटल छन् । ती ५ पटलमा विभिन्न विषय छन् । पाँच पटलमध्ये पहिलो पटलको २६ श्लोकदेखि ८९ श्लोकसम्मको भाग विमलप्रभा टीकासहित यस ग्रन्थमा प्रकाशित गरिएको छ । यसरी जम्मा ६४ श्लोकलाई हामीले ज्यौतिषभागको रूपमा यहाँ लिएका छौँ । यीबाहेक कालचक्रमा अन्यत्र पनि ज्यौतिषसम्बन्धी कुरा फाट्टफुट्ट रूपमा आएका छन् ।

यस पुस्तकमा छापिएको कालचक्र र विमलप्रभाको पाठ तयार गर्दा तल उल्लिखित हस्तलिखित पुस्तकको उपयोग गरिएको छ ।

(१) वि. सं. २०२८ मा नयाँ दिल्लीबाट इन्टरनेशनल एकेडेमी अफ इन्डियन कल्चरद्वारा प्रकाशित लोकेशचन्द्रको स्यान्स्क्रिट् म्यान्युस्क्रिप्ट्स् फ्रम् टिबेट् (भोटबाट ल्याइएका संस्कृतका लेखोट ग्रन्थ) मा चित्र छापिएको मैथिली लिपिले वि. सं. १३२० मा सारिएको कालचक्र । यो पुस्तक वैद्य श्रीदिव्यवज्र वज्राचार्यको सौजन्यले हेर्न पाइएको हो ।

(२) वीरपुस्तकालय चौथो १९ सङ्ख्यामा रहेको ताडपत्रमा मैथिली लिपिले वि. सं. १४७६ मा सारिएको कालचक्र ।

(३) केम्ब्रिजविश्वविद्यालयको पुस्तकालयको १३६४ सङ्ख्यामा रहेको ताडपत्रमा मैथिली लिपिले लेखिएको कालचक्र । पश्चिम जर्मनीको बोन-विश्वविद्यालयको संस्कृतविभागमा रहेको यसको प्रतिलिपिबाट गरिएको फोटोकपी श्रीमहेशराज पन्तले वि. सं. २०३७ ज्येष्ठमा पठाइदिनुभएको हो ।

(४) वीरपुस्तकालय पहिलो १५७ सङ्ख्यामा रहेको ताडपत्रमा नेवारी लिपिले लेखिएको विमलप्रभा टीका ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(५) नेपाल राष्ट्रिय पुस्तकालय २४० सङ्ख्यामा रहेको ताड-पत्रमा नेवारी लिपिले लेखिएको विमलप्रभा टीका।

(६) नेपाल राष्ट्रिय पुस्तकालय २४१ सङ्ख्यामा रहेको पाको कागतमा देवनागरी लिपिले लेखिएको विमलप्रभा टीका।

(७) वीरपुस्तकालय तेस्रो २९२ सङ्ख्यामा रहेको पाको कागतमा देवनागरी लिपिले लेखिएको कालचक्र।

(८) वीरपुस्तकालय तेस्रो ६०२ सङ्ख्यामा रहेको पाको कागतमा वि. सं. १९५५ मा सारिएको कालचक्र।

(९) वि. सं. २००३ मा पिताजी श्रीनयराज पन्तले सार्न लगाउनुभएको देवनागरी लिपिले पाको कागतमा लेखिएको विमलप्रभा टीका-सहितको कालचक्र।

यी हस्तलिखित ग्रन्थको साथै वि. सं. २०२३ मा नयाँ दिल्लीबाट इन्टरनेशनल एकेडेमी अफ इन्डियन कल्चरद्वारा प्रकाशित रघुवीर र लोकेश-चन्द्रद्वारा सम्पादित कालचक्रतन्त्र यान्ड् अदअर् टेक्स्ट्स् (कालचक्रतन्त्र र अरू हस्तलिखित ग्रन्थ) मा देवनागरी लिपिले छापिएको कालचक्रको मूल भाग र वि. सं. २०४१ मा कलकत्ताबाट एसियाटिक सोसाइटीद्वारा प्रकाशित विश्वनाथ बनर्जीद्वारा सम्पादित श्री कालचक्रतन्त्रराजम् भोटानुवादमातृकोपसंस्कृतम् (भोटे भाषाको अनुवादको पाठसहितको श्रीकालचक्रतन्त्रराज) को उपयोग पनि पाठनिर्धारण गर्दा गरिएको छ। यसमध्ये पहिलो पुस्तक वैद्य श्रीदिव्यवज्र वज्राचार्यको सौजन्यले र दोस्रो पुस्तक श्रीमहेशराज पन्तको सौजन्यले हेर्न पाइएको हो। यी दुवै पुस्तकका सम्पादकहरूले कालचक्रको भाव राम्रो नबुझी ग्रन्थ सम्पादन गरेकाले कालचक्रको पाठ शुद्ध रूपमा बाहिर आउन सकेको छैन भन्नुपर्दा दुःख लागेको छ।

यसै प्रसङ्गमा प्रा. जगन्नाथ उपाध्यायद्वारा विमलप्रभा टीकासहितको कालचक्रको प्रकाशन भएको छ भन्ने सुनिएकोले सो पुस्तक हेर्न खोज्दा काठमाडौँका पुस्तकपसलमा सो उपलब्ध हुन सकेन। वि. सं. २०४३ फाल्गुनमा दक्षिण भारतबाट काठमाडौँ फर्कँदा काशीको बाटो गरी फर्कें र वि. सं. २०४३ फाल्गुन २३ गते सारनाथ काशीमा रहेको केन्द्रीय उच्च तिब्बती–शिक्षा-संस्थानमा गई सो पुस्तक किनें। विमलप्रभा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

टीकासहितको कालचक्रको द्वितीय पटलसम्मको अंश पहिलो भागको रूपमा यही साल छापिएको रहेछ। सो पुस्तक पढ्दा यस पुस्तकका सम्पादक-लाई कालचक्रको भाव नचढेको कुरा पाइलापाइलामा देखिन्छ।

सो पुस्तकको भूमिकामा सम्पादक श्रीजगन्नाथ उपाध्यायद्वारा यस्तो लेखिएको छ–

इतिहासदिशा चाप्येतस्योद्गमकालनिर्धारणं नैवातिदुष्करम् यतो हि कालचक्रतन्त्रमूले टीकायां चानेकानि साक्षिभूतानि वृत्तानि लिखितान्युपलभ्यन्ते, यद्वशात् कालनिर्धारणं सुशकम्। उपवर्णितं मूले टीकायां च इस्लामधर्मस्य प्रवर्तनम्, मुस्लिमयवनानां चार्यदेशे साक्षाद् दृष्टमिवाक्रमणम्, अविलम्बविगतमिव वा। तथा हि–

आद्याब्दात् षट्शताब्दैः प्रकटयशनृपः शम्भलाख्येऽभविष्यत्,
तस्मान्नागैः शताब्दैः खलु मखविषये म्लेच्छधर्मप्रवृत्तिः।
तस्मिन् काले धरण्यां स्फुटलघुकरणं मानवैर्वेदितव्यम्,
सिद्धान्तानां विनाशः सकलभुवितले कालयोगेऽभविष्यत्॥ (पृ. ७७)

कालचक्रतन्त्रस्य एतच्छ्लोकानुरोधेन तट्टीकानुरोधेन च आद्याब्दो भगवतो बुद्धस्य धर्मदेशनाकालः, तस्मात् षट्शताब्द्यनन्तरं सीतानद्युत्तरे शम्भलाख्ये देशे महायशा मञ्जुश्रीः प्रकटो भविष्यति। तस्माद् अष्टशताब्द्यनन्तरे 'मख' इति नाम्ना वर्तमाने काले 'मक्का' इति ख्याते प्रदेशे म्लेच्छधर्मस्य इस्लामधर्मस्य प्रवर्तनं स्यात्। तस्मिन् काले ज्यौतिषसिद्धान्तानां ब्रह्म–सौर–यवनक–रोमकाणां चतुर्णामपि विनाशो भविष्यति। तस्मिंश्च काले बौद्धेतरतीर्थिकानां सिद्धान्ता निःशेषतां गमिष्यन्ति। किन्तु कालचक्रतन्त्रवशाद् बौद्धसिद्धान्तस्य विनाशो न स्यात्। तस्मिन् काले स्फुटलघुकरणं मानवैर्वेदितव्यम् इति तत्रोल्लिखितम्। स्फुटलघुकरणं स्फुटं कुर्वताऽग्रे ज्योतिषे प्रतिषष्टिसंवत्सरं नवं नवं ध्रुवकं विधीयमानं भवति, तद्वशाच्च कालगणनां विधाय को हि म्लेच्छकाल इति निश्चेतुं पार्यते। उक्तं च तत्रैव -

वह्नौ खेऽब्धौ त्रिमिश्रं प्रभवमुखगतं म्लेच्छवर्षं प्रसिद्धम्
ऊनं म्लेच्छेन्द्रवर्षं करफणिशशिना शेषमर्काहतं च।

इत्यादिना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इत्थं बुद्धस्य प्रवर्तनकालात् षट्शतवर्षपश्चाद् मञ्जुश्रीकालः। तदानीं करणे ध्रुवः, तस्मादष्टशतवर्षपश्चाद् म्लेच्छकालः, तस्माद् द्व्यशीत्यधिकशतेन (१८२) हीनोऽजकल्कीकालः। अनेन च अजेन लघुकरणं विशोधितम्। इत्थं करफणिशशिना (१८२) शेषम् अर्का (१२)-हतं स्यात्, अथ च चैत्रादिमासैः अधरयुग (४)-हतम्। खाग्निचन्द्रै (१३०)-विभक्तं सद् लब्धं भूमिप्रविष्टं मासपिण्डं त्रिंशत्तिथिगणितार्थं भवति। म्लेच्छवर्षस्फुटीकरणार्थम् अन्यदप्येकं हस्तलिखितपुस्तकं लभ्यते कालचक्रानुसारिगणितमिति नाम्ना। एकमात्रं समुपलब्धायां [तस्यां प्रतौ को हि म्लेच्छकाल इति लिखितम्। तस्य प्रथमपत्रम् अनेकशश्छिन्नं वर्तते, तथापि महत्त्वाधायकः कश्चित् संकेतो लभ्यते। उट्टङ्कितं च तत्र 'शकाब्दः १०९१ म्लेच्छवर्षं........ शुद्धवर्षं ३६४ अशुद्धमासगणं ४३६८ शुद्धमासगण ४५०२ इत्यादि। उपरि समुद्धृतं 'वह्नौ खेऽब्धावि'ति श्लोकं स्पष्टीकुर्वति कालचक्रानुसारिगणितग्रन्थे योगभागादिप्रकारः प्रदर्शितः, तदनुरोधेन म्लेच्छवर्ष–विक्रमीय–संवत्सरयोरन्तरं ६८० वर्षं पर्यवस्यति। ज्ञायते च विक्रमीय ६७९ श्रावणे हिजरीसंवत्सरः प्रारभ्यते। इत्थमनायासेनावबोद्धुं शक्यते यद् वर्षद्वयस्यान्तरेण हिजरीसंवत्सरप्रारम्भकाल एव कालचक्रविमलप्रभोक्तो म्लेच्छकालः।[1]

(पुरोवाक् १३–१४ पृ.)

[इतिहासको बाटोबाट पनि यसको उत्पत्तिकालको निर्धारण गर्नु त्यति गाह्रो छैन। किनभने कालचक्रतन्त्रको मूल र टीकामा धेरै प्रमाणरूपका कुरा लेखिएका पाइन्छन्, जसको आधारमा कालनिर्धारण गर्न सजिलो छ। मूल र टीकामा पनि इस्लामधर्मको प्रारम्भ, मुसलमानहरूको आर्यदेशमा आक्रमण भएको साक्षात् देखेको वा भरखरै भएको सुनेको झैं वर्णन गरिएको छ। जस्तै–

आद्याब्दात् षट्शताब्दैः प्रकटयशनृपः शम्भलाख्येऽभविष्यत्,
तस्मान्नागैः शताब्दैः खलु मखविषये म्लेच्छधर्मप्रवृत्तिः।
तस्मिन् काले धरण्यां स्फुटलघुकरणं मानवैर्वेदितव्यम्,
सिद्धान्तानां विनाशः सकलभुवितले कालयोगेऽभविष्यत्॥ (७७ पृ.)

---

१. यही भाव सोही पुस्तकको अङ्ग्रेजी भाषामा लेखिएको प्रिफेस् (भूमिका) का २२–२३ पृष्ठमा पनि छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कालचक्रतन्त्रको यस श्लोकअनुसार र त्यसको टीकाअनुसार पनि आद्याब्द भनेको भगवान् बुद्धले धर्मप्रवर्तन गरेको काल हो, त्यसको ६०० वर्षपछि सीतानदीको उत्तरमा रहेको शम्भलदेशमा ठूलो कीर्ति भएका मञ्जुश्री प्रकट हुनुहुनेछ। त्यसको ८०० वर्षपछि मख नामको आजकाल मक्का भनी प्रसिद्ध प्रदेशमा म्लेच्छधर्म इस्लामधर्मको प्रचलन हुनेछ। त्यस वेला ब्रह्म, सौर, यवनक, रोमक यी चारवटै ज्यौतिषसिद्धान्तको नाश हुनेछ। त्यस वेला बौद्धबाहेकका अरू आचार्यहरूका सिद्धान्तहरू नाश हुनेछन्। परन्तु कालचक्रतन्त्र भएको हुनाले बौद्धसिद्धान्तको नाश हुनेछैन। त्यस वेला स्पष्ट लघुकरण मानिसहरूले पढ्नुपर्नेछ भनेर त्यहाँ लेखिएको छ। स्फुटलघुकरणलाई स्पष्ट गर्दै ज्यौतिषमा साठी साठी वर्षमा नयाँ नयाँ ध्रुव गर्नुपर्ने हुन्छ, त्यसबाट कालगणना गरेर म्लेच्छकाल कुन हो भनी निर्णय गर्न सकिन्छ। त्यहीँ भनिएको पनि छ–

वह्नौ खेऽब्धौ विमिश्रं प्रभवमुखगतं म्लेच्छवर्षं प्रसिद्धम्
ऊनं म्लेच्छेन्द्रवर्षं करफणिशशिना शेषमर्काहतं च।

इत्यादि

यसरी बुद्धले धर्मप्रवर्तन गर्न लागेको कालदेखि ६०० वर्षपछि मञ्जुश्रीकाल। त्यस वेला करणमा ध्रुव, त्यसको ८०० वर्षपछि म्लेच्छकाल, त्यसबाट १८२ वर्ष घटायो भने अजकल्कीकाल। यिनै अजले लघुकरण संशोधन गरे। यसरी १८२ घटाएपछिको शेषलाई १२ ले गुन्नू, गुणनफलमा चैत्रादि गतमास जोड्नू, योगफललाई दुइ ठाउँमा राखी तल्लोलाई ४ ले गुनी १३० ले भाग लिनू, लब्धिलाई माथि जोड्नू, योगफल मासपिण्ड हुन्छ। गणितमा १ महीनामा ३० तिथि हुन्छन्। म्लेच्छवर्षलाई निश्चय गर्नाको लागि अर्को पनि एउटा कालचक्रानुसारि गणित नाउँको हस्तलिखित पुस्तक पाइएको छ। त्यसको एउटा मात्र प्रति पाइएको छ, त्यसमा म्लेच्छकाल भनेको कुन हो भन्ने कुरा लेखिएको छ। त्यसको पहिलो पत्र धेरैतिरबाट च्यातिएको छ, तैपनि महत्त्वपूर्ण कुनै सङ्केत पाइन्छ। त्यहाँ लेखिएको छ– 'शकाब्दः १०६१ म्लेच्छवर्षं... शुद्धवर्षं ३६४ अशुद्धमासगण ४३६८ शुद्धमासगण ४५०२ इत्यादि। माथि उद्धृत गरिएको "वह्नौ खेब्धौ" भन्ने श्लोकलाई स्पष्ट गर्दै कालचक्रानुसारि गणितमा जोड भागाहार आदि प्रकार देखाइएको छ, त्यसबाट म्लेच्छवर्ष र विक्रमसंवत्को अन्तर ६८० वर्ष आउँछ। वि. सं. ६७९ श्रावणमा हिजरीसंवत् चल्यो भन्ने कुरा प्रख्यात छ। २ वर्षको अन्तर परेको हिजरीसंवत्को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रारम्भकाल नै कालचक्र र विमलप्रभामा भनिएको म्लेच्छकालको प्रारम्भ नै हो भनेर सजिलैसँग बुझ्न सकिन्छ ।]

आफैँले अन्वेषण गरेर यी कुरा पत्ता लाएको जस्तो गरी श्रीजगन्नाथ उपाध्यायले कसैको उल्लेख यहाँ गर्नुभएको छैन, तर यी कुरा सो पुस्तक प्रकाशित हुनुभन्दा ८,९ वर्षअगाडि नै प्रकाशित भइसकेका हुन् ।

वि. सं. २०३५ मा त्रिभुवनविश्वविद्यालय संस्कृतअध्ययनसंस्थान वाल्मीकिविद्यापीठद्वारा प्रकाशित मर्यादा १४ अङ्कका ३३–३६ पृष्ठमा नयराज पन्त र दिनेशराज पन्तको कालचक्रअनुसार बुद्धले धर्म प्रचार गर्न थालेको काल भन्ने निबन्ध छापिएको छ । सो निबन्धको सारांश यही पुस्तकका क–ख पृष्ठमा छापिएको छ । यसै गरी वि. सं. २०३६ मा श्री ५ को सरकार लुम्बिनीविकाससमितिद्वारा प्रकाशित दिनेशराज पन्तको भगवान् बुद्धको समय-सम्बन्धी परम्परामा थप कुरा भन्ने पुस्तिकामा मर्यादामा परेका कुरा पनि हाली थप यस्तो लेखिएको छ–

वि. सं. ६७९ श्रावणदेखि हिजरीसंवत् चलेको हो । यही हिजरीसंवत्लाई नै कालचक्रकारले म्लेच्छवर्ष मानेको देखिन्छ । हिजरीसंवत्को प्रारम्भवर्ष र कालचक्रले मानेको म्लेच्छवर्षको प्रारम्भवर्षमा २ वर्षको अन्तर पर्न गएको छ । मखविषये लेखेर कालचक्रकारले मक्कालाई बुझाएको देखिन्छ । कालचक्रको प्रथमपटलको ८९ श्लोकको विमलप्रभाटीकामा

तस्मिन् काले देवानां दानवानां म्लेच्छानां क्षितितलनिलये बागदायां नगर्यां रौद्रयुद्धं भविष्यति ।

[त्यस वेला देवताहरूको र दानव अर्थात् म्लेच्छहरूको पृथ्वीको बागदानगरमा ठूलो लडाइँ हुनेछ ।]

भनी लेखिएको छ । यहाँ उल्लिखित बागदानगर बगदाद हो भन्ने देखिन्छ । यस कारण कालचक्रकार मुसलमानहरूसँग राम्रो सँग परिचित थिए भन्ने देखिन्छ ।

यी त केही उदाहरण मात्र हुन् । कालचक्रमा यस्ता उल्लेख अन्यत्र पनि पाइन्छन् । यस कारण हिजरीसंवत् र म्लेच्छवर्ष भनेको एउटै चीज हो भन्ने देखिन्छ । यसमा २ वर्षको फरकचाहिँ किन देखिन आयो, यो अन्वेषण गर्नुपर्ने विषय बनेको छ ।

(सो पुस्तिकाका ८–९ पृ.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जगन्नाथ उपाध्यायद्वारा अनुसन्धान गरी पत्ता लाइएका कुरा यी नभई पहिले नै हामीले अनुसन्धान गरी प्रकाश गरिसकेका कुरा यी हुन् भनी विज्ञ पाठकहरू माथिका कुराबाट बुझ्न सक्नुहुन्छ। श्रीजगन्नाथ उपाध्याय काठमाडौँ आउनुहुँदा माथि नाउँ परेका दुवै लेख मैले उहाँलाई दिएको कुरा यस प्रसङ्गमा स्मरणीय छ।

माथि उल्लिखित कुरा र कालचक्रको यस सम्पादनको विषयमा नीरक्षीरविवेकी विद्वान्हरूबाट यथार्थ परीक्षा हुने नै छ भन्ने आशा राख्दै अहिलेलाई कलम यहीँ रोक्ने अनुमति चाहन्छु।

तं सन्तः श्रोतुमर्हन्ति सदसद्व्यक्तिहेतवः।
हेम्नः संलक्ष्यते ह्यग्नौ विशुद्धिः श्यामिकाऽऽपि वा ॥१०॥

(कालिदास–रघुवंश १ सर्ग)

[त्यसलाई असल र खराब छुट्ट्याउन सक्ने सज्जनहरूले परीक्षा गरून्। सुनको चोखोपन र मिसावटपन पनि आगोमै हाल्दा थाहा पाइन्छ।]

वि. सं. २०४४ कार्तिक १ गते आदित्यवार — **दिनेशराज पन्त**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कालचक्रअनुसार बुद्धले धर्मप्रचार गर्न थालेको काल

कालचक्रको २६ श्लोकको २ पाउ र त्यस्को विमलप्रभा यही पुस्तकको ४ पृष्ठमा परिसकेको छ। त्यसको अर्थ यस्तो हुन्छ–

बुद्धले धर्मप्रचार गर्न थालेको ६०० वर्षपछि शम्भलदेशमा ठूलो कीर्ति भएका मञ्जुश्री प्रकट हुनुहुनेछ। त्यसको ८००• वर्षपछि मखदेशमा म्लेच्छधर्म चल्ने छ। शीतानदीको दक्षिणपट्टि रहेको, करोडौं गाउँ भएको मखदेशमा म्लेच्छहरूका आचार्यको आसुर धर्म चल्नेछ।

बुद्धले धर्मप्रचार गर्न थालेको ६०० वर्षपछि शम्भलदेशमा मञ्जुश्रीको प्रादुर्भाव हुनेछ, मञ्जुश्रीको प्रादुर्भाव भएको ८०० वर्षपछि मखदेशमा म्लेच्छधर्मको उत्पत्ति हुनेछ भनी यहाँ लेखिएको छ।

कालचक्रको २७ श्लोकको ३ पाउ र त्यसको विमलप्रभा यही पुस्तकका ४–५ पृष्ठमा परिसकेको छ। त्यसको अर्थ यस्तो हुन्छ-

बुद्धले धर्मप्रचार गर्न थालेको ६०० वर्ष बितेपछि मञ्जुश्रीकाल हुन्छ। त्यो नै करणमा ध्रुव हुन्छ। मञ्जुश्रीकालदेखि ८०० वर्ष बितेपछि म्लेच्छकाल हुन्छ। म्लेच्छकालदेखि १८२ वर्ष बितेपछि अजकल्कीकाल हुन्छ। जुन अजले लघुकरण बनाए, त्यो काल नै करणमा आएको ध्रुव हुन्छ। म्लेच्छवर्षबाट १८२वर्ष घटायो भने शम्भलदेशमा अजकल्कीकाल आउँछ। त्यो नै लघुकरणमा वर्षगण हुन्छ। वर्षगणलाई १२ ले गुनी गुणनफलमा चैत्रादि गतमहीना जोड्नू। योगफल सौरमासगण हुन्छ। सौरमासगणलाई ४ ले गुनी १३० ले भाग लिनू। लब्धि अधिमास हुन्छ। सौरमासगणमा अधिमास जोड्नू। योग चान्द्रमासगण हुन्छ। ३२½ सौरमासमा १ अधिमास पर्छ। २ अमावास्याको बीचमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[१ चान्द्रमासभित्र] सङ्क्रान्ति नपरेकोले यसो भएको हो। ३२$\frac{१}{३}$ ले भाग लिन अप्ठेरो पर्छ। त्यसकारण ३२$\frac{१}{३}$ लाई ४ ले गुन्यो भने भाग लिन सजिलो पर्छ। भाजकलाई ४ ले गुन्यो भने भाज्यलाई पनि ४ ले गुन्नुपर्छ। चतुर्गुणित भाजक र भाज्यबाट उही लब्धि आउँछ। लब्धि अधिमास हुन्छ। अधिमास सौरमासगणमा जोड्यो भने चान्द्रमासगण हुन्छ। ३० तिथीको १ महीना मानेकोले यसो गर्नु परेको हो।

म्लेच्छवर्षबाट १८२ घटाउनू, वर्षगण हुन्छ, वर्षगणलाई १२ ले गुन्नू, गुणनफलमा चैत्रादि गत महीना जोड्नू, सौरमासगण हुन्छ, सौरमासगणलाई २ ठाउँमा राख्नू, पछिल्लो सौरमासगणलाई ४ ले गुनी १३० ले भाग लिनू, लब्धि अधिकमास हुन्छ, सौरमासगणमा अधिकमास जोड्नू, चान्द्रमासगण हुन्छ भनी यहाँ लेखिएको छ।

राष्ट्रिय पुस्तकालय १५२ सङ्ख्याको कालचक्रानुसारिगणितोक १ क पत्रमा **शकाब्द १०९१...शुद्धवर्ष ३६४ अशुद्धमासगण ४३६८...**

(यही पुस्तकको ५७ पृ.)

भनी लेखिएको छ।

कालचक्रानुसारिगणितमा ३६४ लाई १२ ले गुनी ४३६८ सङ्ख्या ल्याइएको छ। यस कारण म्लेच्छवर्षमा १८२ घटाउँदा ३६४ आएको देखिन्छ। ३६४+१८२=५४६ म्लेच्छवर्षको सङ्ख्या देखिन्छ।

कालचक्रनुसारिगणितमा शकाब्द १०९१ लेखिएको छ। १०९१-५४६=५४५ शाके। यसकारण ५४५ शाकेदेखि म्लेच्छवर्ष चलेको देखिन्छ। ५४५ शक भनेको वि. सं. ६८० हो। यसकारण वि. सं. ६८० देखि म्लेच्छवर्ष चलेको देखिन्छ।

माथि उद्धृत श्लोक अनुसार बुद्धले धर्मप्रचार गर्न थालेको १४०० वर्षपछि म्लेच्छवर्ष चलेको देखिन्छ। यताबाट १४००-६८० =७२० वि. पू. मा बुद्धले धर्मप्रचार गर्न थालेको देखिन्छ। यस कारण कालचक्रको मत अनुसार बुद्धले वि. पू. ७२० देखि धर्मप्रचार गर्न थालेको देखिन्छ।

कालचक्रले उल्लेख गरेको देशको अक्षांश तथा दिनमान

कालचक्रको ३८ श्लोकको ३ पाउ र त्यसको विमलप्रभा यही पुस्तकको १७ पृष्ठमा परिसकेको छ, त्यसको अर्थ यस्तो हुन्छ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सूर्यको गतिले गर्दा ६ महिनासम्म दिन घट्छ, रात बढ्छ यस गरी ६ महीनासम्म दिन बढ्छ, रात घट्छ । प्रतिदिन ३ पला ४ असु दिन तथा रातमा घटबढ हुन्छ । अयनान्तमा दिनरातको घटबढ सबभन्दा ठूलो हुन्छ । दक्षिणायनमा रात बढ्दै जान्छ । उत्तरायणमा दिन बढ्दै जान्छ ।

यहाँ १ अयनदेखि अर्को अयनसम्म १८२½ दिन हुन्छन्, प्रति-दिन दिन उत्तरायणमा ३ पला ४ असु बढ्छ, दक्षिणायनमा त्यति नै घट्छ भनी लेखिएको छ ।

यस विषयमा अब विचार गरिन्छ ।

$$३ \text{ पला } ४ \text{ असु} = ३\frac{४}{६} \text{ पला} = ३\frac{२}{३} \text{ पला} = \frac{११}{३} \text{ पला}$$

१ दिनमा त $\frac{११}{३}$ पला बढ्छ भने १८२ $\frac{१}{२}$ दिनमा कति बढ्ला भनी त्रैराशिक गर्दा

$$१ : \frac{११}{३} :: १८२\frac{१}{२}$$

$$\frac{११ \times ३६५}{१ \times ३ \times २} = \frac{४०१५}{६} = ६६९\frac{१}{६} \text{ पला}$$

$$= ११ \text{ घडी } ९\frac{१}{६} \text{ पला}$$

यति गणितबाट
कालचक्रअनुसार
महत्तम दिनमान र लघुतम दिनमानको अन्तर

$$= \frac{४०१५}{६} \text{ पला}$$

चरघटीसहिता रहिताः क्रमात्
तिथि[१५]मिता घटिकाः खलु गोलयोः ।
भवति तद् द्युदलं निजसावनं
खगुण[३०]तः पतितं रजनीदलम् ॥५२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्च दशनाड्य उत्तरगोले चरघटीभिः सहिता दक्षिणे रहिताः। एवं कृते निजसावनं द्युदलप्रमाणं भवति। यस्य ग्रहस्य चरं तस्यैत्यर्थः। दिनदलं त्रिंशतो विशुद्धं रात्रिदलं भवति।

[सिद्धान्तशिरोमणि स्पष्टाधिकार]

[उत्तर गोलमा १५ घडी र चरघडीको योग दिनको आधाको मान हुन्छ। दक्षिणगोलमा चरघडी र १५ घडीको अन्तर दिनको आधाको मान हुन्छ। दिनको आधालाई ३० घडीबाट घटाउनू, रातको आधाको मान हुन्छ।]

यस सूत्रअनुसार

उत्तरगोलमा

दिनको आधाको मान = १५ घडी + चर

दक्षिणगोलमा

दिनको आधाको मान = १५ घडी — चर

उत्तरगोलमा

दिनको मान = २ × दिनको आधाको मान

= २ (१५ घडी + चर)

= ३० घडी + २ चर

यताबाट महत्तम दिनमान

= ३० घडी + २ महत्तम चर

लघुतम दिनमान

= ३० घडी – २ महत्तम चर

महत्तम दिनमान – लघुतम दिनमान

= (३०+२ महत्तम चर)-(३०—२ महत्तम चर)

= ३०+२ महत्तम चर –३०+२ महत्तम चर

= ४ महत्तम चर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कालचक्रमा

महत्तम दिनमान – लघुतम दिनमान

$= \frac{४०१५}{६}$ पला दिइएकोछ ।

यस कारण

४ महत्तम चर $= \frac{४०१५}{६}$ हुन्छ ।

महत्तम चर $= \frac{४०१५}{६ \times ४} = \frac{४०१५}{२४}$ हुन्छ ।

.....दिङ्[10]नाग[8]सत्र्यंश $३\frac{१}{३}$ गुणैर्विनिघ्नी ॥५०॥
पलप्रभा तोयपलात्मकानि
स्थूलानि वा स्युश्चरखण्डकानि..... ॥५१॥
(सिद्धान्तशिरोमणि स्पष्टाधिकार)

[पलभालाई १० ले गुन्नू, पहिलो चर खण्ड हुन्छ । पलभालाई ८ले गुन्नू, दोस्रो चरखण्ड हुन्छ । पलभालाई $३\frac{१}{३}$ ले गुन्नू, तेस्रो चरखण्ड हुन्छ । यी चरखण्ड पलात्मक हुन्छन् ।]

यस सूत्रअनुसार

पलभा = प

पहिलो चरखण्ड = १० प । दोस्रो चरखण्ड = ८ प । तेस्रो चरखण्ड $= \frac{१०प}{३}$

तीनवटै चरखण्डको योग

$= १०प + ८प + \frac{१०प}{३} = १८प + \frac{१०प}{३}$

$= \frac{५४प + १०प}{३} = \frac{६४प}{३}$

$\frac{६४प}{३} = \frac{४०१५}{२४}$

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

$$६४प = \frac{४०१५}{८}$$

$$प = \frac{४०१५}{८ \times ६४} = \frac{४०१५}{५१२} = ७.८४$$

```
५१२)४०१५(७.८४
    ३५८४
    ————
     ४३१०
     ४०९६
     ————
      २१४०
      २०४८
      ————
        ९२
```

यताबाट कालचक्रअनुसार पलभा ७.८४ देखिन्छ ।

जुन जात्यत्रिभुजमा (समकोणत्रिभुजमा) एउटा कोण अक्षांशले बराबर हुन्छ, त्यसलाई अक्षक्षेत्र भन्छन् ।

पलभा भुज, १२ अङ्गुलको शङ्कु कोटि, पलकर्ण कर्णले बनेको जात्यत्रिभुजमा पलभा र १२ अङ्गुलको शङ्कुले बनेको कोण समकोण छ। १२ अङ्गुलको शङ्कु र पलकर्णले बनेको कोण अक्षांशले बराबर छ। यस कारण यो त्रिभुज अक्षक्षेत्र हो ।

भुजोऽक्षभा कोटिरिनाङ्गुलो ना
कर्णोऽक्षकर्णः खलु मूल[12]मेतत् ।
क्षेत्राणि यान्यक्षभवानि तेषां
विद्येव मानार्थयशः सुखानाम् ।।१३।।

(सिद्धान्तशिरोमणि त्रिप्रश्नाधिकार)

[पलभा भुज, १२ अङ्गुलको शङ्कु कोटि, पलकर्ण भएको जात्य-त्रिभुज सबै अक्षक्षेत्रहरूको मूल हुन्छ । जस्तै मान, अर्थ, यश, सुखको मूल विद्या हो ।]

पलभाको संमुखको कोण अक्षांश हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कोटचा भक्तो दोर्भवेत् स्पर्शरेखा

[कोटिलेभुजलाई भाग लिनू, स्पर्शरेखा हुन्छ ।]

त्रिकोणमितिको यस सूत्रअनुसार

$$\text{अक्षांशस्पर्शरेखा} = \frac{\text{पलभा}}{१२} = \frac{७.८४}{१२}$$

$$= .६५३३$$

१२)७.८४(

१२००)७८४(.६५३३
 ७२०
 ———
 ६४
 ६०
 ———
 ४०
 ३६
 ———
 ४०
 ३६
 ———
 ४

वेङ्कटेश केतकरको ज्योतिर्गणितको त्रिप्रश्नाध्यायको ६ कोष्ठकमा

स्पर्शरेखा ३४ अंश	.६७४५
स्पर्शरेखा ३३ अंश	.६४९४
अन्तर	.०२५१
अहिले आएको स्पर्शरेखा	.६५३३
स्पर्शरेखा ३३ अंश	.६४९४
	.००३९

अंश
.०२५१ : १ : : .००३९

भनी त्रैराशिक गर्दा

$$\frac{१ \times .००३९}{.२५१} = \frac{.००३९}{.०२५१} = \frac{३९}{२५१} = .१५५$$

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२५१)३९०(.१५५
२५१
———
१३९०
१२५५
———
१३५०
१२५५
———
९५

यतावाट कालचक्रले उल्लेख गरेको देशको अक्षांश = ३३.१५५ देखिन्छ ।

.१५५	.३
× ६०	× ६०
९.३००	१८.०

कालचक्रले उल्लेख गरेको देशको अक्षांश

	अं.	क.	वि
=	३३।	९।	१८

माथि उल्लेख गरिएको कालचक्रको श्लोकको विमलप्रभाटीकामा

इदं मानं कैलाशस्योत्तरभागे हिमवन्तं यावत् प्रत्यहं चत्वारः श्वासास्त्रीणि पाणीपलानि वृद्धिर्नाशश्च ।

(यही पुस्तकको १७ पृ०)

[यो मान कैलाशको उत्तरदेखि हिमालसम्मको हो । त्यहाँ प्रतिदिन ३ पला ४ असुको दिनमानमा घटबढ हुन्छ ।]

भनी लेखिएको छ ।

कालचक्रको ३७ श्लोकको विमलप्रभाटीकामा

हानिवृद्ध्योश्च पञ्च गोले सव्यापसव्यमिति । तस्माद् गोलार्द्धात् सव्यापसव्यं मासत्रयेण सव्ये रात्रेर्वृद्धिः पञ्चनाड्यः । अपसव्ये मासत्रयेण दिनवृद्धिः पञ्च नाड्यः । अत्र रात्रिवृद्ध्या दिवाहानिर्दिवावृद्ध्या रात्रेर्हानिर्ज्ञातव्येति । प्रतिदिनमपि तत् श्वासयुग्मं त्रिलिप्तमिति । अत्र सव्यापसव्ये त्रिमासानां प्रतिदिनमहोरात्रे वृद्धिर्हानिर्वा श्वासद्वयं त्रीणि पाणीपलानि । इदंमान कैलाशखण्डे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाऽर्यविषयादिके। आर्यविषये च प्रत्यहोरात्रे लिप्ताद्वयं वृद्धिर्वा हानिर्वा वदितव्या। मासत्रयेण मध्यविषुवात् । त्रिशदहोरात्रतुल्यमानाद् नाडीत्रयं हानिर्वा वृद्धिर्वाऽयनवशाद् वेदितव्येति।

(यही पुस्तकका ३७–३८ पृ.)

[दक्षिणायनमा प्रतिदिन ३ पला २ असु रात बढ्दै जान्छ, दिन घट्दै जान्छ। यसरी ३ महीनामा ५ घडी घटबढ हुन्छ। उत्तरायणमा चाहिँ प्रतिदिन ३ पला २ असु दिन बढ्दै जान्छ, रात घट्दै जान्छ। यसरी ३ महीनामा ५ घडी घटबढ हुन्छ। यो कुरो कैलाशखण्डमा लागू हुन्छ, आर्यावर्तमा चाहिँ हुँदैन। आर्यावर्तमा त प्रतिदिन २ पला घटबढ हुन्छ। दिनरात बराबर भएको दिन (विषुवद्दिन) मा ३० घडीको दिन, ३० घडीको रात हुन्छ। अयनान्तमा चाहिँ ३ घडी घटबढ हुन्छ।]

प्रतिदिन दिनमानमा घटबढ हुने परिमाण

$$= ३ \text{ पला } २ \text{ असु} = ३\frac{२}{६} = ३\tfrac{१}{३} = \frac{१०}{३} \text{ पला}$$

दिनमानमा महत्तम घटबढ = ५ घडी = ५ × ६० पला = ३०० पल भनी यहाँ विमलप्रभामा स्पष्ट लेखिएको छ।

$$३०० \div \frac{१०}{३} = ३०० \times \frac{३}{१०} = ३० \times ३ = ९० \text{ दिन}$$

यताबाट विषुवद्दिनदेखि अयनदिनसम्मको अन्तर ९० दिन हुने देखिन्छ।

दिनमानमा ६० घडीको ६ खण्डको १ खण्ड = १० घडी हुन्छ भनी कालचक्रकारले मुखैले बोलेका छन्।[१] विमलप्रभाटीकाकारले त्यो कुरालाई खुलाएर लेखेका छन्।[२]

$$१० \text{ घडी} = १० \times ६० \text{ पला} = ६०० \text{ पला}$$

$$६०० \div \frac{१०}{३} = ६०० \times \frac{३}{१०} = ६० \times ३ = १८०$$

यताबाट एक अयनदेखि अर्को अयनसम्म १८० दिन हुने देखिन्छ।

यति कुराबाट कालचक्रकारको लेखाइअनुसार १ वर्षमा ३६० दिन हुने देखिन्छ।

---

१. यही पुस्तकको ३० पृ.। २. ऐजन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कालचक्रअनुसार १ सौरवर्षको मान ३६५ दिन १५ घडी ३१ पला १४ विपला हुन्छ ।[३]

कालचक्रकारले एक अयनदेखि अर्को अयनसम्म १८२$\frac{१}{२}$ दिन हुन्छन् भनी लेखेका छन् । यही कुरो भरखर माथि गइसक्यो । यताबाट उनको विचारअनुसार १ सौरवर्षमा ३६५ दिन हुने देखिन्छ । यसरी कालचक्रकारले १ सौरवर्षमा

३६५ दिन १५ घडी ३१ पला १४ विपला

३६५ दिन

३६० दिन

यी ३ थरी वर्षमान दिएका छन् भन्ने देखिन्छ । यिनमा पहिलोचाहिँ उनको सिद्धान्तअनुसारको हो । अरू दुइटाचाहिँ सजिलोसँग काम चलाउनको लागि यिनले लेखेका मोटामोटी कुरा हुन् भन्ने स्पष्ट हुन्छ ।

दिनमानमा ५ घडीसम्म बढ्छ भनी कालचक्रकारले बोलेका हुनाले द्विगुणित चर = ५ घडी = ५ × ६० पला = ३०० पला

यस कारण

महत्तम चर = १५० पला हुने देखिन्छ ।

माथि दिइएको समीकरणअनुसार

$$\text{महत्तम चर} = \frac{६४ प}{३} \text{ हुन्छ ।}$$

यस कारण

$$\frac{६४ प}{३} = १५०$$

$$प = \frac{१५० \times ३}{६४} = \frac{७५ \times ३}{३२} = \frac{२२५}{३२} = = ७.०३$$

---

३. यही पुस्तकको १०३ पृ.।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

```
३२)२२५(७.०३
   २२४
   ———
     १००
     ९६
    ———
       ४
```

यताबाट दिनमानमा ५ घडीसम्म घटबढ हुने देशको पलभा ७·०३ देखिन्छ ।

$$\text{अक्षांशस्पर्शरेखा} = \frac{\text{पलभा}}{१२} = \frac{७.०३}{१२}$$

$$= .५८५८$$

```
१२००)७०३(·५८५८
     ६००
    ———
     १०३
      ९६
     ———
      ७०
      ६०
     ———
      १००
       ९६
      ———
        ४
```

ज्योतिर्गणितको त्रिप्रश्नाध्यायको ६ कोष्ठकमा

स्पर्शरेखा ३१ अंश	·६००९
स्पर्शरेखा ३० अंश	·५७७३
अन्तर	·०२३६
अहिले आएको स्पर्शरेखा	·५८५८
स्पर्शरेखा ३० अंश	·५७७३
	·००८५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अंश

.०२३६ : १ :: .००८५

भनी त्रैराशिक गर्दा

$$\frac{१\times ·००८५}{·०२३६} = \frac{·००८५}{·०२३६} = \frac{८५}{२३६} = ·३६$$

```
२३६) ८५० (·३६०
     ७०८
    ————
     १४२०
     १४१६
    ————
       ४०
```

यताबाट दिनमानमा ५ घडीसम्म घटबढ हुने देशको अक्षांश = ३०.३६ देखिन्छ ।

```
 ·३६        ·६
×६०       ×६०
————      ————
२१·६०     ३६·०
```

दिनमानमा ५ घडीसम्म घटबढ हुने देशको

अं. क. वि.

अक्षांश= ३०। २१। ३६

आर्यावर्तमा दिनमानमा ३ घडीसम्म बढ्छ भनी विमलप्रभाटीकाकारले बोलेका हुनाले द्विगुणित चर= ३ घडी= ३×६० पला =१८० पला

यस कारण

महत्तम चर = ९० पला हुने देखिन्छ ।

माथि दिएको समीकरणअनुसार

महत्तम चर = $\frac{६४ प}{३}$ हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस कारण

$$\frac{६४ \text{ प}}{३} = ९०$$

$$\text{प} = \frac{९० \times ३}{६४} = \frac{४५ \times ३}{३२} = \frac{१३५}{३२} = ४\cdot२२$$

```
३२)१३५(४·२२
   १२८
   ———
    ७०
    ६४
   ———
     ६०
   ———
     ६४
```

यताबाट आर्यावर्तको पलभा ४·२२ देखिन्छ ।

$$\text{अक्षांशस्पर्शरेखा} = \frac{\text{पलभा}}{१२} = \frac{४\cdot२२}{१२} = .३५१७$$

```
१२००)४२२(
 १२०)४२२(·३५१६
     ३६०
    ———
१२)  ६२
     ६०
    ———
      २०
      १२
    ———
      ८०
      ७२
    ———
       ८
```


Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ज्योतिर्गणितको त्रिप्रश्नाध्यायको ६ कोष्ठकमा

स्पर्शरेखा २० अंश	·३६४०
स्पर्शरेखा १९ अंश	·३४४३
अन्तर	·०१९७
अहिले आएको स्पर्शरेखा	·३५१७
स्पर्शरेखा १९ अंश	·३४४३
	·००७४

अंश
·०१९७ : १ :: ·००७४

भनी त्रैराशिक गर्दा

$$\frac{१ \times ·००७४}{·०१९७} = \frac{·००७४}{·०१९७} = \frac{७४}{१९७} = ·३७६$$

१९७)७४०(३·७५
५९१

१४९०
१३७९

१११०
९८५

१२५

यताबाट आर्यावर्तको अक्षांश =१९·३७६ देखिन्छ ।

·३७६ × ६० = २२·५६०

·५६ × ६० = ३३·६०

	अं.	क.	वि.
आर्यावर्तको अक्षांश =	१९।	२२।	३४

यति कुराबाट

अं.	क.	वि.
३३।	९।	१८
३०।	२१।	३६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यी अक्षांश भएका देशसँग कालचक्रकार परिचित देखिन्छन् ।

अं. क. वि.

१९। २२। ३४ अक्षांश भएको देशसँग विमलप्रभाकार परिचित देखिन्छन् ।

कालचक्रको दिनमान ल्याउने पद्धतिसँग वेदाङ्गज्यौतिषको दिनमान ल्याउने पद्धतिको तुलना

कैलाशस्य दक्षिणे वक्ष्यमाणे वक्तव्यम् । इह माने दक्षिणायनसङ्क्रान्तिदिने षड्त्रिंशद्भिर्घटिकाभिर्दिनं भवति चतुर्विंशतिभी रात्रिर्भवतीति । एवमुत्तरायणे रात्रिदिनमानं विलोमेन ज्ञातव्यमिति ।

(कालचक्रको ३८ श्लोकको विमलप्रभा । यही पुस्तकको १७ पृ.)

[कैलाशको दक्षिणपट्टिको स्थिति बताइन्छ । यहाँ दक्षिणायनसङ्क्रान्तिको दिन ३६ घडीको दिन, २४ घडीको रात हुन्छ; उत्तरायणसङ्क्रान्तिको दिन २४ घडीको दिन, ३६ घडीको रात हुन्छ ।]

कालचक्रको गणितअनुसार उनको देशको महत्तम चर $= \frac{४०१५}{२४}$ पला आउँछ भनी माथि लेखिसकियो ।[1]

२४) ४०१५ (१६७ पला = २ घडी ४७ पला

```
२४) ४०१५ ( १६७
    २४
    ---
    १६१
    १४४
    ---
     १७५
     १६८
     ---
       ७
```

1 यही पुस्तकको ङ पृ. ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस कारण
महत्तम दिनमानको आधा
= १५ घडी + २ घडी ४७ पला = १७ घडी ४७ पल

घ.	प.
१७।	४७
	× २
३५।	३४ महत्तम दिनमान

लघुतम दिनमानको आधा
= १५ घडी – २ घडी ४७ पला
= १२ घडी १३ पला

घ.	प.
१२।	१३
	× २
२४।	२६ लघुतम दिनमान

कालचक्रअनुसार

	घ.	प.
महत्तम दिनमान	३५।	३४
लघुतम दिनमान	२४।	२६

कालचक्रको मूल वाक्यबाट यही परिणाम निस्कन्छ। विमलप्रभाटीकाकारले कालचक्रको श्लोकको व्याख्या गरी

दक्षिणायनसङ्क्रान्तिदिने षड्त्रिंशद्भिर्घटिकाभिर्दिनं भवति चतुर्विंशतिभी रात्रिर्भवतीति। एवमुत्तरायणे रात्रिदिनमानं विलोमेन ज्ञातव्यमिति।

यस्तो वाक्य बोली महत्तम दिनमान ३६ घडी र लघुतम दिनमान २४ घडी हुन्छ भन्ने भाव निकालेका छन्।

यो कुरा वेदाङ्गज्योतिषबाट लिइएको हो। जस्तै–

यदुत्तरस्याऽयनतो गतं स्यात्
शेषं तथा दक्षिणतोऽयनस्य।
तदेकषष्ट्या६१ द्विगुणं विभक्तं
सद्वादश१२ स्याद् दिवसप्रमाणम् ॥४०॥

(याजुषज्योतिष)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[उत्तरायण भएपछि जति दिन विते, ती दिनको सङ्ख्यालाई २ ले गुनी ६१ ले भाग लिनू। आएको लब्धिलाई १२ मा जोडिदिनू, दिनमान हुन्छ। दक्षिणायन भएपछिचाहिँ उत्तरायण हुन जति दिन बाँकी छन्, ती दिनको सङ्ख्यालाई २ ले गुनी ६१ ले भाग लिनू। आएको लब्धिलाई १२ मा जोडिदिनू, दिनमान हुन्छ। यो दिनमान मुहूर्तरूपमा आउँछ।]

वेदाङ्गज्यौतिषकारले १ वर्षमा ३६६ दिन मानेका छन्–

त्रिशत्यह्नां सषट्षष्टि''''रब्दः ... ॥२८॥

(याजुषज्यौतिष)

[१ वर्षमा ३६६ दिन हुन्छन्।]

१ वर्षमा ३६६ दिन भएपछि एक अयनदेखि अर्को अयनसम्म ३६६ को आधा १८३ दिन वेदाङ्गज्यौतिषकारले माने।

वेदाङ्गज्यौतिषकारको दिनमान ल्याउने सूत्र

$$१२ \text{ मुहूर्त} + \frac{\text{उत्तरायणदेखि गएका दिन} \times २}{६१} \text{ मुहूर्त}$$

यो हो।

उत्तरायणदेखि दक्षिणायनसम्म १८३ दिन हुनाले दक्षिणायनसङ्क्रान्तिमा दिनमान

$$= १२ \text{ मुहूर्त} + \frac{१८३ \times २}{६१} \text{ मुहूर्त}$$

$$= १२ \text{ मुहूर्त} + \frac{३ \times २}{१} \text{ मुहूर्त}$$

$$= १२ \text{ मुहूर्त} + ६ \text{ मुहूर्त} = १८ \text{ मुहूर्त}$$

उत्तरायणसङ्क्रान्तिमा उत्तरायणदेखि बितेका दिन 0 हुने हुनाले उत्तरायणसङ्क्रान्तिमा दिनमान

$$= १२ \text{ मुहूर्त} + \frac{0 \times २}{६१} \text{ मुहूर्त}$$

$$= १२ \text{ मुहूर्त} + 0 \text{ मुहूर्त} = १२ \text{ मुहूर्त}$$

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वेदाङ्गज्यौतिषअनुसार

महत्तम दिनमान = १८ मुहूर्त = ३६ घडी

लघुतम दिनमान = १२ मुहूर्त = २४ घडी

यो सिद्ध हुन्छ। यस कारण विमलप्रभाटीकाकारले ३६ घडी महत्तम दिनमान र २४ घडी लघुतम दिनमान भनी जो बोलेका छन्, त्यो वेदाङ्गज्यौतिषअनुसार हो भन्ने कुरामा केही सन्देह छैन।

यताबाट वेदाङ्गज्यौतिषअनुसार

महत्तम दिनमान–लघुतम दिनमान

= १८ मुहूर्त - १२ मुहूर्त = ६ मुहूर्त

देखिन्छ। यो कुरो वेदाङ्गज्यौतिषकारले स्पष्टसँग बोलेका पनि छन्। सो कुरो अब देखाइन्छ।

महत्तम दिनमान ३६ घडी र लघुतम दिनमान २४ घडी भए अभीष्ट दिनमा दिनमान कति हुन्छ भन्ने प्रश्न उठ्दा एउटा रीति त वेदाङ्गज्यौतिषअनुसार माथि बताइहालियो। परन्तु सो रीतिमा उत्तरायणसङ्क्रान्तिदेखि बितेका दिनका सङ्ख्यालाई वा उत्तरायण हुन बाँकी रहेका दिनका सङ्ख्यालाई २ ले गुनी आएको गुणनफललाई ६१ ले भाग लिई आएको लब्धिलाई १२ मा जोड्दा आएको योगफलतुल्य मुहूर्त दिनमान हुने हुनाले र $\frac{२}{६१}$ मुहुर्तलाई नाप्ने साधन नहुनाले यो सूत्र गणितको दृष्टिबाट युक्तियुक्त भए तापनि व्यवहारोपयुक्त छैन। यस कारण दिनमान नाप्ने अर्को व्यवहारोपयुक्त सूत्र वेदाङ्गज्यौतिषकारले बनाएका छन्। सो सूत्र बुझाउनका लागि पहिले केही कुरा लेखिन्छ।

हस्तोन्मितैर्विस्तृतिदैर्घ्यपिण्डै-
र्यद् द्वादशा[१२]स्रं घनहस्तसंज्ञम्।
धान्यादिके यद् घनहस्तमानं
शास्त्रोदिता मागधखारिका सा ॥७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्रोणस्तु खार्याः खलुः षोडशांशः$\frac{१}{१६}$

स्यादाढको द्रोणचतुर्थभागः$\frac{१}{४}$ ।
प्रस्थश्चतुर्थांशः$\frac{१}{४}$ इहाऽढकस्य
प्रस्थाङ्घ्रि$\frac{१}{४}$राद्यैः कुडवः प्रदिष्टः ॥८॥

(लीलावती परिभाषाप्रकरण)

[१ हात लम्बाइ, १ हात चौडाइ, १ हात उचाइ भएको घनक्षेत्रमा १२ वटा कुना हुन्छन् । त्यो घनक्षेत्रलाई खारी भन्छन् । त्यो खारीलाई मागधखारी भन्छन् । यसको शास्त्रमा व्यवहार छ । खारीको १६ भागको १ भाग द्रोण हुन्छ । द्रोणको ४ भागको १ भाग आढक हुन्छ । आढकको ४ भागको १ भाग प्रस्थ हुन्छ । प्रस्थको ४ भागको १ भाग कुडव हुन्छ ।]



अ क ग घ च छ ज छ यो घनक्षेत्र हो ।
यसको लम्बाइ ज छ हो,
चौडाइ ज झ हो,
उचाइ ज अ हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इह पञ्चानां ग्रहाणां चारद्वयं शीघ्रो मन्दश्च । तत्र सूर्यमण्डलादुदितानां पञ्चानां क्रमेण गमने शीघ्रं चार इत्युच्यते । चरणपदभोगस्तु मूलरेखापर्यन्तं । मन्दचारस्तु वक्त्रगमने पश्चिमाभिमुखेन गमने । चारपदे त्तु मूखां लंघयित्वा गमने । अत एवं क्रमेन धनं । उत्क्रमेणार्द्धचक्रपरित्यागे उणं । अतः क्रमगमणे शीघ्रचार इत्युच्यते । उत्क्रमणे मन्दचारे वक्रचार इत्युच्यते । यदा सूर्यदक्षिगेन गमनं तदा दक्षिणचारः । उत्तरेणोत्तरचार इत्युच्यते । सूर्यप्रभया समीपगताप्रभाया अस्तमनं तदाऽस्तङ्गता इत्युच्यन्ते । बुधो बृहस्पतिश्च शीघ्रचारे बलवान्भवति । भौमकेतू तु वक्रे बलवन्तौ । मन्दशुक्रौ वक्रचार एव । शीघ्रचारे सर्व्वे पूर्व्वाभिमुखाः । वक्त्रे पश्चिमाभिमुखाः ।

इदानीं केतुशुद्धिरुच्यते ।

षट्त्रिंशता मा-

(१६ ख पत्र)

सैः केतुः पञ्चचत्वारि घटिकाश्चरति । प्रतिदिन पाणीपलद्वयं श्वासत्रयञ्चेति । क्रि–यो . . . सूर्यस्य. . . पूर्व्वेण क्रम . . . सूर्यस्य पश्चिमेण . . . समेक सप्तमः ततोऽग्नि . . . मासन्तस्योदयः ते . . . सता मासैस्त्रिगुणितैः पूर्व्वपश्चिमोदयभेदनोदय . . . मण्डले प्रविश्य तिष्ठति । तदा . . . स्य भवन्ति ॥०॥०॥०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ताडपत्रमा लेखिएको कालचक्रानुसारि गणितको चित्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[illegible]

[illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[illegible]

[illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कालचक्रको ज्यौतिषभागको विवेचना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१ सौरवर्षको मान

कालचक्रको ज्योतिषभाग पञ्चाङ्ग गन्ने एक प्रकारको पुस्तक हो अर्थात् करणग्रन्थ हो। करणग्रन्थमा मुख्य गरी १ सौरवर्षमानलाई आधार मानी काम गरिएको हुन्छ। यस कारण कालचक्रकारले १ सौरवर्षको मान कति मानेका छन् भन्ने कुरा पहिले निर्णय गर्नुपरेको छ।

कालचक्रको ३६ श्लोकमा अब्दप ल्याउने रीति दिइएको छ।[१] कालचक्रानुसारिगणितमा त्यसको व्याख्या परेको छ।[२] अब त्यसको नेपाली अनुवाद यहाँ दिइन्छ –

वर्षगणमा ८ जोड्नू। योगफललाई ४०० ले गुन्नू। गुणनफल प्रथम हुन्छ। ८ जोडिएको वर्षगणलाई प्रथमबाट घटाउनू। शेष द्वितीय हुन्छ। द्वितीयलाई ३१७ ले भाग लिनू, लब्धि दिन हुन्छ। शेषलाई ६० ले गुनी ३१७ ले भाग लिनू, लब्धि घडी हुन्छ। यसै गरी पला आदि ल्याउनू। दिनादि लब्धिमा २ दिन ३० घडी जोड्नू। योगफल मेषसङ्क्रान्तिको वारादि हुन्छ। वार ७ भन्दा बढ्ता भए ७ ले तष्ट गर्नू (७ ले भाग लिई शेष मात्र लिनू)।

अब यसका उदाहरण दिइन्छन्।

वर्षगण = ०

```
वर्षगण   ०
       + ८
       ----
         ८
      × ४००
      ------
       ३२००
       — ८
      -----
       ३१९२
```

---

१. यही पुस्तकको १३ पृ.

२. ऐजन ६८ पृ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

		दि.	घ.	प.	वि.
३१७)	३१९२ (	१० ।	४ ।	९ ।	५०

```
३१७) ३१९२ (
     ३१७
     ----
       २२
     × ६०
     ----
     १३२०
     १२६८
     ----
       ५२
     × ६०
     ----
     ३१२०
     २८५३
     ----
      २६७
     × ६०
     ----
    १६०२०
    १५८५०
    -----
      १७०
```

दि.	घ.	प.	वि.
१० ।	४ ।	९ ।	५१
+ २ ।	३०		
१२ ।	३४ ।	९ ।	५१
५ ।	३४ ।	९ ।	५१ वारादि

वर्षगण = १ हुँदा

```
वर्षगण  १
     +  ८
     ----
        ९
   × ४००
   ------
     ३६००
   −    ९
   ------
     ३५९१
```

CC-0. In Public Domain. Digitization by eGangotri

दि. घ. प. वि.

३१७) ३५९१ (११। १९। ४१। ४

३१७
४२१
३१७
१०४
× ६०
६२४०
३१७
३०७०
२८५३
२१७
× ६०
१३०२०
१२६८
३४०
३१७
२३
× ६०
१३८०
१२६८
११२

दि. घ. प. वि.

११। १९। ४१। ४
+ २। ३०
१३। ४९। ४१। ४
६। ४९। ४१। ४ वारादि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्षगण

१
०
―――
अन्तर १

अब्दप

घा.	घ.	प.	वि.
६।	४९।	४१।	४
५।	३४।	९। ५१	
१।	१५।	३१।	१३

वर्षगण = २ हुँदा
वर्षगण १
+ ८
―――
१०
× ४००
―――
४०००
− १०
―――
३९९०

३१७) ३९९० (

दि.	घ.	प.	वि.
१२।	३५।	१२।	१८

३१७
―――
८२०
६३४
―――
१८६
× ६०
―――
११९६०
९५१
―――
१६५०
१५८५
―――
६५
× ६०
―――
३९००
३१७
―――
७३०
६३४
―――
९६
× ६०
―――
५७३०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri


```
 ५७६०
 ३१७
──────
 २५६०
 २५३६
──────
   ५४
```

```
   दि.  घ.  प.  वि.
   १२।  ३५।  १२।  १८
+   २।  ३०
──────────────────
   १५।  ५।  १२।  १८
    १।  ५।  १२।  १८ वारादि
```

```
      वर्षगण                     अब्दप
                          वा.  घ.  प.  वि.
        २                  १।   ५।  १२।  १८
        १                  ६।  ४६।  ४१।   ४
      ────                ──────────────────
अन्तर   १                  १।  १५।  ३१।  १४
```

वर्षगण = ३ हुँदा

```
वर्षगण   ३
       + ८
      ─────
        ११
     × ४००
    ───────
      ४४००
    −   ११
    ───────
      ४३८९
```

```
           दि.  घ.  प.  वि.
३१७) ४३८९ ( १३।  ५०।  ४३।  ३१
     ३१७
    ─────
     १२१९
      ९५१
    ─────
      २६८
    × ६०
    ─────
    १६०८०
```

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१६०८०
१५८५
२३०
× ६०
१३८००
१२६८
११२०
९५१
१६९
× ६०
१०१४०
९५१
६३०
३१७
३१३

दि. घ. प. वि.
१३। ५०। ४३। ३२
+ ३। ३०
१६। २०। ४३। ३२
३। २०। ४३। ३२ वारादि

वर्षगण	अहर्गण
	दि. घ. प. वि.
३	३। २०। ४३। ३२
२	१। ५। १२। १८
अन्तर १	१। १५। ३१। १४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्षगण = ४ हुँदा

वर्षगण ४
+ ८
१२
× ४००
४८००
— १२
४७८८

दि. घ. प. वि.

३१७) ४७८८ (१५। ६। १४। ४५
३१७
१६१८
१५८५
३३
× ६०
१९८०
१९०२
७८
× ६०
४६८०
३१७
१५१०
१२६८
२४२
× ६०
१४५२०
१२६८
१८४०
१५८५
२५५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

	दि.	घ.	प.	वि.	
	१५।	६।	१४।	४६	
+	२।	३०			
	१७।	३६।	१४।	४६	
	३।	३६।	१४।	४६	वारादि

	वर्षगण	अब्दप			
		वा.	घ.	प.	वि.
	४	३।	३६।	१४।	४६
	३	२।	२०।	४३।	३२
अन्तर	१	१।	१५।	३१।	१४

वर्षगण = व

$$\text{अब्दप} = \frac{(\text{व} + \text{८})\,\text{४००} - (\text{व} + \text{८})}{\text{३१७}} + \overset{\text{दि. घ.}}{\text{२। ३०}}$$

$$= \frac{(\text{व} + \text{८})\,(\text{४००} - \text{१})}{\text{३१७}} + \overset{\text{दि. घ.}}{\text{२। ३०}}$$

$$= \frac{(\text{व} + \text{८})\,\text{३९९}}{\text{३१७}} + \overset{\text{दि. घ.}}{\text{२। ३०}}$$

$$= \frac{\text{३९९ व} + \text{८} \times \text{३९९}}{\text{३१७}} + \overset{\text{दि. घ.}}{\text{२। ३०}}$$

$$= \frac{\text{३९९ व} + \text{३१९२}}{\text{३१७}} + \overset{\text{दि. घ.}}{\text{२। ३०}}$$

$$= \frac{\text{३९९ व}}{\text{३१७}} + \frac{\text{३१९२}}{\text{३१७}} + \overset{\text{दि. घ.}}{\text{२। ३०}}$$

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३१७) ३९९ (१.२५८६७५०७८८
३१७
८२०
६३४
१८६०
१५८५
२७५०
२५३६
२१४०
१९०२
२३८०
२२१९
१६१०
१५८५
२५००
२२१९
२८१०
२५३६
२७४०
२५३६
२०४

३१७) ३१९२ (१०.०६९४००६३०९
३१७
२२००
१९०२
२९८०
२८५३
१२७०
१२६८
२०००
१९०२
९८०
९५१
२९००
२८५३
४७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यतावाट कालचक्रअनुसार

१ सौरवर्षको वार = १.२५८६७५०७८८

क्षपक वार = १०.०६६४००६३०६

= ३.०६६४००६३०६

हुने देखिन्छ ।

कालचक्रअनुसार

		वा.	घ.	प.	वि.
१ सौरवर्षको	वारादि =	१।	१५।	३१।	१४

आएकोले कालचक्रकारको विचारअनुसार १ सौरवर्षको सावनदिन

दि.	घ.	प.	वि.	
३६५।	१५।	३१।	१४	हुने देखिन्छ ।

सूर्यसिद्धान्त, आर्यसिद्धान्त तथा ब्रह्मसिद्धान्तनामक ३ सिद्धान्त प्रसिद्ध छन् । तिनमध्ये कुनचाहिं मिद्धान्तले मानेको १ सौरवर्षको मानसँग कालचक्रले मानेको १ सौरवर्षको मान मिल्छ भन्ने विषयमा विचार गर्नु आवश्यक हुन आएको छ । त्यसका लागि पहिले सूर्यसिद्धान्तले मानेको १ सौरवर्षको मान ल्याइन्छ ।

युगे सूर्यज्ञशुक्राणां खचतुष्करदार्णवाः ४३२००००... ॥२९॥
वसुद्व्यष्टाद्रिरूपाङ्कसप्ताद्रितिथयो १५७७९१७८२८ युगे... ॥३७॥

(सूर्यसिद्धान्त मध्यमाधिकार)

[१ महायुग (४३२०००० सौरवर्ष) मा सूर्य, बुध र शुक्रका भगण ४३२०००० हुन्छन्, सावनदिन १५७७९१७८२८ हुन्छन् ।]

यतावाट सूर्यसिद्धान्तअनुसार

४३२०००० सौरवर्षमा

सूर्यभगण	४३२००००
सावनदिन	१५७७९१७८२८

हुने देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१ सौरवर्षका सावनदिन

$$= \frac{\text{१५७७९१७८२८}}{\text{४३२००००}} = \frac{\text{७८८९५८९१४}}{\text{२१६००००}} = \frac{\text{३९४४७९४५७}}{\text{१०८००००}}$$

दि. घ. प. वि. प्र. वि.

= ३६५। १५। ३१। ३१। २४

```
१०८००००) ३९४४७९४५७ (३६५। १५। ३१। ३१। २४
         ३२४००००
         -------
          ७०४७९४५
          ६४८००००
          -------
           ५६७९४५७
           ५४०००००
           -------
            २७९४५७
            × ६०
           -------
   १८०००) २७९४५७
           १८०००
           -------
            ९९४५७
            ९००००
           -------
             ९४५७
             × ६०
           -------
     ३००) ९४५७
          ९००
          -------
           ४५७
           ३००
          -------
           १५७
           × ६०
          -------
       ५) १५७
```

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri


```
 ५) १५७
    १५
   ----
     ७
     ५
   ----
     २
  × ६०
   ----
     २
  × १२
   ----
 १) २४
    २४
```

यतावाट सूर्यसिद्धान्तअनुसार १ सौरवर्षमा ३६५ दिन १५ घडी ३१ पला ३१ विपला २४ प्रतिविपला हुने देखिन्छ।

अब आर्यसिद्धान्तअनुसार १ सौरवर्षको मान ल्याइन्छ।

दन्ताब्धयोऽयुतहता ४३२०००० युगवत्सराः स्युः
सूर्यज्ञशुक्रभगणा अपि तत्समानाः ... ॥३॥
व्योमाभ्रबाणतुरगक्षितिनन्दशैल-
क्ष्माभृच्छिलीमुखभुवः १५७७९१७५०० क्षितिवासराः स्युः ॥८॥

(शिष्यधीवृद्धिद मध्यमाधिकार)

[१ महायुग (४३२०००० सौरवर्ष) मा सूर्य, बुध र शुक्रका भगण ४३२०००० हुन्छन्। सावनदिन १५७७९१७५०० हुन्छन्।]

लल्लको शिष्यधीवृद्धिद आर्यसिद्धान्तअनुसारको हो।[1]

---

१. **आचार्यार्यभटोदितं सुविषमं व्योमौकसां कर्म य-**
च्छिष्याणामभिधीयते तदधुना लल्लेन धीवृद्धिदम् ॥१॥

(शिष्यधीवृद्धिद मध्यमाधिकार)

[आचार्य आर्यभटले बनाएको ग्रहगणितका गाह्रा कुरा चेलाहरूलाई बुझाउन लल्ल शिष्यधीवृद्धिद बनाउँछन्।]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यताबाट आर्यसिद्धान्तअनुसार

४३२०००० सौरवर्षमा

सूर्यभगण	४३२००००
सावनदिन	१५७७९१७५००

हुने देखिन्छ।

१ सौरवर्षका सावनदिन

$$= \frac{१५७७९१७५००}{४३२००००} = \frac{१५७७९१७५}{४३२००} = \frac{५२५९७२५}{१४४००}$$

$$= \frac{१०५११९४५}{२८८०} = \frac{२१०३८९}{५७६}$$

दि. घ. प. वि.

= ३६५। १५। ३१। १५

```
५७६) २१०३८९ (३६५। १५। ३१। १५
      १७२८
      ----
       ३७५८
       ३४५६
       ----
        ३०२९
        २८८०
        ----
         १४९
        × ६०
      ----
   ९६) १४९
       × १०
     ------
       १४९०
         ९६
       ----
        ५३०
        ४८०
       ----
         ५०
```

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri


```
      ५०
    × ६०
  ─────────
  १६) ५०
    × १०
  ─────────
     ५००
     ४८
  ─────────
      २०
      १६
  ─────────
       ४
    × ६०
  ─────────
    ४) १
    × ६०
  ─────────
   १) १५
      १५
```

यसबाट आर्यसिद्धान्तअनुसार १ सौरवर्षमा ३६५ दिन १५ घडी ३१ पला १५ विपला हुने देखिन्छ।

अब ब्रह्मसिद्धान्तअनुसार १ सौरवर्षको मान ल्याइन्छ।

अर्कशुक्रबुधपर्यया विधे-
रह्नि कोटिगुणिता रदाब्धयः ४३२००००००... ॥१॥
भूदिनानि शरवेदभूपगो-
सप्तसप्ततिथयोऽयुताहताः १५७७९१६४५०००० ... ॥९॥

(सिद्धान्तशिरोमणि मध्यमाधिकार भगणाध्याय)

[१ कल्पमा (४३२०००००० सौरवर्षमा) सूर्य, बुध र शुक्रका भगण ४३२०००००० हुन्छन्, सावनदिन १५७७९१६४५०००० हुन्छन्।]

भास्करको सिद्धान्तशिरोमणि ब्रह्मसिद्धान्तअनुसार बनेको हो।'

---

२. अत्र ग्रन्थे ब्रह्मगुप्तस्वीकृतागमोऽङ्गीकृतः।

(सिद्धान्तशिरोमणि मध्यमाधिकार भगणाध्याय १-६ श्लोकको उपपत्ति)

[यस सिद्धान्तशिरोमणिमा ब्रह्मगुप्तले बनाएको सिद्धान्तलाई स्वीकार गरिएको छ।]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यताबाट ब्रह्मसिद्धान्तअनुसार

४३२०००००००० सौरवर्षमा

सूर्यभगण	४३२००००००००
सावनदिन	१५७७९१६४५००००

हुने देखिन्छ ।

१ सौरवर्षका सावनदिन

$$= \frac{१५७७९१६४५००००}{४३२०००००००} = \frac{१५७७९१६४५}{४३२०००} = \frac{५२५९७२१५}{१४४०००}$$

$$= \frac{१७५३२४०५}{४८०००} = \frac{५८४४१३५}{१६०००} = \frac{११६८८२७}{३२००}$$

	दि.	घ.	प.	वि.	प्र. वि.
=	३६५।	१५।	३०।	२२।	३०

```
३२००) ११६८८२७ (३६५। १५। ३०। २२। ३०
       ९६००
       ------
       २०८८२
       १९२००
       ------
        १६८२७
        १६०००
       ------
          ८२७
        × ६०
       -------
  १६०) ८२७
        × ३
       ------
       २४८१
       १६०
       ------
        ८८१
        ८००
       ------
         ८१
```

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

८१
× ६०
८) ८१
× ३
२४३
२४
३
× ६०
२) ३
× १५
४५
४
५
४
१
× ६०
१) ३०
३०

यताबाट ब्रह्मसिद्धान्तअनुसार १ सौरवर्षमा ३६५ दिन १५ घडी ३० पला २२ विपला ३० प्रतिविपला हुने देखिन्छ ।

यहाँसम्मका कुराबाट

१ सौरवर्षमा

	दिन	घडी	पला	विपला	प्रतिविपला
सूर्यसिद्धान्तअनुसार	३६५।	१५।	३१।	३१।	२४
आर्यसिद्धान्तअनुमार	३६५।	१५।	३१।	१५	
ब्रह्मसिद्धान्तअनुसार	३६५।	१५।	३०।	२२।	३०

हुने देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कालचक्रअनुसार भने

१ सौरवर्षमा

३६५। १५। ३१। १४

हुने देखिएको छ ।

यस कारण कालचक्रले दिएको १ सौरवर्षको मान सूर्यसिद्धान्त, आर्यसिद्धान्त तथा ब्रह्मसिद्धान्तको मानसँग मिल्दो रहेनछ भन्ने देखिन आयो । अब यस विषयमा अलि बढ्ता विचार गरिन्छ ।

वराहमिहिरले आफ्नो ग्रन्थ पञ्चसिद्धान्तिकामा प्राचीन सूर्यसिद्धान्त आदिको वर्षमान दिएका छन् । त्यस विषयतिर पहिले आँखा लाइन्छ ।

द्युगणेऽर्कोष्टशत८००घ्ने
विपक्षवेदार्णवे४४२ऽर्कसिद्धान्ते ।
स्वरखद्विद्विनवयमो– २९२२०७
द्धृते क्रमाद् दिनदलेऽवन्त्याम् ।।१।।

(पञ्चसिद्धान्तिका ८ अध्याय)

[अहर्गणलाई ८०० ले गुनी गुणनफलबाट ४४२ घटाउनू । शेषलाई २९२२०७ ले भाग लिनू । भगणादि मध्यमसूर्य आउँछन् । यी मध्यम ग्रह सूर्यसिद्धान्तअनुसारका हुन् । अवन्तीको मध्याह्नमा यी मध्यम ग्रह आउँछन् ।]

यताबाट वराहमिहिरको (पञ्चसिद्धान्तिकाको) सूर्यसिद्धान्तअनुसार

सूर्यभगण = ८०० = सौरवर्ष

सावनदिन = २९२२०७

हुने देखिन्छ ।

८००) २९२२०७ (३६५। १५। ३१। ३०
२४००
———
५२२०
४८००
———
४२०७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४२०७
४०००
———
२०७
× ६०
———
४०) २०७
× ६
——
६२१
४०
———
२२१
२००
———
२१
× ६०
———
२) २१
× ३
———
१३
६
———
३
२
———
१
× ६०
———
१) ३०
३०

यताबाट पञ्चसिद्धान्तिकाको सूर्यसिद्धान्तअनुसार १ सौरवर्षमा ३६५ दिन १५ घडी ३१ पला ३० विपला हुने देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मूल पाठ

मध्यमञ्च भवेत्तत्र सूर्यादीनां यथाक्रमम् ।
आदित्यस्य खशून्याभ्रवेमपिण्डबलाहकैः ...
भागैर्शून्यखसूर्याद्रिकोषरुद्रगुणार्तुभिः ।
तस्य सूत्रस्याङ्क
भानोर्द्युगण गुण १७२८००००...
सर्वग्रहमध्यमसाधने भागाहार ६३११६७१२००

(सुमतितन्त्र ताडपत्र १० ख-११ क पत्र । वि. सं. २०३५ मा त्रिभुवन-विश्वविद्यालयको पाठ्यक्रमविकासकेन्द्रद्वारा प्रकाशित नयराज पन्त, देवीप्रसाद भण्डारी र दिनेशराज पन्तद्वारा सम्पादित सुमतितन्त्रका १९, २० पृ.)

संशोधित पाठ

मध्यमानयनं वक्ष्ये सूर्यादीनां यथाक्रमम् ।
आदित्यस्य खशून्याभ्रव्योमपिण्डबलाहकाः १७२८०००० ॥
भाजकः खाभ्रसूर्याद्रिकोषरुद्रगुणर्तवः ६३११६७१२०० ।
अस्य सूत्रस्याऽङ्कव्याख्या ।
द्युगणस्य गुणकाः कथ्यन्ते ।

भानोर्गुणः १७२८०००० (एका कोटिः द्विसप्ततिः लक्षाणि अशीतिः सहस्राणि)

सर्वेषां भाजकः ६३११६७१२०० (षट् पद्मानि एकत्रिंशत् कोटयः षोडश लक्षाणि एकसप्ततिः सहस्राणि द्वे शते)

[अहर्गणलाई १७२८०००० ले गुनी आएको गुणनफललाई ६३११६७१२०० ले भाग लिनू, मगणादि मध्यम सूर्य आउँछन् ।]

(वि. सं. २०३५ मा संशोधन-मण्डलद्वारा प्रकाशित पूर्णिमा ४१ अङ्कका १-१९ पृष्ठमा छापिएको नयराज पन्त, देवीप्रसाद भण्डारी र दिनेशराज पन्तको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुमतितन्त्रको आधारग्रन्थ भन्ने निबन्ध, सो अङ्कका २–३ पृ.)

	सूर्यभगण	सावनदिन
/	१७२८००००	६३११६७१२००
२ /	१७२८००	६३११६७१२
२ /	८६४००	३१५५८३५६
२ /	४३२००	१५७७९१७८
३ /	२१६००	७८८९५८९
३ /	७२००	२६२९८६३
३ /	२४००	८७६६२१
	८००	२९२२०७

यताबाट सुमतितन्त्रअनुसार ८०० सौरवर्षमा २९२२०७ सावनदिन हुने देखियो। वराहमिहिरले दिएको सूर्यसिद्धान्तअनुसार पनि यही सङ्ख्या आउँछ भन्ने कुरा भरखरै माथि भनियो। यस कारण सुमतितन्त्रको वर्षमान र वराहमिहिरको सूर्यसिद्धान्तको वर्षमान एउटै हो भन्ने सिद्ध भयो। यो वर्षमान पनि कालचक्रले दिएको वर्षमानसँग मिल्दैन।

रोमकयुगमर्केन्द्वो-
र्वर्षाण्याकाशपञ्चवसुपक्षाः २८५०।
खेन्द्रियदिशो१०५० ऽधिमासाः
स्वरकृतविषयाष्टयः१६५४७ प्रलयाः ॥१५॥

(पञ्चसिद्धान्तिका १ अध्याय)

[रोमकसिद्धान्तअनुसार सूर्य र चन्द्रको गणना हुन्छ। त्यहाँ २८५० सौरवर्षमा १०५० अधिमास, १६५४७ अवमदिन हुन्छन्।]

$$
\begin{array}{rl}
२८५० & = \text{सौरवर्ष} \\
\times १२ & \\
\hline
३४२०० & = \text{सौरमास} \\
+१०५० & = \text{अधिमास} \\
\hline
३५२५० & = \text{चान्द्रमास}
\end{array}
$$

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३५२५० = चान्द्रमास
×३०
१०५७५०० = चान्द्रदिन
-१६५४७ = अवमदिन
१०४०९५३ = सावनदिन

यताबाट २८५० सौरवर्षमा १०४०९५३ सावनदिन हुने देखियो।

	सौरमास	सावनदिन
१९)	२८५०	१०४०९५३
	१५०	५४७८७

यताबाट रोमकसिद्धान्तअनुसार १५० सौरवर्षमा ५४७८७ सावनदिन हुने देखिन्छ। यो कुरो पञ्चसिद्धान्तिकाको अर्को श्लोकबाट पनि सिद्ध हुन्छ —

रोमकसूर्यो द्युगणात्
खतिथि१५०घ्नात् पञ्चकर्तु६५परिहीनात्।
सप्ताष्टकसप्तकृते-
न्द्रियो ५४७८७ द्धृताद् मध्यमार्कः सः ॥१॥

(पञ्चसिद्धान्तिका ८ अध्याय)

[अहर्गणलाई १५० ले गुनी गुणनफलबाट ६५ घटाउनू, शेषलाई ५४७८७ ले भाग लिनू, रोमकसिद्धान्तअनुसारका भगणादि मध्यम सूर्य आउँछन्।]

दि. घ. प.
१५०) ५४७८७ (३६५। १४। ४८
४५०
९७८
९००
७८७
७५०
३७
×६०
५) ३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri


```
५ ) ३७
   ×२
  ----
    ७४
    ५
  ----
    २४
    २०
  ----
     ४
   ×६०
  ----
  १ ) ४
    ×१२
  ----
    ४८
    ४८
  ----
```

यताबाट रोमकसिद्धान्तअनुसार १ सौरवर्षमा ३६५ सावनदिन १४ घडी ४८ पला हुने देखिन्छ। यो वर्षमान पनि कालचक्रले दिएको वर्षमानसँग मिल्दैन।

खार्क१२०घ्नेऽग्निहुताशन ३३–
मपास्य रूपाग्निवसुहुताशकृतैः ४३८३१।
हृत्वा क्रमाद् दिनेशो
मध्यः ...   ॥१॥...
इति पौलिशसिद्धान्तः

(पञ्चसिद्धान्तिका ३ अध्याय)

[अहर्गणलाई १२० ले गुनी गुणनफलबाट ३३ घटाउनू, शेषलाई ४३८३१ ले भाग लिनू, पौलिशसिद्धान्तअनुसारका भगणादि मध्यम सूर्य आउँछन्।]

यताबाट पौलिशसिद्धान्तअनुसार १२० सौरवर्षमा ४३८३१ सावनदिन हुने देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दि. घ. प.

१२०) ४३८३१ (३६५। १५। ३०
३६०
७८३
७२०
६३१
६००
३१
×६०
२) ३१
× १
३१
२
११
१०
१
×६०
१) १
×३०
३०
३०

यताबाट पौलिशसिद्धान्तअनुसार १ सौरवर्षमा ३६५ सावनदिन १५ घडी ३० पला हुने देखिन्छ। यो वर्षमान पनि कालचक्रले दिएको वर्षमानसँग मिल्दैन।

सौरवर्ष २ प्रकारको हुन्छ। सूर्यले एक नक्षत्रको कुनै बिन्दुदेखि भ्रमण प्रारम्भ गरी सोही नक्षत्रको सोही बिन्दुमा फेरि आइपुग्ने समयलाई निरयण सौरवर्ष वा नाक्षत्र सौरवर्ष भन्दछन्। सूर्यले गोलसन्धिबाट भ्रमण प्रारम्भ गरी फेरि सोही गोलसन्धिमा आइपुग्ने समयलाई सायन सौरवर्ष वा आर्तव सौरवर्ष भन्दछन्।

नाक्षत्र सौरवर्षमा ३६५. २५६३६२८ सावनदिन हुन्छन्। आर्तव सौरवर्षमा ३६५. २४२१९४८ सावनदिन हुन्छन्। प्रत्येक वर्षको नाविक पञ्चाङ्गमा यी मान दिइएका हुन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाक्षत्र सौरवर्षमा

.२५६३६२८ दिन

× ६०

१५.३८१७६८० घडी

.३८१७६८

× ६०

२२.९०६०८० पला

.९०६०८

× ६०

५४.३६४८० विपला

.३६४८

× ६०

२१.८८८० प्रतिविपला

दिन	घडी	पला	विपला	प्रतिविपला
३६५।	१५।	२२।	५४।	२१.८८८

आर्तव सौरवर्षमा

.२४२१९४८ दिन

× ६०

१४.५३१६८८० घडी

.५३१६८८

× ६०

३१.९०१२८० पला

.९०१२८

× ६०

५४.०७६८० विपला

.०७६८

× ६०

४.६०८० प्रतिविपला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१ सौरवर्षको मान

दिन	घडी	पला	विपला	प्रतिविपला
३६५।	१४।	३१।	५४।	४.६०८

१ सौरवर्षका सावनदिन

	दिन	घडी	पला	विपला	प्रतिविपला
काल.चक्रअनुसार	३६५।	१५।	३१।	१४	
सूर्यसिद्धान्तअनुसार	३६५।	१५।	३१।	३१।	२४
आर्यसिद्धान्तअनुसार	३६५।	१५।	३१।	१५	
ब्रह्मसिद्धान्तअनुसार	३६५।	१५।	३०।	२२।	३०
प्राचीन सूर्यसिद्धान्त-अनुसार	३६५।	१५।	३१।	३०	
रोमकसिद्धान्तअनुसार	३६५।	१४।	४८		
पौलिशसिद्धान्तअनुसार	३६५।	१५।	३०		
नात्रिक पञ्चाङ्गअनुसार (नाक्षत्र सौरवर्ष)	३६५।	१५।	२२।	५४।	२३
नाविक पञ्चाङ्गअनुसार (आर्तव सौरवर्ष)	३६५।	१४।	३१।	५४।	५

हुने देखिन्छ ।

यताबाट कालचक्रअनुसारको बर्षमान अरु सिद्धान्तको भन्दा आर्यसिद्धान्तको नगीच छ, केवल १ पलाको मात्र अन्तर परेको छ भन्ने देखिन्छ। यसरी आर्य-सिद्धान्तको अनुसरण कालचक्रकारले गरेका थिए कि भने जस्तो देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रहका मन्दोच्च

कालचक्रको ३३ श्लोकमा सूर्यको जन्मनक्षत्र ६ नक्षत्र ४५ घडी हुन्छ भनी लेखिएको छ ।[१]

कालचक्रको ४१ श्लोकमा मङ्गलको जन्मनक्षत्र ८ नक्षत्र ३० घडी हुन्छ भनी लेखिएको छ ।[२]

कालचक्रको ४५ श्लोकमा बुधको जन्मनक्षत्र १६ नक्षत्र ३० घडी हुन्छ भनी लेखिएको छ ।[३]

कालचक्रको ४७ श्लोकमा बृहस्पतिको जन्मनक्षत्र १२ नक्षत्र हुन्छ भनी लेखिएको छ ।[४]

कालचक्रको ४८ श्लोकमा शुक्रको जन्मनक्षत्र ६ नक्षत्र हुन्छ भनी लेखिएको छ ।[५]

कालचक्रको ४८ श्लोकमा शनैश्चरको जन्मनक्षत्र १८ नक्षत्र हुन्छ भनी लेखिएको छ ।[६]

कालचक्रकारले ग्रहका मन्दोच्चलाई ग्रहका जन्मनक्षत्र भनी नाम राखेका छन् । यतावाट सूर्यको मन्दोच्च = ६।४५ हुने देखिन्छ ।

$$६।४५ = ६\frac{४५}{६०} = ६\frac{३}{४} = \frac{२७}{४}$$

२७ नक्षत्रले ३६० अंश हुन्छन् ।

यस कारण

$$१ \text{ नक्षत्र} = \frac{३६०}{२७} \text{ अंश} = \frac{४०}{३} \text{ अंश}$$

---

१. यही पुस्तकको ६ पृ.
२. ऐजन १८ पृ.
३. ऐजन २२ पृ.
४. ऐजन २३ पृ.
५. ऐजन २४ पृ.
६. ऐजन २४ पृ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सूर्यको मन्दोच्च $= \frac{२७}{४} \times \frac{४०}{३} = ९ \times १० = ९०$ अंश

मङ्गलको मन्दोच्च $= ९।३० = ९\frac{३०}{६०} = ९\frac{१}{२} = \frac{१९}{२}$ नक्षत्र

$= \frac{१९}{२} \times \frac{४०}{३} = १९ \times \frac{२०}{३} = \frac{३८०}{३} = १२६\frac{२}{३}$ अंश

बुधको मन्दोच्च $= १६।३० = १६\frac{३०}{६०} = १६\frac{१}{२} = \frac{३३}{२}$ नक्षत्र

$= \frac{३३}{२} \times \frac{४०}{३} = ११ \times २० = २२०$ अंश

बृहस्पतिको मन्दोच्च $= १२$ नक्षत्र $= १२ \times \frac{४०}{३} = ४ \times ४० = १६०$ अंश

शुक्रको मन्दोच्च $= ६$ नक्षत्र $= ६ \times \frac{४०}{३} = २ \times ४० = ८०$ अंश

शनैश्चरको मन्दोच्च $= १८$ नक्षत्र $= १८ \times \frac{४०}{३} = ६ \times ४० = २४०$ अंश

यताबाट कालचक्रअनुसार

ग्रह	मन्दोच्चांश
सूर्य	९०
मङ्गल	$१२६\frac{2}{3}$
बुध	२२०
बृहस्पति	१६०
शुक्र	८०
शनैश्चर	२४०

हुने देखिन्छ ।

सुमतितन्त्रकारले

मूल पाठ

भानो मन्दोचांश ८०

कुजस्य मन्दोचांश ११०

बुधस्य मन्दोचांश २२०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुरो मन्दोचांश १६०
सितस्य मन्दोचांश ८०
सौरस्य मन्दोचांश २४०

(सुमतितन्त्र ताडपत्र २१ ख १त्र, मुद्रित ३६ पृ)

संशोधित पाठ

भानोर्मन्दोच्चांशाः ८० (अशीतिः)
कुजस्य मन्दोच्चांशाः ११० (दशाधिकं शतम्)
बुधस्य मन्दोच्चांशाः २२० (विंशत्यधिकं शतद्वयम्)
गुरोर्मन्दोच्चांशाः १६० (षष्टयधिकं शतम्)
सितस्य मन्दोच्चांशाः ८० (अशीतिः)
सौरेर्मन्दोच्चांशाः २४० (चत्वारिंशदधिकं शतद्वयम्)

भनी बोलेका छन् ।

यताबाट कालचक्रकारको र सुमतितन्त्रकारको मतमा बुध, बृहस्पति, शुक्र, शनैश्चरका मन्दोच्च ट्वाक्क मिलेका छन्; सूर्य र मङ्गलका मन्दोच्चमा भने भेद परेको छ भन्ने देखिन्छ । यस कारण यस विषयमा अरू विचार गर्नुपरेको छ ।

रवेर्गजाद्रयों ७८ शका मृदूच्चजाः ॥३॥

(रत्नदीप पञ्चाङ्गाधिकार । वि. सं. २०३५ मा संशोधन–मण्डलद्वारा प्रकाशित नयराज पन्त र रामजी तेवारीद्वारा सम्पादित रत्नदीपको ५ पृ.)

[सूर्यको मन्दोच्च ७८ अंश हुन्छ ।]

द्विरामचन्द्रैः १३२ शरपक्षदस्रै २२५–
र्यमाद्रिचन्द्रैः १७२ कुगजै ८१ मृदूच्चैः ।
नागाग्निदस्रैः २३८ कुसुताद् विशुद्धाः
प्राग्द्राग्ग्रहाः स्युर्मृदुकेन्द्रकानि ॥११॥

(रत्नदीप पञ्चताराग्रहाधिकार । रत्नदीपको १४ पृ.)

[मङ्गलको मन्दोच्च १३२ अंश हुन्छ । बुधको मन्दोच्च २२५ अंश हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वृहस्पतिको मन्दोच्च १७२ अंश हुन्छ। शुक्रको मन्दोच्च ८१ अंश हुन्छ। शनैश्चरको मन्दोच्च २३८ अंश हुन्छ। अघि ल्याएका शीघ्र स्पष्टग्रहबाट मन्दोच्च घटाइदिनू, मन्दकेन्द्र आउँछन्।]

रत्नदीप सूर्यसिद्धान्तअनुसारको हो।[७]

यताबाट सूर्यसिद्धान्त अनुसार

ग्रह	मन्दोच्चांश
सूर्य	७८
मङ्गल	१३२
बुध	२२५
वृहस्पति	१७२
शुक्र	८१
शनैश्चर	२३८

हुने देखिन्छ।

दिवाकरोच्चं भुजगाचला ७८ लवाः ॥९॥

(शिष्यधीवृद्धिद स्पष्टाधिकार)

---

७. **श्रीहेरम्बं माधवं वामदेवं**
नत्वा देवीं भास्करं शिष्यतुष्ट्यै।
ब्रूते कृष्णानन्दजो रत्नदीपं
गोभूमेघो१७१९ने शके सौरसूत्रात् ॥१॥

(रत्नदीप मध्यमाधिकार)

[कृष्णानन्दका छोरा लक्ष्मीपतिले गणेश, विष्णु, महादेव, देवी र सूर्यलाई ढोगेर चेलाको सन्तोषको लागि शाके १७१९ (वि. सं. १८५४) मा सूर्यसिद्धान्तको आधारमा रत्नदीप बनाउँछन्।]

(वि. सं. २०२३ मा प्रकाशित पूर्णिमा ११ अङ्कका ४९-६२ पृष्ठमा छापिएको रामजी तेवारीको दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएको रत्नदीप भन्ने निबन्ध, सो अङ्कको ४९ पृ.। त्यहाँ छापिएको अनुवादमा केही फरक पारी यहाँ दिइएको छ।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[सूर्यको मन्दोच्च ७८ अंश हुन्छ ।]

वस्वीशा ११८ दशबाहवो २१० स्बरधृतिः १८०
खाङ्का ९० रसत्र्यश्विनो २३६
मान्दांशा ...
... सितिजज्ञजीवभृगुजच्छायासुतानां क्रमात् ।।२८।।

(शिष्यधीवृद्धिद स्पष्टाधिकार)

[मङ्गलको मन्दोच्च ११८ अंश हुन्छ । बुधको मन्दोच्च २१० अंश हुन्छ । बृहस्पतिको मन्दोच्च १८० अंश हुन्छ । शुक्रको मन्दोच्च ९० अंश हुन्छ । शनैश्चर-को मन्दोच्च २३६ अंश हुन्छ ।]

शिष्यधीवृद्धिद आर्यसिद्धान्तअनुसारको हो ।[८]

यतावाट आर्यसिद्धान्तअनुसार

ग्रह	मन्दोच्चांश
सूर्य	७८
मङ्गल	११८
बुध	२१०
बृहस्पति	१८०
शुक्र	९०
शनैश्चर	२३६

हुने देखिन्छ ।

मन्दोच्चमर्कस्य गजाद्रि ७८ भागा
भौमादिकानां सदलाष्टसूर्याः १२८।३०।
तत्त्वाश्विनः २२५ सार्द्धयमाद्रिचन्द्राः १७२।३०
ख्वष्टौ ८१ मतङ्गाग्नियमाः २३८ क्रमेण ।।१।।

(करणकुतूहल स्पष्टाधिकार)

[सूर्यको मन्दोच्च ७८ अंश हुन्छ । मङ्गलको मन्दोच्च १२८ अंश ३० कला हुन्छ । बुधको मन्दोच्च २२५ अंश हुन्छ । बृहस्पतिको मन्दोच्च १७२ अंश ३०

८. यही पुस्तकको ९० पृ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कला हुन्छ । शुक्रको मन्दोच्च ८१ अंश हुन्छ। शनैश्चरको मन्दोच्च २३८ अंश हुन्छ।]

करणकुतूहल ब्रह्मसिद्धान्तअनुसारको हो।[१]

यताबाट ब्रह्मसिद्धान्तअनुसार

ग्रह	मन्दोच्चांश
सूर्य	७८
मङ्गल	१२८।३०
बुध	२२५
बृहस्पति	१७२।३०
शुक्र	८१
शनैश्चर	२३८

हुने देखिन्छ।

मन्दोच्चांश

ग्रह	कालचक्र	प्राचीन सूर्यसिद्धान्त	नवीन सूर्यसिद्धान्त	आर्यसिद्धान्त	ब्रह्मसिद्धान्त
सूर्य	९०	८०	७८	७८	७८
मङ्गल	१२६।४०	११०	१३२	११८	१२८ ३०
बुध	२२०	२२०	२२५	२१०	२२५
बृहस्पति	१६०	१६०	१७२	१८०	१७२।३०
शुक्र	८०	८०	८१	९०	८१
शनैश्चर	२४०	२४०	२३८	२३६	२३८

---

९. गणेशं गिरं पद्मजन्माच्युतेशान्
ग्रहान् भास्करो भास्करादींश्च नत्वा ।
लघुप्रक्रियं प्रस्फुटं खेटकर्म
प्रवक्ष्याम्यथ ब्रह्मसिद्धान्ततुल्यम् ॥१॥

(करणकुतूहल मध्यमाधिकार)

[गणेश, सरस्वती, ब्रह्मा, विष्णु र सूर्य आदि ग्रहलाई ढोगेर ब्रह्मसिद्धान्त-अनुसारको सजिलैसँग ग्रह स्पष्ट हुने (करणकुतूहल) म भास्कर बताउँछु।]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो सारणी हेर्दा कालचक्रको मन्दोच्चांश अन्तमन्दा प्राचीन सूर्यसिद्धान्तसँग बढ्ता मिलेको देखिन्छ । तर त्यहाँ पनि सूर्यको मन्दोच्च र मङ्गलको मन्दोच्चसँग ज्यादै अन्तर परेको छ । बरु कालचक्रको मङ्गलको मन्दोच्च ब्रह्मसिद्धान्तको मङ्गलको मन्दोच्चसँग अलि नगीचमा छ। यस कारण यस विषयमा अझ बढ्ता विचार गर्नुपरेको छ ।

उच्चमर्कं दिनपतेर्ग्रहपूर्वं
राम३शम्भु११नृप१६दन्त३२समानम् ।
संयुतं च करणाद् गतवर्षैः
संहतद्विरिपुभि६२र्विकलाभिः ॥१७॥

(सर्वानन्दकरण स्पष्टाधिकार)

[सूर्यको मन्दोच्च ३ राशि ११ अंश १६ कला ३२ विकला हुन्छ । यो मन्दोच्च क्षेपक (वि सं १६६१ को) हो । सूर्यको मन्दोच्चको वार्षिक गति ६२ विकला हुन्छ । वर्षगणले मन्दोच्चको सो गतिलाई गुनेर आएको गुणनफल मन्दोच्च-को क्षेपकमा जोडिदिनू, इष्टवर्षको सूर्यको मन्दोच्च हुन्छ ।]

सर्वानन्दकरण सायनग्रहको साधना गर्छ ।[१०]

यताबाट वि. सं. १६६१ मा सूर्यको सायन मन्दोच्च ३ राशि ११ अंश १६ कला ३२ विकला हुन्छ भन्ने देखिन्छ ।

---

१०. प्रोक्तं त्वत्राखिलगणकहितं
दृक्सिद्धं सायनलवगणितम् ।
योगर्क्षाणि व्ययनदिनकरे-
न्दुभ्यां शास्त्रेऽतोऽयनकरणम् ॥४०॥

(सर्वानन्दकरण स्पष्टाधिकार)

[सबै मतका गणकहरूलाई काम लागोस् भनी यस सर्वानन्दकरणमा दृक्सिद्ध सायनग्रह ल्याइएका छन् । निरयण चन्द्र र सूर्यबाट ल्याइएका नक्षत्र र योगबाट काम गर्नू भनी शास्त्रमा लेखिएको छ । यस कारण अब अयनांश ल्याउने रीति बताउँछु ।]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कालचक्रकारले सूर्यको मन्दोच्च ९० अंश दिएका छन् । अब सर्वानन्दकरण-अनुसार कुन वर्षमा सूर्यको सायन मन्दोच्च ९० अंश थियो भन्ने कुरामा विचार गरिन्छ ।

रा.	अं.	क.	वि.	
३।	११।	१६।	३२	सर्वानन्दकरणले दिएको सूर्यको मन्दोच्च
−३।				कालचक्रले दिएको सूर्यको मन्दोच्च
०।	११।	१६।	३२	

११
× ६०
६६०
+ १६
६७६
× ६०
४०५६०
+ ३२
४०५९२

६२) ४०५९२ (६५४
३७२
३३९
३१०
२९२
२४८
४४

वि. सं. १९६१
− ६५५
१३०६

यताबाट सर्वानन्दकरणकारको मतअनुसार वि. सं. १३०६ मा सूर्यको सायन मन्दोच्च ९० अंश हुने देखिन्छ । यस कारण कालचक्रको रचना यसैताका भएको जस्तो देखिन आउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वानन्दकरणकारले अयनांशको वार्षिक गति ५१ विकला जति दिएका छन्।[११] उनले सूर्यमन्दोच्चको वार्षिक सायनगति ६२ विकला दिए। यस कारण सूर्यमन्दोच्चको वार्षिक गति ११ विकला जति देखिन आउँछ। यो कुरो प्राचीन सिद्धान्तको अनुकूल छैन। जस्तै–

सप्तभिः७ स्मरहरैः११ खभूमिभिः१०
सागरै४रिषुभि५रीक्षणर्तुभिः६२।
वत्सरैर्दिनकराद् यथाक्रमं
मन्दतुङ्गविकला विवर्धते ॥

(सिद्धान्तशिरोमणि मध्यमाधिकार भगणाध्याय १–६ श्लोकको वासनावार्तिक)

[७ वर्षमा सूर्यमन्दोच्चको १ विकला गति हुन्छ। ११ वर्षमा मङ्गलमन्दोच्च-को १ विकला गति हुन्छ। १० वर्षमा बुधमन्दोच्चको १ विकला गति हुन्छ। ४ वर्षमा बृहस्पतिमन्दोच्चको १ विकला गति हुन्छ। ५ वर्षमा शुक्रमन्दोच्चको १ विकला गति हुन्छ। ६२ वर्षमा शनैश्चरमन्दोच्चको १ विकला गति हुन्छ।]

यस कारण माथि गणित गरी ल्याइएको वि. सं १३०६ निःसन्दिग्ध हुन सक्तैन भन्ने स्पष्ट छ।

वर्तमान सूर्यसिद्धान्तअनुसार वि. सं. १२०० तिर १० अंश अयनांश हुन्छ।[१२] प्राचीन सूर्यसिद्धान्तअनुसार सूर्यको मन्दोच्च ८० अंश हुन्छ भन्ने कुरा माथि परिसकेको छ। यस कारण कालचक्रकारले दिएको सायन सूर्यमन्दोच्च ९० अंश वि. सं. १२०० तिर हुन आउने देखिन्छ।

अब यस विषयमा अझ बढ्ता विचार गरिन्छ।

---

११. सर्वानन्दकरण स्पष्टाधिकार ४४ श्लोक

१२. वि. सं. २०३३ मा प्रकाशित पूर्णिमा ३५ अङ्कका १६९–१७७ पृष्ठमा छापिएको रामजी तेवारीको दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएको रत्नदीप सूर्यचन्द्रस्पष्टीकरणाधिकार (दोस्रो अध्याय) भन्ने निबन्ध, सो अङ्कको १७४ पृ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्क्रान्तिको क्षेपकको विषयमा कालचक्रकारले ३७–३८ श्लोकमा बोलेका छन् । त्यही प्रसङ्गमा अर्को एउटा घतलाग्दो कुरा विमलप्रभाकारले बोलेका छन् । सो कुरो यही पुस्तकको १५ पृष्ठमा छापिएको छ । त्यसको अनुवाद तल दिइन्छ—

यहाँ घटी बढी भएको कुरा कसरी थाहा पाउने भन्ने काइदा बताइन्छ । उत्तरायणसङ्क्रान्तितिर १० दिनसम्म शङ्कुको छायाको परीक्षा गर्नू । जुन दिन-देखि उत्तरतिरबाट छाया फर्कन थाल्छ, त्यो उत्तरायणसङ्क्रान्ति हो । त्यस वेला जुन वार, तिथि, योग, करण पर्छन्; उत्तरायणसङ्क्रान्तिका वार, तिथि, योग, करण तिनै हुन्छन् । त्यस दिन सूर्यको नक्षत्र २० घडी १५ हुन्छ । यो मूल ध्रुव हो ।

यी वाक्यद्वारा आउने तात्पर्यको विषयमा केही विचार गरिन्छ ।

उत्तरायणसङ्क्रान्तितिर १० दिनसम्म शङ्कुको छाया हेर्दै जानू, जुन दिन-देखि उत्तरतिरबाट छाया फर्कन थाल्छ, त्यो उत्तरायणसङ्क्रान्ति हो , त्यस दिन सूर्यको नक्षत्र २० घडी १५ हुन्छ भनी यहाँ लेखिएको छ ।

यस कुराबाट उत्तरायणसङ्क्रान्तिदेखि छाया घट्न थाल्छ भन्ने कुरा बुझिन्छ । मध्याह्नकालमा सूर्यको शङ्कुको छाया ल्याउने रीति सिद्धान्तशिरोमणिमा यसरी दिइएको छ —

स सौम्यगोलो भदलं यदाद्यं
यात्म्योऽपरं सायनभागभानोः ।
क्रान्तेः ककुब् गोलवशेन वेद्या
सदाऽक्षलम्बाविह याम्यसौम्यौ ॥३१॥
पलावलम्बावपमेन संस्कृतौ
नतोन्नते ते भवतो दिवादले ।
लवादिकं वा नवते९०र्विशोधितं
नतं भवेदुन्नतमुन्नतं नतम् ॥३२॥
नतांशजीवा भवतीह दृग्ज्या
दिनार्धशङ्कुश्च तथोन्नतज्या ... ॥३३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दृग्ज्यात्रिजीवे रवि१२सङ्गुणे ते
शङ्कूद्धृते भाश्रवणे भवेताम् ... ॥४०॥

(सिद्धान्तशिरोमणि त्रिप्रश्नाधिकार)

[सायनसूर्यको मेषादिदेखि कन्यान्तसम्म उत्तरगोल हुन्छ। सायनसूर्यको तुलादिदेखि मीनान्तसम्म दक्षिणगोल हुन्छ। जुन गोलमा सूर्य हुन्छन्, क्रान्तिको दिशा त्यही हुन्छ। अक्षांशको दिशा दक्षिण हुन्छ, लम्बांशको दिशा उत्तर हुन्छ। अक्षांश र क्रान्त्यंशको संस्कार गर्नू अर्थात् दुवै एउटै दिशाका भए जोड्नू, भिन्न दिशाका भए घटाउनू, मध्याह्नकालको नतांश आउँछ। यसै गरी लम्बांश र क्रान्त्यंशको संस्कार गर्नू अर्थात् दुवै एउटै दिशाका भए जोड्नू, भिन्न दिशाका भए घटाउनू, मध्याह्नकालको उन्नतांश आउँछ। नतांशलाई ९० अंशबाट घटाउनू, उन्नतांश आउँछ। उन्नतांशलाई ९० अंशबाट घटाउनू, नतांश आउँछ।

नतांशको ज्यालाई दृग्ज्या भन्छन्। उन्नतांशको ज्यालाई शङ्कु भन्छन्। दृग्ज्यालाई १२ ले गुनी शङ्कुले भाग लिनू, छाया हुन्छ। त्रिज्यालाई १२ ले गुनी शङ्कुले भाग लिनू, छायाकर्ण हुन्छ।]

उत्तरगोलमा अक्षांश र क्रान्त्यंशको अन्तर गर्नू, नतांश हुन्छ; लम्बांश र क्रान्त्यंशको योग गर्नू, उन्नतांश हुन्छ।

दक्षिणगोलमा अक्षांश र क्रान्त्यंशको योग गर्नू, नतांश हुन्छ; लम्बांश र क्रान्त्यंशको अन्तर गर्नू, उन्नतांश हुन्छ।

नतांशको ज्यालाई दृग्ज्या भन्छन्। उन्नतांशको ज्यालाई शङ्कु भन्छन्। दृग्ज्यालाई १२ ले गुनी शङ्कुले भाग लिनू, छाया हुन्छ।

भनी यहाँ लेखिएको छ।

उत्तरायण भनेको दक्षिणगोलको मध्यबिन्दु हो। यस कारण त्यस दिन सूर्यको परम दक्षिणक्रान्ति हुन्छ। यस कारण उत्तरायणको दिन मध्याह्नकालमा नतांश = अक्षांश + परमक्रान्ति हुन्छ। अर्थात् नतांश महत्तम हुन्छ। नतांश महत्तम भएको हुनाले उन्नतांश लघुतम हुन्छ। यस कारण त्यस दिन

$$\text{छाया} = \frac{\text{नतांशज्या} \times १२}{\text{उन्नतांशज्या}}$$

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस समीकरणमा १२ स्थिर छ। नतांशज्या महत्तम, उन्नतांशज्या लघुतम भएको हुनाले छाया महत्तम हुन्छ। त्यसको भोलिपल्टदेखि छाया घट्न थाल्छ।

भुजांश	क्रान्त्यंश अं.	क्रान्त्यंश क.
९०	२३	२७.३
८९	२३	२७.१
८८	२३	२६.४
८७	२३	२५.२
८०	२३	४.७

(ज्योतिर्गणित पञ्चाङ्गाध्याय १७ कोष्ठक)

भुजांश	क्रान्त्यंश अं.	क्रान्त्यंश क.
०	०	०.०
१	०	२३.९
२	०	४७.९
३	१	११.७

(ज्योतिर्गणित पञ्चाङ्गाध्याय १७ कोष्ठक)

	अं.	क.
२ भुजांश हुँदा क्रान्त्यंश	०	४७.६
१ भुजांश हुँदा क्रान्त्यंश	०	२३.९
अन्तर	०	२४.०

	अं.	क.
३ भुजांश हुँदा क्रान्त्यंश	१	११.७
२ भुजांश हुँदा क्रान्त्यंश	०	४७.९
अन्तर	०	२३.८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

	अं.	क.
९० भुजांश हुँदा क्रान्त्यंश	२३	२७.३
८९ भुजांश हुँदा क्रान्त्यंश	२३	२७.१
अन्तर	०	०.२

	अं.	क.
८९ भुजांश हुँदा क्रान्त्यंश	२३	२७.१
८८ भुजांश हुँदा क्रान्त्यंश	२३	२६.४
अन्तर	०	०.७

	अं.	क.
८८ भुजांश हुँदा क्रान्त्यंश	२३	२६.४
८७ भुजांश हुँदा क्रान्त्यंश	२३	२५.२
अन्तर	०	१.२

यति गणित देखेपछि गोलसन्धिनिर क्रान्त्यंशको गति धेरै हुन्छ, अयनसन्धिनिर क्रान्त्यंशको गति थोरै हुन्छ भन्ने स्पष्ट हुन्छ।

	अं.	क.
९० भुजांश हुँदा क्रान्त्यंश	२३	२७.३
८० भुजांश हुँदा क्रान्त्यंश	२३	४.७
अन्तर	०	२२.६

सूर्यको मध्यम दैनिक गति ५९ कला ८ विकला हुन्छ। यो गति कहिले घट्छ, कहिले बढ्छ।

	क.
सूर्यको लघुतम दैनिक गति	**५७.१**
सूर्यको महत्तम दैनिक गति	**६१.१**

(ज्योतिर्गणित पञ्चाङ्गाध्याय ९ कोष्ठक)

यतावाट सामान्य विचारले सूर्यको दैनिक गति १ अंश जति भनेमा उति फरक पर्दैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अयनान्तविन्दुमा सूर्यको भुजांशमा १ अंशको अन्तर पर्दा क्रान्त्यंशमा १ कलाको अन्तर पनि पर्दैन । यस कारण नतांशमा पनि अघिल्लो दिन र पछिल्लो दिनमा परेको अन्तर थाहा पाइँदैन । सूर्यको भुजांश ६० र ८० हुँदा क्रान्त्यंशमा २२ कला जतिको अन्तर पर्न आउँछ । नतांशमा पनि यति नै अन्तर परेको हुनाले छायामा पनि अन्तर देखिन्छ । यस कारण विमलप्रभाटीकाकारले उत्तरायण-सङ्क्रान्तिमा १० दिनसम्म शङ्कुको छाया हेर्दै जानू, जुन दिनदेखि छाया उत्तर-तिरबाट फर्कन थाल्छ, त्यस दिन उत्तरायणसङ्क्रान्ति हुन्छ भनी बोलेका हुन् । यताबाट विमलप्रभाटीकामा दिइएको उत्तरायणसङ्क्रान्ति सायन मकरसङ्क्रान्ति देखिन्छ । त्यस दिन सूर्यको २० नक्षत्र १५ घडी भनी विमलप्रभाटीकाकारले बोलेका छन् । यताबाट उत्तरायणसङ्क्रान्तिमा

$$\text{सूर्यको नक्षत्र} = २०।१५ = २०\frac{१५}{६०} = २०\frac{१}{४} = \frac{८१}{४}$$

२७ नक्षत्रले ३६० अंश पाउँछन् भने $\frac{८१}{४}$ नक्षत्रले कति अंश पाउलान् भनी त्रैराशिक गर्दा

$$२७ : . ३६० :: \frac{८१}{४}$$

$$\frac{३६० \times ८१}{२७ \times ४} = ९० \times ३ = २७०$$

यताबाट उत्तरायण सायनसङ्क्रान्तिमा सूर्यको भोग = २७० अंश = ९ राशि हुने देखिन्छ ।

यसरी उत्तरायण सायनसङ्क्रान्तिमा सूर्य मकरराशिमा हुने देखिन्छन् ।

वि. सं. २०३४ को नेपालको पञ्चाङ्गमा माघ १ गते मकरेऽर्कः, पौष ७ गते मकरे सायनार्कः भनी लेखिएको छ । यस कारण अहिले २३ दिनको अन्तर परेको छ ।

अयनेन शोधयत् सूर्यं

(कालचक्र ३८ श्लोकको विमलप्रभामा उद्धृत मूलतत्व, यही पुस्तकको १६ पृ)

यस वाक्यको अर्थ अयनद्वारा सूर्यलाई शुद्धयाउनू भन्ने हुन्छ । अर्थात् जुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिनदेखि अयनको लक्षण अर्थात् बढ्दै गएको छाया घट्न थाल्नु, बढ्दै गएको रात घट्दै जानु हुन्छ, त्यस दिन उत्तरायणको प्रारम्भ हुन्छ भन्ने हुन्छ ।

यताबाट मूलतन्त्रकार पनि सायनवादी देखिन्छन् ।

नवकरणान्तरे सूर्यशुद्धिर्दृश्यत उत्तरायणदिने छायया परीक्ष्यमाणया । उत्तरायणे छायाशुद्ध्या विना सूर्यभोगोऽशुद्धः । सूर्यभोगादशुद्धाच्चन्द्रभोगोऽशुद्धः । एवं मङ्गलादयोऽपि सूर्ये शोधिताः सन्तः सूर्यभोगाशुद्धत्वात् तेषामपि भोगोऽशुद्धः । एवं ग्रहभोगाशुद्धत्वाज्जातकादीनां ग्रहफलं निरर्थकं तीर्थिकानामिति ।

(कालचक्र २६ श्लोकको विमलप्रभा, यही पुस्तकको ३ पृ.)

विमलप्रभाकारको यस वचनबाट पनि छायाद्वारा परीक्षा गरिएका सूर्य नै शुद्ध हुन्छन्, तिनै शुद्ध सूर्यबाट चन्द्र आदि ग्रहलाई पनि शुद्धचाउनुपर्छ भन्ने देखिन्छ ।

छायातोऽग्रातो वा भानुः सक्रान्तिपातः स्यात् ।
पातोनः स्फुटभानुः स्फुटभानूनो भवेत् पातः ।।३९।।

(सिद्धान्तशिरोमणि यन्त्राध्याय)

[छायाबाट वा अग्राबाट ल्याइएका सूर्य सायन हुन्छन् । सायनसूर्यबाट अयनांश घटाइदियो भने स्पष्टसूर्य आउँछन् । सायनसूर्यबाट स्पष्टसूर्य घटाइदियो भने अयनांश आउँछ ।]

कालचक्रकारले सूर्यको मन्दोच्च ९० अंश जो दिएका छन्, त्यो सायन हो भन्ने कुरामा रतिभर पनि शङ्का छैन । परन्तु अयनांशको विषयमा वादविवाद छ । कालचक्रकार अयनको गति कति मान्थे, कुन कालमा अयनांशको अभाव उनले सम्झेका थिए भन्ने कुरा विवादास्पद हुन सक्छ ।

सायन सूर्य लिने हो भने सबै ग्रह सायन नै लिनुपर्छ । तर बुध, बृहस्पति, शुक्र शनिका कालचक्रकारले दिएका मन्दोच्च प्राचीन सूर्यसिद्धान्तअनुसारका हुन् भन्ने कुरा माथि मनिसकिएको छ । ती मन्दोच्च सायन होइनन्, निरयण हुन् । तिनलाई सकारेर कालचक्रकारले आफ्नो सायनवादित्वमा आघात पुऱ्याएका छन् । यस कारण उनको सायनवादिता स्पष्ट छैन भन्ने देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीन सूर्यसिद्धान्तअनुसार मङ्गलको मन्दोच्च ११० अंश अर्थात् ८ नक्षत्र १५ घडी हुन्छ, तर कालचक्रकारले ९ नक्षत्र ३० घडी दिएका छन् भन्ने कुरा भरखरै माथि गइसकेको छ । यस विषयमा अब केही लेख्नुपरेको छ ।

भौमाशुकेन्द्रपदगम्यगताल्पजीवा ।।२४।।
त्र्यंशोनशैल ६।४० गुणितार्धयुतस्य राशे-
र्मौर्व्योद्धृताप्तलवहीनयुतं मृदूच्चम् ।
भौमस्य कर्किमकरादिगते स्वकेन्द्रे
लब्धांशकैर्विरहितः परिधिस्तु शैघ्र्यः ।।२५।।

...अथ भौमस्य प्रथमं शीघ्रकेन्द्रं कृत्वा तद् यस्मिन् पदे वर्तते, तस्य यद् गतं यच्च गम्यं तयोरल्पस्य या ज्या सा त्रिभागोनैः सप्तभिरंशैः ६।४० गुणनीया । ततः पञ्चचत्वारिंशद्भागानां ज्ययाऽनया २४३१ भाज्या । यल्लब्धं भागादिफलं तदनष्टं स्थाप्यम् । तेन कुजस्य मन्दोच्चं सहितं कार्यम् । यदि शीघ्रकेन्द्रं मकरादिषट्के कर्क्यादिषट्के तु हीनं कार्यम् । एवं मन्दोच्चं स्फुटं भवति । अथ कुजस्य यः पठितः शीघ्रपरिधिः स तेनानष्टस्थापितेन फलेन सदैव वर्जितः सन् स्फुटो भवति ।

अत्रोपपत्तिः ।...

अथ भौमस्य यन्मदोच्चं गणितागतं तच्छीघ्रकेन्द्रपदसन्धिषु सर्वेषु तथाविधमेव । पदमध्ये पुनस्त्रिभागोनैः सप्तभिरंशै ६।४० रधिकमेव भवति मृगादिकेन्द्रे । कर्क्यादौ तु हीनम् । तथा तस्य यः शीघ्रपरिधिः पठितः । असौ पदसन्धिषु । पदमध्ये तु तैर्भागैरून एव । तदन्तरेऽनुपातः । यद्यर्धयुतराशिज्यया २४३१ त्रिभागोनाः सप्तभागा लभ्यन्ते तदा पदगतगम्याल्पज्यया किमिति । फलमुपचयवशाद् धनर्णम् । अत्राऽऽगम एव प्रमाणम् ।

(सिद्धान्तशिरोमणि स्पष्टाधिकार)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[पहिले मङ्गलको शीघ्रकेन्द्र ल्याउनू। त्यो शीघ्रकेन्द्र जुन पदमा छ, त्यो पदको भुक्त थोरै छ कि भोग्य थोरै छ भन्ने कुरा विचार गर्नू। जुनचाहिँ थोरै छ, त्यसको ज्या ल्याउनू। त्यसलाई ६ अंश ४० कलाले गुन्नू र गुणनफललाई ४५ अंशको ज्या २४३१ ले भाग लिई लब्धि त्याई राख्नू। शीघ्रकेन्द्र मकरादि छ भने त्यो लब्धि मङ्गलको मन्दोच्चमा जोड्नू। शीघ्रकेन्द्र कर्कटादि छ भने मङ्गलको मन्दोच्चबाट त्यो लब्धि घटाउनू। मङ्गलको स्पष्ट मन्दोच्च हुन्छ। त्यो लब्धि मङ्गलको शीघ्रपरिधिबाट घटाइदिनू, मङ्गलको स्पष्ट शीघ्रपरिधि आउँछ।]

यसरी मङ्गलको मन्दोच्चमा घटबढ भइरहन्छ भन्ने कुरा भास्करले लेखेका छन्। त्यो कुरो उनले ब्रह्मगुप्तको अनुसरण गरेर लेखेका हुन्। यसो गर्दाखेरि मन्दोच्च शुद्ध हुन्छ भन्ने कुरो ब्रह्मगुप्तले वा उनीभन्दा अघिका गणितज्ञले अड्कल गरे। त्यही कुरो भास्करले सारे। के कारणले यस्तो हुन्छ भन्ने प्रश्नको उत्तर ब्रह्मगुप्तले दिएका थिएनन्, भास्करले पनि पत्ता लाउन सकेनन्। त्यस कारण यसको उपपत्ति छैन भनेर भास्करले लेखे।

मङ्गलको मन्दोच्चको विषयमा परेको यही अन्तरको प्रभावले प्राचीन सूर्य-सिद्धान्त र कालचक्रको मङ्गलको मन्दोच्चमा अन्तर पर्न गएको देखिन्छ।

यहाँतिर एउटा कुरा भन्नु छ।

कालचक्रकारले दिएको सौरवर्षको मान निरयण सौरवर्ष अर्थात् नाक्षत्र सौरवर्षको मान हो, सायन सौरवर्ष अर्थात् आर्तव सौरवर्षको होइन भन्ने कुरा माथि परिसकेको छ।[13] सुमतितन्त्रले दिएका ग्रहका मन्दोच्चसँग केही अपवादलाई छोडेर कालचक्रकारले दिएका मन्दोच्च मिल्छन् भन्ने कुरा पनि भरखरै माथि परिसक्यो। यस कारण कालचक्रको गणित सायन नभई निरयण हो भन्ने कुरामा शङ्का छैन। यस अवस्थामा सूर्यको मन्दोच्च मात्र सायन दिएर कालचक्रकारले एउटा उदाहरण प्रस्तुत गरेका छन्।

वि. सं. ८६२ देखि कालचक्रकारले आफ्नो गणना उठाएका छन् भन्ने कुरा पछि यही पुस्तकमा सप्रमाण हामी लेख्नेछौं। वि. सं. ९६१ देखिका ग्रन्थमा

---

१३. यही पुस्तकको १०३ पृ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अयनांशको चर्चा उठेको देखिन्छ।[१४] कालचक्रकारले गणनाको प्रारम्भ वि. सं. ८६२ देखि गरे तापनि सो ग्रन्थ त्यसभन्दा केही पछि नै तयार भएको हो। अयनांशको खलबल उठेको र अयनांशको प्रभावले दिनमानमा परेको अन्तर लोकको प्रत्यक्ष भएकोले तथा सूर्यकै हिसाबले दिनमान आउने हुनाले कालचक्रकारले सूर्यको विषयमा मात्र सायन गणना दिने प्रयत्न गरेको देखिन्छ। गणितको दृष्टिबाट यो कुरो उचित नभए तापनि तात्कालिक मनोभावलाई भने यसले प्रकट गर्छ।

१४. वि. सं. २०३५ मा प्रकाशित पूर्णिमा ३९ अङ्कका १३५– १४८ पृष्ठमा छापिएको नयराज पन्त, देवीप्रसाद भण्डारी र दिनेशराज पन्तको सुमतितन्त्रको रचनाकाल भन्ने निबन्ध, सो अङ्कका १४५–१४७ पृ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रहका मध्यम गतिको विषयमा

मङ्गललाई स्पष्ट गरे जस्तै सूर्यलाई पनि स्पष्ट गर्नुपर्छ भनी कालचक्रकारले १४ श्लोकमा लेखेका छन् ।[1] यताबाट उनको विचार मङ्गलको गणित पहिले राम्ररी बुझ्नू र त्यसपछि सूर्यको गणित बुझिन्छ भन्ने देखिन्छ ।

मध्यम मङ्गल ल्याउने रीति कालचक्रकारले ४० श्लोकमा दिएका छन् ।[2] त्यसको अर्थ यस्तो हुन्छ—

अहर्गणमा १६७ जोड्नू । योगफललाई ६८७ ले भाग लिनू । लब्धि भगण हुन्छ । शेषलाई २७ ले गुनी ६८७ ले भाग लिनू । लब्धि नक्षत्र हुन्छ । शेषलाई ६० ले गुनी ६८७ ले भाग लिनू । लब्धि घडी हुन्छ । शेषलाई ६० ले गुनी ६८७ ले भाग लिनू । लब्धि पला हुन्छ । शेषलाई ६ ले गुनी ६८७ ले भाग लिनू । लब्धि असु हुन्छ । भगणलाई छोडिदिनू । मङ्गलका नक्षत्र, घडी, पला, असु आउँछन् । यी मध्यम मङ्गल हुन्छन् ।

यहाँ कालचक्रकारले मङ्गलको दैनिक गति = $\frac{१}{६८७}$ भगण मानेका छन् । यस्तै कुरो सुनतितन्त्रमा पनि छ । जस्तै—

मूल पाठ

उर्वासुतस्य द्युगणं विभक्ता
भग्नादिकं स्यात्मुनिभद्रकोशैः ।
कूपाक्षदस्राार्णवसप्तरूपैः
विभक्त लब्दं घटिके प्रयुक्तं ॥...
अस्य सूत्रस्याङ्क ।...
कुजस्य भग्नादि भाग ६८७
भूय भाग १७४२५९ लब्दा मान्यम्प्रयोज्य ॥

---

१. यही पुस्तकका ९– १० पृ.
२ यही पुस्तकका १८– १९ पृ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(सुमतितन्त्र ताडपत्र १४ क– १५ क पत्र । मुद्रित सुमतितन्त्रका २३–२४ पृ.)

संशोधित पाठ

मुनीभकोषै ६८७ र्द्युगणं भजेत
जायेत लब्धिर्भगणादिरूपा ।
भक्तो नवेषुद्विकृताद्रिचन्द्रै– १७४२५९
रहर्गणः स्यात् कलिकादिरूपः ।।
योगस्तदीयो धरणीसुतः स्यात्

अस्य सूत्रस्याऽङ्कव्याख्या ।

अहर्गणं मुनीभकोषै ६८७ (सप्ताशीत्यधिकानि षट्' शतानि) भंजेत । लब्धिर्भगणादिका भवति । अहर्गणं नवेषु-द्विकृताद्रिचन्द्रै १७४२५९ (एकं लक्षं चतुसप्ततिः सहस्राणि शतद्वयं ऊनषष्टिः) भंजेत । लब्धिः कलादिका भवति । भगणा-दिकायां लब्धौ कलादिका लब्धिर्योज्या । योगफलं भगणादि-र्मध्यमो भौमो भवति ।

[अहर्गणलाई ६८७ ले भाग लिई भगणादि लब्धि ल्याउनू । अहर्गणलाई ७४२५९ ले भाग लिई कलादि लब्धि ल्याउनू । भगणादि लब्धि र कलादि लब्धिको योग गर्नू, अहर्गणोत्पन्न मध्यम मङ्गल हुन्छन् ।]

सुमतितन्त्रकारले

मङ्गलको दैनिक गति

$$\left(\frac{१}{६८७} \text{ भगण} + \frac{१}{१७४२५९} \text{ कला} \right)$$

यो रूप का छन्।

अब यसको उपपत्ति दिईन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मूल पाठ

मध्यमञ्च भवेत्तत्र सूर्यादीनां यथाक्रमम् ।
आदित्यस्य खशून्याभ्रवेमपिण्डबलाहकैः
चन्द्रस्याब्धियुगाग्न्यग्निरूपखैकगुणास्त्रिभिः ।
चन्द्रोच्चस्य रसाष्टाष्टदस्रभूतवटंकुभिः
कोषाग्निरन्ध्रमातङ्गपक्षकू – तमस्य तु ।
अङ्गारस्य रसाङ्काब्धिसप्तनागमहीवटैः ।
ज्ञस्य व्योमखशून्याष्टवेदसप्तभुविस्वरैः ।
वाक्षतेर्नभनागाष्टकोषपञ्चनदीकुभिः ।
भार्ग्गवस्य यमाक्षेषुच्छिद्रभद्रखपिण्डकैः ।
सौरस्यर्तुशरोपक्षाकोषयूथपपञ्चभिः ।
भागैर्शून्यखसूर्याद्रिकोषरुद्रगुणार्तुभिः ।

तस्य सूत्रस्याङ्क

भानोर्युगण गुण	१७२८००००
इन्दोर्गुण	२३१०१३३४४
चन्द्रोच्चस्य गुण	१९५२८८६
पातस्य गुण	९२८९३६
अङ्गारस्य गुण	९१८७२९६
ज्ञस्य गुण	७१७४८०००
जीवस्य गुण	१४५६८८०
शुक्रस्य गुण	२८०८९५५२
सौरस्य गुण	५८६२५६

सर्वग्रहमध्यमसाधने भागाहार ६३११६७१२०० ॥

(सुमतितन्त्र ताडपत्र १० ख– ११ क पत्र, मुद्रित सुमतितन्त्रया १९–२० पृ.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संशोधित पाठ

मध्यमानयनं वक्ष्ये सूर्यादीनां यथाक्रमम् ।
आदित्यस्य खशून्याभ्रव्योमपिण्डबलाहकाः १७२८०००० ॥
चन्द्रस्याऽब्धियुगाग्न्यग्निरूपखैकगुणाश्विनः २३१०१३३४४ ।
चन्द्रोच्चस्य रसाष्टाष्टदस्रभूताङ्कभूमयः १९५२८८६ ॥
चन्द्रपातस्य कोषाग्निरन्ध्रनागाश्विखेचराः ९२८९३६ ।
भूपुत्रस्य रसाङ्काश्विसप्तनागकुखेचराः ९१८७२९६ ॥
शशीघ्रोच्चस्य खाभ्राभ्रनागाब्धिसेचपर्वताः ७१७४८००० ।
वाक्पतेः शून्यनागाष्टकोषपञ्चाब्धिभूमयः १४५६८८० ॥
शुक्राशूच्चस्य नेत्रेषुबाणाङ्काष्टखपिण्डकाः २८०८९५५२ ।
सौरस्य रसबाणद्विरसमातङ्गसायकाः ५८६२५६ ॥
गुणाः प्रोक्ता द्युपिण्डस्य भगणादिग्रहाप्तये ।
भाजकः खाभ्रसूर्याद्रिकोषरुद्रगुणर्तवः ६३११६७१२०० ॥

अस्य सूत्रस्याऽङ्कव्याख्या ।

द्युगणस्य गुणकाः कथ्यन्ते ।

भानोर्गुणः १७२८०००० (एका कोटिः द्विसप्ततिः लक्षाणि अशीतिः सहस्राणि)

इन्दोर्गुणः २३१०१३३४४ (त्रयोविंशतिः कोटयः दश लक्षाणि त्रयोदश सहस्राणि त्रीणि शतानि चतुश्चत्वारिंशत्)

चन्द्रोच्चस्य गुणः १९५२८८६ (ऊनविंशतिः लक्षाणि द्विपञ्चाशत् सहस्राणि अष्टौ शतानि षडशीतिः)

चन्द्रपातस्य गुणः ९२८९३६ (नव लक्षाणि अष्टाविंशतिः सहस्राणि नव शतानि षट्त्रिंशत्)

अङ्गारकस्य गुणः ९१८७२९६ (एकनवतिः लक्षाणि सप्ताशीतिः सहस्राणि द्वे शते षण्णवतिः)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञशीघ्रोच्चस्य गुणः ७१७४८००० (सप्त कोटयः सप्तदश लक्षाणि अष्टचत्वारिंशत् सहस्राणि)

जीवस्य गुणः १४५६८८० (चतुर्दश लक्षाणि षट्पञ्चाशत् सहस्राणि अष्टौ शतानि अशीतिः)

शुक्रशीघ्रोच्चस्य गुणः २८०८९५५२ (द्वे कोटी अशीतिः लक्षाणि ऊननवतिः सहस्राणि पञ्च शतानि द्विपञ्चाशत्)

सौरस्य गुणः ५८६२५६ (पञ्च लक्षाणि षडशीतिः सहस्राणि द्वे शते षट्पञ्चाशत्)

सर्वेषां भाजकः ६३११६७१२०० (षट् पद्मानि एकत्रिंशत् कोटयः षोडश लक्षाणि एकसप्ततिः सहस्राणि द्वे शते)

एवं भगणादयो मध्यमा ग्रहा भवन्ति।

[अहगणलाई १७२८०००० ले गुनी आएको गुणनफललाई ६३११६७१२०० ले भाग लिनू, भगणादि मध्यम सूर्य आउँछन्।

अहर्गणलाई २३१०१३३४४ ले गुनी आएको गुणनफललाई ६३११६७१२०० ले भाग लिनू, भगणादि मध्यम चन्द्र आउँछन्।

अहर्गणलाइ १९५२८८६ ले गुनी आएको गुणनफललाई ६३११६७१२०० ले भाग लिनू, भगणादि चन्द्रोच्च आउँछ।

अहर्गणलाई ९२८९३६ ले गुनी आएको गुणनफललाई ६३११६७१२०० ले भाग लिनू, भगणादि चन्द्रपात आउँछ।

अहर्गणलाई ९१८७२९६ ले गुनी आएको गुणनफललाई ६३११६७१२०० ले भाग लिनू, भगणादि मध्यम मङ्गल आउँछन्।

अहर्गणलाई ७१७४८००० ले गुनी आएको गुणनफललाई ६३११६७१२०० ले भाग लिनू, भगणादि बुधशीघ्रोच्च आउँछ।

अहर्गणलाई १४५६८८० ले गुनी आएको गुणनफललाई ६३११६७१२००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ले भाग लिनू, भगणादि मध्यम बृहस्पति आउँछन् ।

अहर्गणलाई २८०८९५५२ ले गुनी आएको गुणनफललाई ६३११६७१२०० ले भाग लिनू, भगणादि शुक्रशीघ्रोच्च आउँछ ।

अहर्गणलाई ५८६२५६ ले गुनी आएको गुणनफललाई ६३११६७१२०० ले भाग लिनू, भगणादि मध्यम शनैश्चर आउँछन् ।]

(पूर्णिमा ४१ अङ्कका १–३ पृ.)

यताबाट

$$\text{मध्यम मङ्गल} = \frac{\text{९१८७२९६ अहर्गण}}{\text{६३११६७१२००}}$$

हुने देखियो ।

अब यसको लघुतम रूप ल्याइन्छ ।

२)	९१८७२९६	६३११६७१२००
२)	४५९३६४८	३१५५८३५६००
२)	२२९६८२४	१५७७९१७८००
२)	११४८४१२	७८८९५८९००
२)	७४२०६	३९४४७९४५०
३)	२८७१०३	१९७२३९७२५
	९५७०१	६५७४६५७५

यति गणितबाट

$$\text{मध्यम मङ्गल} = \frac{\text{९५७०१ अहर्गण}}{\text{६५७४६५७५}}$$

हुने देखियो ।

यो कुरो सुमतितन्त्रकारले स्पष्ट बोलेका छन् । जस्तै–

मूल पाठ

भौमोहर्गण सङ्गुण्य ववभ्राद्रिविषयग्रहैः
भग्नाद्याक्षाद्रिपश्चाङ्गवेदाद्रिपुष्टिभिर्हृतं ।।...
अस्य सूत्रस्याङ्क...
कुजस्य द्युगण गुण ९५७०१ भग्नाद्या भाग ६५७४६५७५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(सुमतितन्त्र ताडपत्र १२ क पत्र । मुद्रित सुमतितन्त्रको २१ पृ.)

संशोधित पाठ

अह्र्गणः कुशून्याद्रिबाणखेचर ९५७०१ ताडितः ।
अर्थाद्रीषुरसाब्ध्यद्रिशरषड् ६५७४६५७५ त्रिहृतः कुजः।।

अस्य सूत्रस्याऽङ्कव्याख्या ।

अहर्गणं कुशून्याद्रिबाणखेचरैं ९५७०१ (पञ्चनवतिः सहस्राणि एकाधिकानि सप्त शतानि) र्गुणयेत् । भाज्यराशिः स्यात् । भाज्यराशिं बाणाद्रीषुरसाब्ध्यद्रिशरषड्भि ६५७४६५७५ (षट् कोटयः सप्तपञ्चाशत् लक्षाणि षट्चत्वारिंशत् सहस्राणि पञ्च शतानि पञ्चसप्ततिः) र्भजेत । लब्धिर्भगणादिर्मध्यमः कुजो भवेत् ।

[अहर्गणलाई ९५७०१ ले गुनी आएको गुणनफललाई ६५७४६५७५ ले भाग लिनू, भगणादि मध्यम मङ्गल आउँछन् ।]

$$\text{मध्यम मङ्गल} = \frac{\text{९५७०१ अहर्गण}}{\text{६५७४६५७५}}$$

यसको रूपान्तर ल्याइन्छ ।

$$\frac{\text{९५७०१}}{\text{६५७४६५७५}} = \frac{\text{१}}{\frac{\text{६५७४६५७५}}{\text{९५७०१}}}$$

```
९५७०१) ६५७४६५७५ (६८७
        ५७४२०६
        -------
         ८३२५९७
         ७६५६०८
         -------
          ६६९८९५
          ६६९९०७
          -------
             -१२
```

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

$$
\begin{array}{r}
६५७०१ \\
\times ६८७ \\
\hline
६६६६०७ \\
७६५६०८ \\
५७४२०६ \\
\hline
६५७४६५८७
\end{array}
$$

$$
\begin{array}{r}
६५७४६५८७ \\
-\ ६५७४६५७५ \\
\hline
१२
\end{array}
$$

यताबाट ६८७ दिनमा मङ्गलको १ भगणपूर्ति हुने देखियो। परन्तु ६८७ लब्धि लिंदा ऋण १२ शेष आएको छ। यस कारण ६८७ दिनभन्दा अलिकता थोरै दिनमा मङ्गलको १ भगणपूर्ति हुने देखिन्छ। ६८७ दिनमा १ भगणपूर्ति हुन्छ भन्दा केही स्थूलता हुन्छ। सो स्थूलता हटाउने उद्योग अब गरिन्छ।

$$\frac{\text{युगमङ्गलभगण}}{\text{युगसावनदिन}} - \frac{१}{६८७} = \frac{६५७०१}{६५७४६५७५} - \frac{१}{६८७}$$

$$= \frac{६५७०१ \times ६८७ - ६५७४६५७५ \times १}{६५७४६५७५ \times ६८७}$$

$$= \frac{६५७४६५८७ - ६५७४६५७५}{६५७४६५७५ \times ६८७}$$

$$= \frac{१२ \text{ भ.}}{६५७४६५७५ \times ६८७} = \frac{१२ \times १२ \times ३० \times ६० \text{ क.}}{६\ ७४६५७५ \times ६८७}$$

$$= \frac{१२ \times १२ \times ३० \times १२ \text{ क.}}{१३१४९३१५ \times ६८७} = \frac{१२ \times १२ \times ६ \times १२ \text{ क.}}{२६२९८६३ \times ६८७}$$

$$= \frac{१२ \times १२ \times ६ \times ४ \text{ क.}}{८७६६२१ \times ६८७} = \frac{१२ \times १२ \times २ \times ४ \text{ क.}}{२९२२०७ \times ६८७}$$

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

$$= \frac{\text{१२}\times\text{४}\times\text{२}\times\text{४ क.}}{\text{२९२२०७}\times\text{२२९}} = \frac{\text{३८४ क.}}{\text{६६९१५४०३}}$$

$$= \left\{ \frac{\text{१}}{\frac{\text{६६९१५४०३}}{\text{३८४}}} \right\}^{\text{क.}} = \left\{ \frac{\text{१}}{\text{१७४२५९}} \right\}^{\text{क.}} \text{(स्वल्पान्तरले)}$$

यस कारण

$$\frac{\text{युगमङ्गलभगण}}{\text{युगसावनदिन}} = \left(\frac{\text{१}}{\text{६८७}}\right)^{\text{भ.}} + \left(\frac{\text{१}}{\text{१७४२५९}}\right)^{\text{क.}}$$

$$\text{भगणादि मध्यम मङ्गल} = \left(\frac{\text{अहर्गण}}{\text{६८७}}\right)^{\text{भ.}} + \left(\frac{\text{अहर्गण}}{\text{१७४२५९}}\right)^{\text{क.}}$$

सुमतितन्त्रमा दिइएको यो रूप माथि गइसक्यो ।

```
  २९२२०७
   ×२२९
---------
 २६२९८६३
 ५८४४१४
५८४४१४
---------
६६९१५४०३
```

```
३८४) ६६९१५४०३ (१७४२५९
     ३८४
     ----
     २८५१
     २६८८
     ----
      १६३५
      १५३६
      ----
        ९९४
        ७६८
        ----
       २२६०
       १९२०
       ----
        ३४०३
        ३४५६
        ----
         −५३
```

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुमतितन्त्रको यो रीति नै ब्रह्मगुप्तले खण्डखाद्यकमा दिएका छन्–

पादोनरसनवोदधिहीनाद् ४९५।४५
भगणाद्यहर्गणाद् भौमः ।
सप्ताष्टरसैः ६८७ सकलो
नवतत्त्वाब्धिस्वरशशाङ्कैः १७४२५९ ॥३॥

(खण्डखाद्यक ग्रहाधिकार)

[अहर्गणबाट ४९५।४५ घटाई शेषलाई ६८७ ले भाग लिनू । आएको लब्धि भगणादि हुन्छ । अहर्गणलाई १७४२५९ ले भाग लिनू । आएको लब्धि कलादि हुन्छ । भगणादि लब्धि र कलादि लब्धिको योग गर्नू, भगणादि मध्यम मङ्गल हुन्छन् ।]

वराहमिहिरले पनि यस्तै बोलेका छन्—

एष निशार्द्धेऽवन्त्यां ताराग्रहनिर्णयोऽर्कसिद्धान्ते ...॥१॥
द्युगणं कुजस्य चन्द्रा१हतं तु सप्ताष्टषड्६८७भक्तम् ॥२॥
यल्लब्धं ते भगणाः शेषान्मध्यग्रहाः क्रमेणैव ॥३॥
दश१० दश१० भगणे भगणे संशोध्यास्तत्पराः सुरेज्यस्य ।
मनवः१४ कुजस्य देयाः शनेश्च बाणा५ विशोध्यास्तु ॥४॥

(पञ्चसिद्धान्तिका १६ अध्याय)

[अहर्गणलाई १ ले गुनी ६८७ ले भाग लिनू, भगणादि मध्यम मङ्गल आउँछन् । बृहस्पतिबाट प्रत्येक भगणमा १०,१० प्रतिविकला घटाउनुपर्छ । मङ्गलमा प्रत्येक भगणमा १४, १४ विकला जोड्नुपर्छ । शनैश्चरबाट प्रत्येक भगणमा ५, ५ विकला घटाउनुपर्छ । यसरी आएका मध्यम ग्रह उज्जयिनीको आधारातमा आउँछन् । यो गणना सूर्यसिद्धान्तअनुसारको हो ।]

मङ्गलको दैनिक मध्यम गति सुमतितन्त्रअनुसार $\left(\frac{१}{६८७}\right)$ भगण + $\left(\frac{१}{१७४२५९}\right)$ कला हुन्छ भन्ने कुरा माथि परिसक्यो । ब्रह्मगुप्तले यही रूप दिएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

$$\frac{\text{१ कला}}{\text{१७४२५६}} = \frac{\text{६० विकला}}{\text{१७४२५६}} = \frac{\text{६० × ६० प्रतिविकला}}{\text{१७४२५६}}$$

$$= \frac{\text{३६०० प्रतिविकला}}{\text{१७४२५६}} = \frac{\text{प्रतिविकला}}{\frac{\text{१७४२५६}}{\text{३६००}}}$$

$$= \frac{\text{प्रतिविकला}}{\text{४८.४०५}}$$

```
३६००) १७४२५६ (४८.४०५
      १४४००
      ------
       ३०२५६
       २८८००
       ------
३६०)    १४५६
        १४४०
३६)      १६०
         १८०
         ---
          १०

४८.४०५) ६८७ (

४८४०५) ६८७००० (१४.१९
       ४८४०५
       ------
       २०२९५०
       १९३६२०
       ------
        ९३३००
        ४८४०५
       ------
       ४४८९५०
       ४३५६४५
       ------
        १३३०५
```

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अहर्गणलाई ६८७ ले भाग लिई भगणादि लब्धि ल्याउनू, अहर्गणलाई १७४२५९ ले भाग लिई कलादि लब्धि ल्याउनू, भगणादि लब्धि र कलादि लब्धिको योग गर्नू, अहर्गणोत्पन्न मङ्गल हुन्छन् भनी सुमतितन्त्रमा लेखिएको छ। ब्रह्मगुप्तले खण्डखाद्यकमा यही कुरो बोलेका छन्।

यसको रूपान्तर अहर्गणलाई ६८७ ले भाग लिनू, भगणादि लब्धि आउँछ, अहर्गणलाई ४८.४०५ ले भाग लिनू, प्रतिविकलात्मक लब्धि आउँछ, सो प्रतिविकला र अघि आएको भगणादि लब्धिको योग अहर्गणोत्पन्न मध्यम मङ्गल हुने देखिन्छ। ६८७ दिनमा मङ्गलको १ भगणपूर्ति हुन्छ। सो ६८७ लाई ४८.४०५ ले भाग लिँदा १४.१९ लब्धि आउँछ। अर्धाल्पे रूपं त्याज्यं यस नियमअनुसार १४.१९ भनेको १४ हुन सक्छ। यस कारण अहर्गणलाई ६८७ ले भाग लिनू, भगणादि लब्धि आउँछ, जति भगण आएको छ, सो भगणको सङ्ख्यालाई १४ ले गुनी आएको गुणनफलतुल्य प्रतिविकला अघि आएको भगणादि फलमा जोडिदिनू, अहर्गणोत्पन्न मध्यम मङ्गल आउँछन् भनी वराहमिहिरले बोलेको देखिन्छ।

यस कारण वि. सं. ५६२ मा वराहमिहिरले जुन सूत्र दिएका थिए, सुमतितन्त्रकारले त्यही सूत्र दिए, वि. सं. ७२२ मा ब्रह्मगुप्तले खण्डखाद्यक बनाउँदा त्यही सूत्र सम्झे भन्ने देखिन्छ।

कालचक्रकारले कालचक्र बनाउँदा अहर्गणलाई ६८७ ले भाग लिनू, अहर्गणोत्पन्न भगणादि मध्यम मङ्गल हुन्छन् भन्ने बोली १७४२५९ दिनमा पर्ने १ कलाका अन्तरलाई छोडिदिएका छन्। वास्तवमा यी चारै ग्रन्थका सूत्र एउटै हुन्।

बुधशीघ्रोच्च लगाउने रीति कालचक्रकारले ४५ श्लोकमा दिएका छन्।[३] त्यसको अर्थ यस्तो हुन्छ—

अहर्गणलाई १०० ले गुनी गुणनफलबाट ७१२३ घटाउनू, शेषलाई ८७९७ ले भाग लिनू, लब्धि भगण हुन्छ। शेषलाई २७ ले गुनी ८७९७ ले भाग लिनू, लब्धि नक्षत्र हुन्छ। शेषलाई ६० ले गुनी ८७९७ ले भाग लिनू, लब्धि घडी हुन्छ। शेषलाई ६० ले गुनी ८७९७ ले भाग लिनू, लब्धि पला हुन्छ। शेषलाई

३. यही पुस्तकको २२ पृ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

६ ले गुनी ८७९७ ले भाग लिनू, लब्धि असु हुन्छ । भगणलाई छोडिदिनू । बुधका (बुधशीघ्रोच्चका) नक्षत्र, घडी, पला, असु आउँछन् ।

यहाँ बुधशीघ्रोच्चको दैनिक गति $=\left[\frac{१००}{८७९७}\right]$ भगण हुन्छ भनी कालचक्रकारले बोलेका छन् । यस्तै कुरो सुमतितन्त्रमा पनि छ । जस्तै—

मूल पाठ

अहर्ग्गणं घात खशून्यरूपैः ।
भग्नादिकं सप्तनवाद्रिनागैः
वेदाभ्रबर्ण्णैकहयैर्विभक्ता
लब्दं कले योज्य बुधस्य शीघ्रं ।।...

अस्य सूत्रस्याङ्कः ।...

बुधस्य गुण १०० भग्नादि भाग ८७९७ भूय भाग ७१४०४ फलं कले योज्य ।।

(सुमतितन्त्र ताडपत्र १४ क ख – १५ क पत्र । मुद्रित सुमतितन्त्रका २३–२४ पृ.)

संशोधित पाठ

शतेन १०० निघ्नं द्युगणं भजेत
तुरङ्गरन्ध्रस्वरयूथनाथैः ८७९७ ।
जायेत लब्धिर्भगणादिरूपा
भक्तः कृतव्योमकृतेन्दुशैलैः ७१४०४ ।।
अहर्गणः स्यात् कलिकादिरूपो
ज्ञशीघ्रतुङ्गं युतिरेतयोः स्यात् ।

CC-0. In Public Domain. Digitization by eGangotri

अस्य सूत्रस्याऽङ्कव्याख्या ।

अहर्गणं शतेन १०० गुणयेत् । गुणनफलं तुरङ्गरन्ध्रस्वरयूथनाथै ८७९७ (अष्टौ सहस्राणि सप्त शतानि सप्तनवतिः) र्भजेत । लब्धिर्भगणादिका भवति । पुनरहर्गणं कृतव्योमकृतेन्दुशैलै ७१४०४ (एकसप्ततिः सहस्राणि चतुरधिकानि चतुःशतानि) र्भजेत । लब्धिः कलादिका भवति ! भगणादिकायां लब्धौ कलादिका लब्धिर्योज्या । योगफलं भगणादि बुधशीघ्रोच्चं भवति ।

[अहर्गणलाई १०० ले गुनी ८७९७ ले भाग लिई भगणादि लब्धि ल्याउनू । अहर्गणलाई ७१४०४ ले भाग लिई कलादि लब्धि ल्याउनू । भगणादि लब्धि र कलादि लब्धिको योग गर्नू, अहर्गणोत्पन्न बुधशीघ्रोच्च हुन्छ ।]

यहाँ सुमतितन्त्रकारले

$$\text{बुधशीघ्रोच्चको दैनिक गति} = \left[\frac{१००}{८७९७}\right] \text{भगणादि} + \left[\frac{१}{७१४.४}\right] \text{कलादि}$$

यो रूप दिएका छन् ।

अब यसको उपपत्ति दिइन्छ ।

अहर्गणलाई ७१७४८००० ले गुन्नू, गुणनफललाई ६३११६७१२०० ले भाग लिनू बुधशीघ्रोच्च हुन्छ भनी सुमतितन्त्रको मध्यमग्रहसाधनको पहिलो प्रकारमा लेखिएको छ । यो कुरा माथि परिसकेको छ । [४]

यतात्राट

$$\text{बुधशीघ्रोच्च} = \frac{७१७४८००० \text{ अहर्गण}}{६३११६७१२००}$$

हुने देखियो ।

४. यही पुस्तकको १२६ पृ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अब यसको लघुतम रूप ल्याइन्छ ।

२)	७१७४८०००	६३११६९१२००
२)	३५८७४०००	३१५५८३५६००
२)	१७९३७०००	१५७७९१७८००
२)	८९६८५००	७८८९५८९००
२)	४४८४२५०	३९४४७९४५०
५)	२२४२१२५	१८७२३९७२५
५)	४४८४२५	३९४४७९४५
९)	८९६८५	७८८९५८९
	९९६५	८७६६२१

यति गणितबाट

$$\text{भगणादि बुधशीघ्रोच्च} = \frac{\text{९९६५ अहर्गण}}{\text{८७६६२१}}$$ हुने देखियो ।

यो कुरो सुमतितन्त्रकारले स्पष्टै बोलेका छन् । जस्तै —

मूल पाठ

ज्ञस्य द्युगण मर्ह्दत्वा पञ्चकोषनवक्षतैः ।
भग्नादि मूर्च्छनाङ्गर्तुसप्तभद्रैर्विभाजयेत् ।।

अस्य सूत्रस्याङ्क ...

ज्ञस्य द्युगण गुण ९९६५ भग्नादि भाग ८७६६३१

(सुमतितन्त्र ताडपत्र १२ क पत्र । मुद्रित सुमतितन्त्रको २१ पृ.)

संशोधित पाठ

पञ्चर्तुनवरन्ध्र ९९६५ घ्नो
दिनसङ्घो विभाजितः ।
मूर्च्छनाङ्गर्तुसप्तेभै ८७६६२१-
र्बुधस्योच्चं चलं भवेत् ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अस्य सूत्रस्याऽङ्कव्याख्या ।

अहर्गणं पञ्चर्तुनवरन्ध्रै ९९६५ (नव सहस्राणि नव शतानि पञ्चषष्टिः) र्गुणयेद्, भाज्यराशिः स्यात्। भाज्यराशि मूर्च्छनाङ्गर्तुसप्तेभै ८७६६२१ (अष्टौ लक्षाणि षड्सप्ततिः सहस्राणि षट् शतानि एकविंशतिः) र्भजेत । लब्धिर्भगणादि बुधशीघ्रोच्चं भवति ।

[अहर्गणलाई ९९६५ ले गुनी आएको गुणनफललाई ८७६६२१ ले भाग लिनू, भगणादि बुधशीघ्रोच्च हुन्छ ।]

यस कारण

$$\text{बुधशीघ्रोच्च} = \frac{\text{९९६५ अहर्गण}}{\text{८७६६२१}}$$

यसको रूपान्तर यसो हुन्छ ।

$$\frac{\text{९९६५}}{\text{८७६६२१}} = \frac{\text{१}}{\frac{\text{८७६६२१}}{\text{९९६५}}}$$

```
९९६५) ८७६६२१ (८७.९७
       ७९७२०
       ------
        ७९४२१
        ६९७५५
        ------
         ९६६६०
         ८९६८५
         ------
          ६९७५०
          ६९७५५
          ------
             -५
```

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

$$
\begin{array}{r}
\text{९९६५} \\
\times\ \text{८७९७} \\
\hline
\text{६९७५५} \\
\text{८९६८५} \\
\text{६९७५५} \\
\text{७९७२०} \\
\hline
\text{८७६६२१०५}
\end{array}
$$

यताबाट ८७९७ दिनमा बुधशीघ्रोच्चको १०० भगणपूर्ति हुने देखियो। परन्तु ८७९७ लब्धि लिंदा ऋण ५ शेष आएको छ। यस कारण ८७९७ दिनभन्दा अलिकता थोरै दिनमा बुधशीघ्रोच्चको १०० भगणपूर्ति हुने देखिन्छ। ८७९७ दिनमा १०० भगणपूर्ति हुन्छ भन्दा केही स्थूलता हुन्छ। सो स्थूलता हटाउने उद्योग गरिन्छ।

$$\frac{\text{युगबुधशीघ्रोच्चभगण}}{\text{युगसावनदिन}} - \frac{\text{१००}}{\text{८७९७}}$$

$$= \frac{\text{९९६५}}{\text{८७६६२१}} - \frac{\text{१००}}{\text{८७९७}} = \frac{\text{९९६५} \times \text{८७९७} - \text{८७६६२१} \times \text{१००}}{\text{८७६६२१} \times \text{८७९७}}$$

$$= \frac{\text{८७६६२१०५} - \text{८७६६२१००}}{\text{८७६६२१} \times \text{८७९७}}$$

$$= \frac{\text{५ भ.}}{\text{८७६६२१} \times \text{८७९७}} = \frac{\text{५} \times \text{१२} \times \text{३०} \times \text{६० क.}}{\text{८७६६२१} \times \text{८७९७}}$$

$$= \frac{\text{५} \times \text{१२} \times \text{३०} \times \text{१२}}{\text{२९२२०७} \times \text{८७९७}} = \frac{\text{३६०००}}{\text{२५७०५४४९७९}}$$

$$= \left\{ \frac{\text{१}}{\dfrac{\text{२५७०५४४९७९}}{\text{३६०००}}} \right\} \text{कला} = \left\{ \frac{\text{१}}{\text{७१४०४}} \right\} \text{कला} \quad (\text{स्वल्पान्तरले})$$

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस कारण

$$\frac{\text{युगबुधशीघ्रोच्चभगण}}{\text{युगसावनदिन}} = \left[\frac{१००}{८७९७}\right]^{\text{भ.}}_{\text{भ.}} + \left[\frac{१}{७१४०५}\right]^{\text{क.}}$$

$$\text{भगणादि बुधशीघ्रोच्च} = \left[\frac{\text{अहर्गण} \times १००}{८७९७}\right] + \left[\frac{\text{अहर्गण}}{७१४०४}\right]^{\text{क.}}$$

सुमतितन्त्रमा दिइएको यो रूप माथि गइसक्यो ।

```
   २९२२०७
    ×८७९७
 ----------
   २०४५४४९
  २६२९८६३
 २०४५४४९
२३३७६५६
----------
२५७०५४४९७९
```

$$५ \times १२ \times ३० \times २० = ६० \times ६०० = ३६०००$$

```
३६०००) २५७०५४४९७९ (७१४०४
       २५२०००
       -------
         ५०५४४
         ३६०००
         -------
         १४५४४९
         १४४०००
         -------
           १४४९७९
           १४४०००
           -------
              ९७९
```

सुमतितन्त्रकारले बुधशीघ्रोच्चको दैनिक गति

$$= \left(\frac{१००}{८७९७}\right) \text{भगणादि} + \left(\frac{१}{७१४०४}\right) \text{कलादि}$$

दिएका छन् । सोही रीति खण्डखाद्यकमा दिइएको छ –

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बुधशीघ्रं शत१००गुणिताद्
द्युगणाद् भगणादि शशिधृतियमो२१८१नात् ।
सप्तनवस्वरवसुभिः ८७९७
कृतखमनुनगैः ७१४०४ कलाभ्यधिकम् ।।४।।

(खण्डखाद्यक ग्रहाधिकार)

[अहर्गणलाई १०० ले गुनी गुणनफलबाट २१८१ घटाउनू । शेषलाई ८७९७ ले भाग लिई भगणादि लब्धि ल्याउनू । अहर्गणलाई ७१४०४ ले भाग लिई कलादि लब्धि ल्याउनू । भगणादि लब्धि र कलादि लब्धिको योग गर्नु, बुधशीघ्रोच्च हुन्छ ।]

सुमतितन्त्रमा दिइएको रीति नै खण्डखाद्यकमा दिइएको कुरा यताबाट स्पष्ट हुन्छ ।

शत१००गुणिते बुधशीघ्रं स्वरनवसप्ताष्ट८७९७भाजिते क्रमशः ।
अत्रार्द्धपञ्चमा४ $\frac{१}{२}$ स्तत्पराश्च भगणाहताः क्षेप्याः ।।७।।

(पञ्चसिद्धान्तिका १६ अध्याय)

[अहर्गणलाई १०० ले गुनी ८७९७ ले भाग लिई भगणादि लब्धि ल्याउनू । प्रत्येक भगणमा ४ $\frac{१}{२}$ प्रतिविकला जोड्नू, भगणादि बुधशीघ्रोच्च हुन्छ ।]

अब वराहमिहिरले दिएको गतिको विषयमा विचार गरिन्छ ।

$$\frac{१}{७१४०४} \text{ कला} = \frac{६०}{७१४०४} \text{ विकला}$$

$$= \frac{६०\times ६०}{७१४०४} \text{ प्रतिविकला} = \frac{३६००}{७१४०४} \text{ प्रतिविकला}$$

$$= \frac{१}{\frac{७१४०४}{३६००}} \text{ प्रतिविकला} = \frac{१}{१९.८३४४} \text{ प्रतिविकला}$$

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri


```
१६००)  ७१४०४  (१९.८३४४
       ३६००
       ३५४०४
       ३२४००
१६०)   ३००४
       २८८०
१६)    १२४
       १०८
       १६०
       १४४
       १६०
       १४४
       १६
```

८७.९७ दिनले बुधको १ भगणपूर्ति हुन्छ।

एक दिनमा त $\frac{१}{१९.८३४४}$ प्रतिविकला भने ८७.९७ दिन रे बत्ति भनी

त्रैराशिक गर्दा

$$१ : \frac{१}{१९.८३४४} :: ८७.९७$$

$$\frac{१ \times ८७.९७}{१ \times १९.८३४४} = \frac{८७.९७}{१९.८३४४} = ४.४४$$

```
१९.८३४४)  ८७.९७ (
१९८३४४)  ८७९७०० (४.४३
          ७९३३७६
          ८६३२४०
          ७९३३७६
          ६९८६४०
          ५९५०३२
          १०३६०८
```

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यति गणितबाट १ भगणपूर्ति हुँदा ४.४४ प्रतिविकला बुधको शीघ्रोच्चको गतिमा बढ्ने देखियो। ४.४४ लाई वराहमिहिरले स्वल्पान्तरले ४ ½ मानेका छन्। यसैले अहर्गणलाई १०० ले गुनी ८७९७ ले भाग लिई भगणादि लब्धि ल्याउनू, प्रत्येक भगणमा $४\frac{१}{२}$ प्रतिविकला जोड्नू, भगणादि बुधशीघ्रोच्च हुन्छ भनी वराहमिहिरले बोलेका हुन्।

यस कारण पञ्चसिद्धान्तिकाको, सुमतितन्त्रको र खण्डखाद्यकको रीति एउटै हो। ७१४०४ दिनमा पर्ने १ कलाको अन्तरलाई कालचक्रकारले छोडिदिएका छन्। यस कारण कालचक्रको रीति पनि सोही हो।

मध्यम वृहस्पति ल्याउने रीति कालचक्रकारले ४६ श्लोकमा दिएका छन्।[५] त्यसको अर्थ यस्तो हुन्छ —

अहर्गणबाट २६०० घटाउनू, शेषलाई ४३३२ ले भाग लिनू, लब्धि भगण हुन्छ। शेषलाई २७ ले गुनी ४३३२ ले भाग लिनू, लब्धि नक्षत्र हुन्छ। शेषलाई ६० ले गुनी ४३३२ ले भाग लिनू, लब्धि घडी हुन्छ। शेषलाई ६० ले गुनी ४३३२ ले भाग लिनू, लब्धि पला हुन्छ। शेषलाई ६ ले गुनी ४३३२ ले भाग लिनू, लब्धि असु हुन्छ। भगणलाई छोडिदिनू। वृहस्पतिका नक्षत्र, घडी, पला, असु आउँछन्।

यहाँ वृहस्पतिको दैनिक गति

$$=\left\{\frac{१}{४३३२}\right\} \text{भगण}$$

हुन्छ भनी कालचक्रकारले बोलेका छन्। यस्तै कुरो सुमतितन्त्रमा पनि छ। जस्तै –

---

५. यही पुस्तकको २३ पृ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मूल पाठ

खंकेंदिन घात त्रिभाजयित्वा भगनादि लोकाश्विगुणाग्निवेदैः।।
दिग्घ्नाप्त शक्राग्नियमाश्विवर्णैं। लब्दं कले शोध्य सुरेन्द्रमन्त्री ।।...

अस्य सूत्रस्याङ्क । ...

गुरोर्गुण १० भग्नादि भाग ४३३२३ भूय गुण १० भाग ४२२३१४ फलं कले शोध्य ।।

(सुमतितन्त्र ताडपत्र १४ ख, १५ क पत्र । मुद्रित सुमतितन्त्रका २३, २४ पृ.)

संशोधित पाठ

निघ्नं खचन्द्रै १० द्युंगणं भजेत
गुणाश्विरामक्रमवारिनाथैः ४३३२३ ।
जायेत लब्धिर्भगणादिरूपा
दिग्भि १० र्हतं घस्रगणं भजेत ।।
समुद्रचन्द्राग्निभुजद्विवेदै- ४२२३१४
र्जायेत लब्धिः कलिकादिरूपा ।
भेदस्तयोर्देवपुरोहितः स्यात्

अस्य सूत्रस्याऽङ्कव्याख्या ।

अहर्गणं खचन्द्रै १० (दश) र्गुणयेत् । गुणनफलं गुणाश्विरामक्रमवारिनाथै ४३३२३ (त्रिचत्वारिंशत् सहस्राणि त्रीणि शतानि त्रयोविंशतिः) र्भजेत । लब्धिर्भगणादिका भवति । पुनरहर्गणं दिग्भि १० (दश) र्हत्वा गुणनफलं समुद्रचन्द्राग्निभुजद्विवेदै ४२२३१४ (चत्वारि लक्षाणि द्वाविंशतिः सहस्राणि त्रीणि शतानि चतुर्दश) र्भजेत ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

लब्धिः कलादिका भवति । भगणादिकाया लब्धेः कलादिका लब्धिः शोध्या । शेषं भगणादिर्मध्यमगुरुर्भवति ।

[अहर्गणलाई १० ले गुनी ४३३२३ ले भाग लिई भगणादि लब्धि ल्याउनू । अहर्गणलाई १० ले गुनी ४२२३१४ ले भाग लिई कलादि लब्धि ल्याउनू । भगणादि लब्धिबाट कलादि लब्धि घटाउनू, अहर्गणोत्पन्न मध्यम बृहस्पति हुन्छन् ।]

सुमतितन्त्रकारले

बृहस्पतिको दैनिक गति

$$= \left\{ \frac{१०}{४३३२३} \right\} \text{भगण} - \left\{ \frac{१०}{४२२३१४} \right\} \text{कला}$$

दिएका छन् ।

अब यसको उपपत्ति दिइन्छ ।

अहर्गणलाई १४५६८८० ले गुन्नू, गुणनफललाई ६३११६७१२०० ले भाग लिनू, मध्यम बृहस्पति हुन्छन् भनी सुमतितन्त्रको मध्यमग्रहसाधनको पहिलो प्रकारमा लेखिएको छ । यो कुरा माथि परिसकेको छ ।[६]

अब यसको लघुतम रूप ल्याइन्छ ।

२)	१४५६८८०	६३११६७१२००
२)	७२८४४०	३१५५८३५६००
२)	३६४२२०	१५७७९१७८००
१०)	१८२११०	७८८९५८९००
	१८२२१	७८८९५८९०

यति गणितबाट

$$\text{भगणादि मध्यम बृहस्पति} = \frac{\text{१८२११ अहर्गण}}{७८८९५८९०}$$

हुने देखियो ।

यो कुरो सुमतितन्त्रकारले स्पष्ट बोलेका छन् । जस्तै–

६. यही पुस्तकका १२६–१२७ पृ.

CC-0. In Public Domain. Digitization by eGangotri

मूल पाठ

जीवस्य द्युगणम्भिन्नं रुद्रदस्राष्टरूपकैः ।
भगनादि खाङ्कभद्राक्षगोगजाष्टनगैर्हृतम् ।।...

अस्य सूत्रस्याङ्क ...

जीवस्य द्युगण गुण १८२११ भगनादि भाग ७८८९५८९०
(सुमतितन्त्र ताडपत्र १२ क, १२ ख पत्र । मुद्रित सुमतितन्त्रका २१–२२ पृ.)

संशोधित पाठ

रुद्राश्विधृतिभि १८२११ र्निघ्नो
दिनसङ्घो विभाजितः ।
खाङ्काष्टार्थनवाष्टेभ–
सप्तभिः ७८८९५८९० स्याद् बृहस्पतिः ।।

अस्य सूत्रस्याऽङ्कव्याख्या ।

अहर्गणं रुद्राश्विधृतिभि १८२११ (अष्टादश सहस्राणि द्वे शते एकादश) गुणयेद् भाज्यराशिः स्यात् । भाज्यराशि खाङ्काष्टार्थनवाष्टेभसप्तभि ७८८९५८९० (सप्त कोटयः अष्टाशीतिः लक्षाणि पञ्चनवतिः सहस्राणि अष्टौ शतानि नवतिः) र्भजेत । लब्धिर्भगणादिर्मध्यमो बृहस्पतिर्भवेत् ।

[अहर्गणलाई १८२११ ले गुनी आएको गुणनफललाई ७८८९५८९० ले भाग लिनू, भगणादि मध्यम बृहस्पति आउँछन् ।]

$$\text{मध्यम बृहस्पति} = \frac{\text{१८२११ अहर्गण}}{\text{७८८९५८९०}}$$

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

यसको रूपान्तर ल्याइन्छ।

$$\frac{१८२११}{७८८९५८९०} = \frac{१}{\frac{७८८९५८९०}{१८२११}}$$

```
१८२११) ७८८९५८९० (४३३२.३
        ७२८४४
        ------
         ६०५१८
         ५४६३३
        ------
          ५८८५९
          ५४६३३
        ------
          ४२२६०
          ३६४२२
        ------
           ५८३८०
           ५४६३३
          ------
           ३७४७
```

```
            ४३३२३
          × १८२११
        ---------
            ४३३२३
           ४३३२३
          ८६६४६
        ३४६५८४
        ४३३२३
      -----------
       ७८८९५५१५३
```

यताबाट ४३३२३ दिनमा बृहस्पतिको १० भगणपूर्ति हुने देखियो। परन्तु ४३३२३ लब्धि लिंदा ३७४७ शेष आएको छ। यस कारण ४३३२३ दिनभन्दा अलिकता बढी दिनमा बृहस्पतिको १० भगणपूर्ति हुने देखिन्छ। ४३३२३ दिनमा १० भगणपूर्ति हुन्छ भन्दा केही स्थूलता हुन्छ। सो स्थूलता हटाउने उद्योग अब गरिन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

$$\frac{\text{१०}}{\text{४३३२३}} - \frac{\text{युगबृहस्पतिभगण}}{\text{युगसावनदिन}}$$

$$= \frac{\text{१०}}{\text{४३३२३}} - \frac{\text{१८२११}}{\text{७८८९५८९०}}$$

$$= \frac{\text{१०} \times \text{७८८९५८९०} - \text{४३३२३} \times \text{१८२११}}{\text{४३३२३} \times \text{७८८९५८९०}}$$

$$= \frac{\text{७८८९५८९००} - \text{७८८९५५१५३}}{\text{४३३२३} \times \text{७८८९५८९०}}$$

$$= \frac{\text{३७४७ भगण}}{\text{४३३२३} \times \text{७८८९५८९०}}$$

$$= \frac{\text{३७४७} \times \text{१२} \times \text{३०} \times \text{६० कला}}{\text{४३३२३} \times \text{७८८९५८९०}}$$

$$= \frac{\text{३७४७} \times \text{१२} \times \text{३०} \times \text{२ कला}}{\text{४३३२३} \times \text{२६२९८६३}}$$

$$= \frac{\text{३७४७} \times \text{१२} \times \text{१०} \times \text{२ कला}}{\text{४३३२३} \times \text{८७६६२१}} = \frac{\text{३७४७} \times \text{४} \times \text{१०} \times \text{२ कला}}{\text{४३३२३} \times \text{२९२२०७}}$$

$$= \frac{\text{२९९७६० कला}}{\text{१२६५९२८३८६१}} = \left\{ \frac{\text{१}}{\frac{\text{१२६५९२८३८६१}}{\text{२९९७६०}}} \right\} \text{कला}$$

$$= \left\{ \frac{\text{१}}{\text{४२२३१.४}} \right\} \text{कला} = \left\{ \frac{\text{१०}}{\text{४२२३१४}} \right\} \text{कला (स्वल्पान्तरले)}$$

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस कारण

$$\frac{\text{युगबृहस्पतिभगण}}{\text{युगसावनदिन}} = \left(\frac{१०}{४३३२३}\right)^{\text{भ.}} - \left(\frac{१०}{४२२३१४}\right)^{\text{क.}}$$

$$\text{भगणादि मध्यम बृहस्पति} = \left(\frac{\text{अहर्गण} \times १०}{४३३२३}\right)^{\text{भ.}} - \left(\frac{\text{अहर्गण} \times १०}{४२२३१४}\right)^{\text{क.}}$$

सुमतितन्त्रमा दिइएको यो रूप माथि गइसक्यो ।

```
   २९२२०७
   ×४३३२३
  ---------
   ८७६६२१
  ५८४४१४
 ८७६६२१
८७६६२१
११६८८२८
-----------
१२६५९२८१८६१
```

```
२९९७६०) १२६५९२८३८६१ (४२२३१.४ स्थूलपान्तरले
        ११९९०४०
        --------
          ६६८८८३
          ५९९५२०
          -------
          ६९३६३८
          ५९९५२०
          -------
          ९४११८६
          ८९९२८०
          -------
           ४१९०६१
           २९९७६०
          --------
          ११९३०१०
          ११९९०४०
          --------
           -६०३०
```

सुमतितन्त्रकारले

बृहस्पतिको दैनिक गति

$$= \left(\frac{१०}{४३३२३}\right)^{\text{भगणादि}} - \left(\frac{१०}{४२२३१४}\right)^{\text{कलादि}}$$

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिएका छन् भन्ने कुरा माथिका कुराबाट स्पष्ट भइसक्यो ।

अब खण्डखाद्यकमा दिइएको बृहस्पतिको दैनिक गतिको विषयमा विचार गरिन्छ ।

पञ्चांशोनगुणेशघ्न२११२।४८नाद्
द्युगणाद् रुदत्रिकृत४३३२लब्धम् ।
भगणादिगुरुः शशियम-
रसयमषोडशभि१६२६२१रंशोनम् ।।५।।

(खण्डखाद्यक ग्रहाधिकार)

[अहर्गणबाट २११२ $\frac{४}{५}$ घटाई शेषलाई ४३३२ ले भाग लिई भगणादि लब्धि ल्याउनू । अहर्गणलाई १६२६२१ ले भाग लिई अंशादि लब्धि ल्याउनू । भगणादि लब्धिबाट अंशादि लब्धि घटाउनू, मध्यम बृहस्पति हुन्छन् ।]

यहाँ ब्रह्मगुप्तले

बृहस्पतिको दैनिक मध्यम गति

$$= \left[\frac{१}{४३३२}\right] \text{भगण} - \left[\frac{१}{१६२६२१}\right] \text{अंश}$$

दिएका छन् ।

यस विषयमा अब विचार गरिन्छ ।

सुमतितन्त्रअनुसार

बृहस्पतिको दैनिक मध्यम गति

$$= \left\{\frac{१०}{४३३२३}\right\} \text{भगण} - \left\{\frac{१०}{४२२३१४}\right\} \text{कला}$$

$$= \left\{\frac{१}{४३३२.३}\right\} \text{भगण} - \left\{\frac{१}{४२२३१.४ \times ६०}\right\} \text{अंश}$$

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

$$= \left\{ \frac{१}{४३३२.३} \right\} \text{भग} - \left\{ \frac{१}{२५३३८८४} \right\} \text{अंश}$$

$$\frac{१}{४३३२} - \frac{१०}{४३३२३} = \frac{४३३२३-४३३२०}{४३३२ \times ४३३२३}$$

$$= \frac{३}{४३३२ \times ४३३२३} = \frac{१}{१४४४ \times ४३३२३} \text{भगण}$$

$$= \frac{३६०}{१४४४ \times ४३३२३} \text{अंश} = \frac{१२०}{१४४४ \times १४४४१} \text{अंश}$$

$$= \frac{३०}{३६१ \times १४४४१} \text{अंश} = \frac{३०}{५२१३२०१} \text{अंश}$$

```
  १४४४१
  ×३६१
--------
  १४४४१
 ८६६४६
४३३२३
--------
५२१३२०१
```

$$= \frac{३०}{५२१३२०१} \text{अंश} - \frac{१}{२५३३८८४} \text{अंश}$$

$$= \frac{७६०१६५२० - ५२१३२०१}{५२१३२०१ \times २५३३८८४} \text{अंश} = \frac{-८१२२१७२१}{५२१३२०१ \times २५३३८८४} \text{अंश}$$

$$= \frac{-८१२२१७२१}{१३२०९६४६६०२६८४} \text{अंश} = \frac{-१}{\frac{१३२०९६४८६०२६८४}{८१२२१७२१}} \text{अंश}$$

$$= \frac{-१}{१६२६२०.६} \text{अंश}$$

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri


```
         २५३३८८४
       × ५२१३२०१
     ------------
         २५३३८८४
       ५०६७७६८
      ७६०१६५२
     २५३३८८४
    ५०६७७६८
   १२६६९४२०
 ----------------
   १३२०९६४६६०२६८४
```

```
८१२२९७२१) १३२०९६४६६०२६८४ (१६२६२० ८
           ८१२२९७२१
           ---------
           ५०८६६७४५०
           ४८७३७८३२६
           ----------
            २१२८९१२४२
            १६२४५९४४२
            ----------
             ५०४३१८००६
             ४८७३७८३२६
             ----------
              १६९३९६८०८
              १६२४५९४४२
              ----------
                ६९३७३६६४०
                ६४९८३७७६८
                ----------
                 ४३८९८८७२
```

यताबाट

बृहस्पतिको दैनिक मध्यम गति

$$= \left\{ \frac{१}{४३३२} \right\}^{\text{भगण}} - \left\{ \frac{१}{१६२६२१} \right\}^{\text{अंश}}$$

हुने देखिन्छ ।

ब्रह्मगुप्तले यही रूप दिएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जीवस्य शता१००भ्यस्तं
द्वित्रियमाग्नित्रिसागरै ४३३२३२ विभजेत् ... ॥२॥
दश१० दश१० भगणे भगणे
संशोध्यास्ततपराः सुरेज्यस्य ... ॥४॥

(पञ्चसिद्धान्तिका १६ अध्याय)

[अहर्गणलाई १०० ले गुनी ४३३२३२ ले भाग लिई भगणादि लब्धि ल्याउनू। प्रत्येक भगणमा १०, १० प्रतिविकला घटाउनू, भगणादि मध्यम बृहस्पति हुन्छन् ।]

वराहमिहिरले दिएको बृहस्पतिको दैनिक मध्यम गतिको विषयमा अब विचार गरिन्छ ।

$$\frac{१०}{४३३२३} - \frac{१००}{४३३२३२} = \frac{४३३२३२० - ४३३२३००}{४३३२३ \times ४३३२३२}$$

$$= \frac{२०}{४३३२३ \times ४३३२३२} = \frac{१०}{४३३२३ \times २१६६१६}$$

$$= \frac{५}{४३३२३ \times १०८३०८} \text{ भगण}$$

$$= \frac{५ \times १२ \times ३० \times ६०}{४३३२३ \times १०८३०८} \text{ कला} = \frac{५ \times ६ \times ३० \times ६०}{४३३२३ \times ५४१५४} \text{ कला}$$

$$= \frac{५ \times ३ \times ३० \times ६०}{४३३२३ \times २७०७७} \text{ कला} = \frac{५ \times १० \times ६०}{१४४४१ \times २७०७७} \text{ कला}$$

$$= \frac{३०००}{३९१०१८९५७} \text{ कला}$$

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

$$\begin{array}{r} १४४४१ \\ \times २७०७७ \\ \hline १०१०८७ \\ १०१०८७ \\ १०१०८७ \\ २८८८२ \\ \hline ३९१०१८९५७ \end{array}$$

$$\frac{९०००}{३९१०१८९५७} - \frac{१०}{४२२३१४}$$

$$= \frac{३८००८२६००० - ३९१०१८९५७०}{३९१०१८९५७ \times ४२२३१४}$$

$$= \frac{-१०९३६३५७०}{३९१०१८९५७ \times ४२२३१४}$$

$$= \frac{-५४६८१७८५}{३९१०१८९५७ \times २११९५७} \text{ कला}$$

$$= \frac{-५४६८१७८५ \times ६० \times ६०}{३९१०१८९५७ \times २११९५७} \text{ प्रतिविकला}$$

$$= \frac{-१९६८५४४२६०००}{८२५६६१३८९९०३२४९}$$

$$= \frac{-१}{\dfrac{८२५६६१३८९९०३२४९}{१९६८५४४२६०००}}$$

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

$$= \frac{-१}{४१९.४३}$$

```
   ५४६८१७८५
        ×६०
-----------
 ३२८०९०७१००
        ×६०
-----------
१९६८५४४२६०००

   ३९१०१८९५७
    ×२११९५७
-------------
   २७३७१३२६९९
  १९५५०९४७८५
  ३९१०१८९५७
 ३९१०१८९५७
३९१०१८९५७
७८२०३७९१४
-----------------
८२५६६३८९९०१२४९

१९६८५४४२६०००) ८२५६६३८९९०१२४९ (४१९.४३
               ७८७४१७७०४०००
               -------------
                ३८२४६१९५०३२४
               १९६८५४४२६०००
               -------------
               १८५६०७५२४३२४९
               १७७१६८९८३४०००
               --------------
१९६८५४४२६००)     ८४३८५४०९२४९
                 ७८६८५४४२६००
                 ------------
१९६८५४४२६०)      ५६९९९६६६४९
                 ३९३७०८८५२०
                 -----------
                 १७६२८७८१२९
```

४३३२.१२ दिनमा वृहस्पतिको १ भगण पूरा हुन्छ । यस कारण

CC-0. In Public Domain. Digitization by eGangotri
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१ दिनमा त $\frac{-१}{४१६.४३}$ अन्तर पर्छ भने ४३३२.३२ दिनमा कति अन्तर पर्ला भनी त्रैराशिक गर्दा

$$१ : \frac{-१}{४१६.४३} : : ४३३२.३२$$

$$\frac{-१ \times ४३३२.३२}{१ \times ४१६.४३} = \frac{४३३२.३२}{४१६.४३}$$

$$= १०.३ \text{ प्रतिविकला}$$

४१६.४३) ४३३२.३२ (

४१६४३) ४३३२३२ (१०.३
४१६४३
१३८०२०
१२४८२६
१२१९१

यस कारण वराहमिहिरले

बृहस्पतिको दैनिक मध्यम गति

$$= \left(\frac{१००}{४३३२३२} \right) \text{ भगण} - \text{भगणपीछे १० प्रतिविकला}$$

हुन्छ भनी बोले।

बृहस्पतिको दैनिक मध्यम गति

वराहमिहिरले

$$\left\{ \frac{१००}{४३३२३२} \right\} \text{ भगण} - \text{भगणपीछे १० प्रतिविकला}$$

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुमतितन्त्रकारले

$$\left\{\frac{१०}{४३३२३}\right\} \text{भगण} - \left\{\frac{१०}{४२२३१४}\right\} \text{कला}$$

ब्रह्मगुप्तले

$$\left\{\frac{१}{४३३२}\right\} \text{भगण} - \left\{\frac{१}{१६२६२१}\right\} \text{अंश}$$

कालचक्रकारले

$$\left\{\frac{१}{४३३२}\right\} \text{भगण}$$

भनी बोले ।

कालचक्रकारले अहर्गणलाई ४३३२ ले भाग लिनू. अहर्गणोत्पन्न भगणादि मध्यम बृहस्पति हुन्छन् भन्ने बोली १६२६२१ दिनमा पर्ने १ अंशरूप अन्तरलाई छाडिदिएका छन् । वास्तवमा यी चारै ग्रन्थका सूत्र एउटै हुन् ।

शुक्रशीघ्रोच्च ल्याउने रीति कालचक्रकारले ४७ श्लोकमा दिएका छन् ।[७] त्यसको अर्थ यस्तो हुन्छ–

अहर्गणलाई १० ले गुनी गुणनफलबाट ८४ घटाउनू, शेषलाई २२४७ ले भाग लिनू, लब्धि भगण हुन्छ । शेषलाई २७ ले गुनी २२४७ ले भाग लिनू, लब्धि नक्षत्र हुन्छ । शेषलाई ६० ले गुनी २२४७ ले भाग लिनू, लब्धि घडी हुन्छ । शेषलाई ६० ले गुनी २२४७ ले भाग लिनू, लब्धि पला हुन्छ । शेषलाई ६ ले गुनी २२४७ ले भाग लिनू, लब्धि असु हुन्छ । भगणलाई छोडिदिनू । शुक्रशीघ्रोच्चका नक्षत्र, घडी, पला, असु आउँछन् ।

यहाँ

शुक्रशीघ्रोच्चको दैनिक गति

७. यही पुस्तकका २१–२४ पृ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

$$= \left\{ \frac{१०}{२२४७} \right\}$$ भगण

हुन्छ भनी कालचक्रकारले बोलेका छन् ।
यस्तै कुरो सुमतितन्त्रमा पनि छ । जस्तै-

मूल पाठ

आकाशरूपैर्द्युगणम्प्रगुण्य भग्नादि भाज्या मुनिबुद्धदस्रैः ।
खध्नन्तु पिण्डाब्दिखसप्तबातैः । भक्तांशके योज्य सितस्य शीघ्रं ।।..
अस्य सूत्रस्याङ्क ।...

शुक्रस्य गुण १० भग्नादि भाग २२४७ भूय गुण १० भाग ७७०४२८ फलांश - योज्य ।।

(सुमतितन्त्र ताडपत्र १४ ख, १५ क पत्र । मुद्रित सुमतितन्त्रका २३,२४ पृ.)

संशोधित पाठ

आकाशरूपै १० द्युगणं निहत्य
भजेत सप्तश्रुतिबाहुदस्रैः २२४७ ।
जायेत लब्धिर्भगणादिरूपा
दिग्भि १० र्हतं घस्रगणं भजेत ।।
नागद्विवेदाभ्रतुरङ्गशैलै-७७०४२८
रंशादिका लब्धिरियं निरुक्ता ।
योगस्तयोः स्यात् सितशीघ्रतुङ्गम्

अस्य सूत्रस्याङ्कव्याख्या ।

अहर्गणं व्योमरूपै १० (दश) र्गुणयेत् । गुणनफलं सप्तश्रुतिबाहुदस्रै २२४७ (द्वे सहस्रे द्वे शते सप्तचत्वारिंशत्) र्भजेत । लब्धिर्भगणादिका भवति । पुनरहर्गणं दिग्भि १० (दश) र्गुणयेत् । गुणनफलं नागद्विवेदाभ्रतुरङ्ग-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

शैलै ७७०४२८ (सप्त लक्षाणि सप्ततिः सहस्राणि चत्वारि शतानि अष्टाविंशतिः) भंजेत । लब्धिरंशादिका भवति । भगणादिकायां लब्धावंशादिका लब्धिर्योज्या । योगफलं भगणादि शुक्रशीघ्रोच्चं भवति ।

[अहर्गणलाई १० ले गुनी २२४७ ले भाग लिई भगणादि लब्धि ल्याउनू । अहर्गणलाई १० ले गुनी ७७०४२८ ले भाग लिई अंशादि लब्धि ल्याउनू । भगणादि लब्धि र अंशादि लब्धिको योग गर्नू, अहर्गणोत्पन्न शुक्रशीघ्रोच्च हुन्छ ।]

सुमतितन्त्रकारले

शुक्रशीघ्रोच्चको दैनिक गति

$$=\left\{\frac{१०}{२२४७}\right\} \text{भगण} + \left\{\frac{१०}{७७०४२८}\right\} \text{अंश}$$

दिएका छन् ।

अब यसको उपपत्ति दिइन्छ ।

अहर्गणलाई २८०८९५५२ ले गुन्नू, गुणनफललाई ६३११६७१२०० ले भाग लिनू, भगणादि शुक्रशीघ्रोच्च हुन्छ भनी सुमतितन्त्रको मध्यमग्रहसाधनको पहिलो प्रकारमा लेखिएको छ । यो कुरा माथि परिसकेको छ ।[८]

अब यसको लघुतम रूप ल्याइन्छ ।

२)	२८०८९५५२	६३११६७१२००
२)	१४०४४७७६	३१५५८३५६००
२)	७०२२३८८	१५७७९१७८००
२)	३५१११९४	७८८९५८९००
३)	१७५५५९७	३९४४७९४५०
	५८५१९९	१३१४९३१५०

---

८. यही पुस्तकको १२७ पृ.

CC-0. In Public Domain. Digitization by eGangotri

यति गणितबाट

भगणादि शुक्रशीघ्रोच्च $= \dfrac{\text{५८५१९९ अहर्गण}}{\text{१३१४९३१५०}}$

हुने देखियो।

यो कुरो सुमतितन्त्रकारले स्पष्टै बोलेका छन् । जस्तै–

मूल पाठ

भार्ग्गवस्य दिनं घातं गोगोक्वक्षाष्टपञ्चभिः ।
भग्नादि खेषुरूपाग्निच्छिद्रशक्रजयैर्हृतं ।। ...
अस्य सूत्रस्याङ्क ...
सितस्य द्युगण ५८५१९९ भाग्नादि भाग १३१४९३१५०।।

(सुमतितन्त्र ताडपत्र १२ क, ख पत्र । मुद्रित सुमतितन्त्रका २१, २२ पृ.)

संशोधित पाठ

नवाङ्कभूशराष्टाथैं ५८५१९९–
र्निघ्नो दिनगणो हृतः ।
खतिथ्यग्निनवेन्द्राग्नि–
चन्द्रै १३१४९३१५० रुच्चं चलं कवेः ।।

अस्य सूत्रस्याऽङ्कव्याख्या ।

अहर्गणं नवाङ्कभूशराष्टार्थैं ५८५१९९ (पञ्च लक्षाणि पञ्चाशीतिः सहस्राणि एकं शतं नवनवतिः) र्गुणयेत् । भाज्यराशिः स्यात् । भाज्यराशि खतिथ्यग्निनवेन्द्राग्निचन्द्रै १३१४९३१५० (त्रयोदश कोटयः चतुर्दश लक्षाणि त्रिनवतिः सहस्राणि एकं शतं पञ्चाशत्) र्भजेत । लब्धिर्भगणादि शुक्रशीघ्रोच्चं भवेत् ।

[अहर्गणलाई ५८५१९९ ले गुणी आएको गुणनफललाई १३१४९३१५० ले भाग लिनू, भगणादि शुक्रशीघ्रोच्च आउँछ ।]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

$$\text{शुक्रशीघ्रोच्च} = \frac{\text{५८५१९९ अहर्गण}}{\text{१३१४९३१५०}}$$

यसको रूपान्तर ल्याइन्छ।

$$\frac{\text{५८५१९९}}{\text{१३१४९३१५०}} = \frac{\text{१}}{\frac{\text{१३१४९३१५०}}{\text{५८५१९९}}}$$

५८५१९९) १३१४९३१५० (२२४.७
११७०३९८
———
१४४५३३५
११७०३९८
———
२७४९३७०
२३४०७९६
———
४०८५७४०
४०९६३९३
———
−१०६५३

५८५१९९
× २२४७
———
४०९६३९३
२३४०७९६
११७०३९८
११७०३९८
———
१३१४९४२१५३

यतावाट २२४७ दिनमा शुक्रशीघ्रोच्चको १० भगणपूर्ति हुने देखियो। परन्तु २२४७ लब्धि लिंदा ऋण १०६५३ शेष आएको छ। यस कारण २२४७ दिनभन्दा अलिकता थोरै दिनमा शुक्रशीघ्रोच्चको १० भगणपूर्ति हुने देखिन्छ। २२४७ दिनमा १० भगणपूर्ति हुन्छ भन्दा केही स्थूलता हुन्छ। सो स्थूलता हटाउने उद्योग अत्र गरिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

$$\frac{\text{युगशुक्रशीघ्रोच्चभगण}}{\text{युगसावनदिन}} - \frac{१०}{२२४७}$$

$$= \frac{५८५१९९}{१३१४६३१५०} - \frac{१०}{२२४७}$$

$$= \frac{५८५१९९ \times २२४७ - १३१४६३१५० \times १०}{१३१४६३१५० \times २२४७}$$

$$= \frac{१३१४९४२१५३ - १३१४६३१५००}{१३१४६३१५० \times २२४७}$$

$$= \frac{१०६५३ \text{ भ.}}{१३१४६३१५० \times २२४७}$$

$$= \frac{१०६५३ \times १२ \times ३० \text{ अं.}}{१३१४६३१५० \times २२४७} = \frac{१०६५३ \times १२ \text{ अं.}}{४३८२१०५ \times २२४७}$$

$$= \frac{१०६५३ \times ४ \text{ अं.}}{१४६१०३५ \times २२४७} = \frac{३५५१ \times ४ \text{ अं.}}{१४६१०३५ \times ७४९}$$

$$= \frac{१४२०४ \text{ अं.}}{१०९४३१५२१५} = \left\{\frac{१}{\frac{१०९४३१५२१५}{१४२०४}}\right\}^{\text{अं.}}$$

$$= \left\{\frac{१}{७७०४२.८}\right\}^{\text{अं.}} \text{(स्वल्पान्तरले)} = \left\{\frac{१०}{७७०४२८}\right\}^{\text{अं.}}$$

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस कारण

$$\frac{\text{युगशुक्रशीघ्रोच्चभगण}}{\text{युगसावनदिन}} = \left\{\frac{१०}{२२४७}\right\}^{\text{भ.}} + \left\{\frac{१०}{७७०४२८}\right\}^{\text{अं.}}$$

$$\text{भगणादि शुक्रशीघ्रोच्च} = \left\{\frac{\text{अहर्गण} \times १०}{२२४७}\right\}^{\text{भ.}} + \left\{\frac{\text{अहर्गण} \times १०}{७७०४२८}\right\}^{\text{अं.}}$$

सुमतितन्त्रमा दिइएको यो रूप माथि गइसक्यो ।

```
    १४६१०३५·
       ×७४९
  ----------
   १३१४९३१५
   ५८४४१४०
 १०२२७२४५
 -----------
 १०९४३१५२१५
```

```
१४२०४)१०९४३१५२१५(७७०४२.७५ स्वल्पान्तरले
        ९९४२८
       --------
        १०००३५
         ९९४२८
        --------
          ६०७२१
          ५६८१६
          -------
          ३९०५५
          २८४०८
          -------
          १०६४७०
           ९९४२८
          --------
            ७०४२०
            ७१०२०
           -------
             -६००
```

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुमतितन्त्रकारले बुधशीघ्रोच्चको दैनिक गति

$$= \left\{ \frac{१०}{२२४७} \right\}^{\text{भगणादि}} + \left\{ \frac{१०}{७७०४२८} \right\}^{\text{अंशादि}}$$

दिएका छन् । सोही रीतको नगीचको रूप खण्डखाद्यकमा दिइएको छ। जस्तै–

> **पादयुतागगुणो३७।१५नात्**
> **दश१०गुणितान्मण्डलादि सितशीघ्रम् ।**
> **मुनिजिनयमलैः२२४७ सांशं**
> **व्यर्कनगात्७१२ त्रिकृतखनगागैः७७०४३ ।।६।।**

(खण्डखाद्यक ग्रहाधिकार)

[अहर्गणबाट ३७¼ घटाई शेषलाई १० ले गुनी गुणनफललाई २२४७ ले भाग लिई भगणादि लब्धि ल्याउनू । अहर्गणबाट ७१२ घटाई शेषलाई ७७०४३ ले भाग लिई अंशादि लब्धि ल्याउनू । भगणादि लब्धिमा अंशादि लब्धि जोड्नू, शुक्रशीघ्रोच्च हुन्छ ।]

यहाँ ब्रह्मगुप्तले
शुक्रशीघ्रोच्चको दैनिक गति

$$= \left(\frac{१०}{२२४७} \right)^{\text{भगण}} + \left(\frac{१}{७७०४३} \right)^{\text{अंश}}$$

दिएका छन् ।

यहाँ

$$\left(\frac{१}{७७०४३} \right)^{\text{अंश}}$$ दिइएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुमतितन्त्रमा

$$\left\{ \frac{१०}{७७०४२८} \right\}$$ अंश दिइएको छ।

यसरी २८ को ठाउँमा ३० ब्रह्मगुप्तले लिएको देखिन्छ। अरू रूप उस्तै हो।

सितशीघ्रं दश१०गुणिते
द्युगणे भक्ते स्वरार्णवाश्वियमैः२२४७।
अर्द्धैकादश१०½ देया
विलिप्तिका भगणसंगुणिताः ॥८॥

(पञ्चसिद्धान्तिका १६ अध्याय)

[अहर्गणलाई १० ले गुनी २२४७ ले भाग लिई भगणादि लब्धि ल्याउनु। प्रत्येक भगणमा १०½ विकला जोड्नु, भगणादि शुक्रशीघ्रोच्च हुन्छ।]

यस विषयमा अब विचार गरिन्छ।

$$\frac{१०}{७७०४२८} \text{ अंश} = \frac{१० \times ६०}{७७०४२८} \text{ कला}$$

$$= \frac{१० \times ६० \times ६०}{७७०४२८} \text{ विकला} = \frac{५ \times ६० \times ६०}{३८५२१४} \text{ विकला}$$

$$= \frac{५ \times ३० \times ६०}{१९२६०७} \text{ वि.} = \frac{९०००}{१९२६०७} \text{ वि.} = \frac{१}{\frac{१९२६०७}{९०००}} \text{ वि.}$$

$$= \frac{१}{२१.४०१} \text{ विकला}$$

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri


```
६०००) १९२६०७ (२१.४०१
      १८०००
      ------
       १२६०७
       ६०००
       ------
 ६००)  ३६०७
       ३६००
       ------
  ६०)     ७
   ६)
```

शुक्रशीघ्रोच्चको भगणपूर्ति २२४.७ दिनमा हुन्छ ।

१ दिनमा त $\frac{१}{२१.४०१}$ विकला अन्तर पर्छ भने २२४.७ दिनमा कति अन्तर पर्ला भनी त्रैराशिक गर्दा

$$१ : \frac{१}{२१.४०१} : : २२४.७$$

$$\frac{१ \times २२४.७}{१ \times २१.४०१} = \frac{२२४.७}{२१.४०१}$$

$$= १०.५ \text{ विकला}$$

```
२१.४०१) २२४.७ (
२१४०१) २२४७०० (१०.४
        २१४०१
        ------
         १०६९००
          ८५६०४
         ------
          २१२९६
```

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस कारण वराहमिहिरले
शुक्रशीघ्रोच्चको दैनिक गति

$$= \left\{ \frac{१०}{२२४७} \right\} \text{ भगण} + \text{भगणपीछे } १०\tfrac{१}{२} \text{ विकला}$$

हुन्छ भनी बोले ।

शुक्रशीघ्रोच्चको दैनिक गति
वराहमिहिरले

$$\left\{ \frac{१०}{२२४७} \right\} \text{ भगण} + \text{भगणपीछे } १०\tfrac{१}{२} \text{ विकला}$$

सुमतितन्त्रकारले

$$\left\{ \frac{१०}{२२४७} \right\} \text{ भगण} + \left\{ \frac{१०}{७७०४२८} \right\} \text{ अंश}$$

ब्रह्मगुप्तले

$$\left\{ \frac{१०}{२२४७} \right\} \text{ भगण} + \left\{ \frac{१}{७७०४३} \right\} \text{ अंश}$$

कालचक्रकारले

$$\left\{ \frac{१०}{२२४७} \right\} \text{ भगण}$$

हुन्छ भनी बोले ।

कालचक्रकारले अहर्गणलाई १० ले गुनी २२४७ ले भाग लिनू, अहर्गणोत्पन्न भगणादि शुक्रशीघ्रोच्च हुन्छ भन्ने बोली ७७०४२८ दिनमा पर्ने १० अंशरूप अन्तरलाई छोडिदिएका छन् । वास्तवमा यी चारै ग्रन्थका सूत्र एउटै हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मध्यम शनैश्चर ल्याउने रीति कालचक्रकारले ४८ श्लोकमा दिएका छन् ।[१] त्यसको अर्थ यस्तो हुन्छ—

अहर्गणबाट ४८२० घटाउनू, शेषलाई १०७६६ ले भाग लिनू, लब्धि भगण हुन्छ । शेषलाई २७ ले गुनी १०७६६ ले भाग लिनू, लब्धि नक्षत्र हुन्छ । शेषलाई ६० ले गुनी १०७६६ ले भाग लिनू, लब्धि घडी हुन्छ । शेषलाई ६० ले गुनी १०७६६ ले भाग लिनू, लब्धि पला हुन्छ । शेषलाई ६ ले गुनी १०७६६ ले भाग लिनू, लब्धि असु हुन्छ । भगणलाई छाडिदिनू । शनैश्चरका नक्षत्र, घडी, पला, असु आउँछन् ।

यहाँ

शनैश्चरको दैनिक गति

$$= \left\{ \frac{१}{१०७६६} \right\} \text{ भगण}$$

हुन्छ भनी कालचक्रकारले बोलेका छन् । यस्तै कुरो सुमतितन्त्रमा पनि छ । जस्तै—

मूल पाठ

अहर्गणं भानुसुतस्य भग्ना भवन्तु कोषर्तुनगाभ्ररूपैः ।
भाजयन्तु न-ब्दिजलाब्दिनागैः । तम्भवत लब्दे रविशोध्य लिप्ते ।।

अस्य सूत्रस्याङ्क । . . .

सौरस्य भग्नादि भाग १०७६६ भूय भाग ८०४४९— फल लिप्त शोध्य ।।

(सुमतितन्त्र १४ ख, १५ क पत्र । मुद्रित सुमतितन्त्रका २३,२४ पृ.)

संशोधित पाठ

भक्तो रसाङ्गस्वरशून्यचन्द्रै १०७६६—
रहर्गणः स्याद् भगणादिरूपः ।
छिद्राब्धिवेदाभ्रगजै ८०४४९ र्विभक्तो
दिवागणः स्यात् कलिकादिरूपः ।।
त्यजेत् कलाद्यं भगणादिकात् स्याद्
मध्याभिधानस्तरणेस्तनूजः ।

